# अध्याय–एक

## परिचय

### १.१ पृष्ठभूमि

संस्कृत-नेपाली बृहत शब्दकोषमा संस्कारलाई शुद्धी वा चोखो पार्ने कामको रुपमा परिभाषित गरिएको छ । तर शाब्दीक अर्थले यसलाई पूर्ण रुपमा परिभाषित गर्न सक्दैन । समाजशास्त्रीय तथा मानवशास्त्रीय दृष्टिकोणबाट हेर्ने हो भने संस्कारलाई समाज र संस्कृतिको एउटा भागको रुपमा लिएको पाइन्छ जसमा यी संस्कारहरुले आ-आफ्नै सांकेतीक अर्थहरु बोकेको हुन्छ । ती सामाजिक तथा सांस्कृतिक सन्दर्भ अनुसार भिन्न भिन्न हुने गर्दछ ।

समाजका हरेक जाति भित्र  विभिन्न प्रकारका चाडपर्व, संस्कार, रीतिरीवाजहरु हुन्छन् । तिनै चाडपर्व, संस्कार वा रीतिरीवाजको माध्यमद्वारा मानवले अलौकिक माथि सम्वन्ध स्थापना गर्दछ । यी चाडपर्व, संस्कारहरुमा विभिन्न  प्रकारका वस्तुहरुको प्रयोग गरेको हुन्छ, जसले भिन्न भिन्न किसिमका प्रतीकात्मक अर्थहरु बोकेको हुन्छ । गीर्ज (१९७३) का अनुसार संस्कृति मानिसहरुको दिमागमा वन्द भएको वस्तु नभएर सार्बजनिक प्रतिकको रुपमा प्रकट हुने गर्दछ । तिनीहरुले एउटा मात्र अर्थ नबोकी धेरै प्रकारका सामाजिक, सांस्कृतिक अर्थहरु बोकेको हुन्छ । त्यसको माध्यमद्वारा समाजको सामाजिक प्रक्रिया र यथार्थलाई बुझ्न सकिन्छ ।

नेपाल एक बहुजातिय, बहुधार्मिक, बहुसाँस्कृतिक देश हो । यिनै बहुसाँस्कृतिक भित्र रहेका विभिन्न जातजातिले अवलम्बन गर्ने चाडपर्व, उत्सव, मेला, तथा संस्कार आ-आफ्नै छन् । यी चाडपर्व तथा संस्कारले समुदायका सदस्यहरु जस्तै महिला तथा पुरुष, वृद्ध तथा युवा र केटाकेटी आदिको सहभागिता रहने परम्पराले समाजको विशिष्ट परम्परा र एकतालाई परिभाषित गरेको र समाज कसरी एक अर्कामा जेलिएर रहन सकेको छ भन्ने कुरा व्याख्या पाइन्छ (नेपाली, १९६५) । नेपालमा रहेका विविध आदिवासी जनजातीहरु मध्ये राई जाति पनि एक हो  । यस जातिको आफ्नो छुट्टै धर्म, भाषा, भेषभुषा, रहनसहन, संस्कृति, सामाजिक मूल्यमान्यता भएको पाइन्छ । राईहरुमा पनि बान्तवा, चाम्लिङ, रुम्दाली, थुलुङ, कुलुङ, खालिङ, दुमी, पुमा, साङपाङ, वाङ्देल, कोयु आदि अनेकौ थर भएका हुनाले

यी सबै राईहरुको सामाजिक सांस्कृतिक संस्कारका विधि तौरतरिका फरक फरक रहेको हुन सक्छ ।

राईहरुका विभिन्न थरहरुमध्ये बान्तवा राई पनि एक हो । यि बान्तवा राईहरुको मातृभाषा बान्तवा भाषा हो । यस बान्तवा राईहरुको आफ्नै छुट्टै किसिमको सामाजिक रहन सहन तथा रीतिरीवाजहरु अवलम्बन गर्ने गर्दछन् भने आफ्नै जातिगत पहिचान बोकेको धार्मिक संस्कार, संस्कृति, परम्परा र चाडपर्वहरु मनाउछन् । ति चाडपर्व वा संस्कारहरु मध्ये 'साकेन्वा' बान्तवा राईहरुको आदिम पहिचानसँग गासिएको एक महत्वपूर्ण संस्कार तथा चाड हो । (मुकारुङ, २०६१) । त्यसैले साकेन्वा चाड किराँत बान्तवा राई जातिको धर्म, संस्कृति, साहित्य, इतिहास र भाषासँग पनि जोडिएको छ (मुकारुङ, २०६१, हतुवाली, २०६४) । विविध थर, पाछ्रा (गोत्र), भाषा र संस्कृतिमा विभाजित राईजातिले साकेन्वा चाडलाई आ-आफ्नै भाषामा विभिन्न नामले बोलाउने गरेको पाइन्छ । विभिन्न नामले बोलाइने साकेन्वाको अर्थ शिला हो ( वालाखाम्छा, २०४९) । यो शिलाले भिन्न भिन्न सामाजिक तथा साँस्कृतिक अर्थहरु बोकेको हुन्छ । जसलाई समाजशास्त्रीय तथा मानवशास्त्रीय दृष्टिकोणबाट अध्ययन गरिएको छ ।

यो अनुसन्धान भोजपुर थिदिंखा गाउँ विकास समितिमा बसोबास गर्ने बान्तवा राई समुदायले मनाउने साकेन्वा चाडको बारेमा अध्ययन गरिएको छ । परम्परागत रुपमा मनाउदै आएको साकेन्वा चाडले बान्तवा राई समुदायका सामाजिक तथा सांस्कृतिक महत्वको बारेमा यो अध्ययन केन्द्रित गरिएको छ । यसैगरी साकेन्वा पूजा गर्ने विधि र अर्थहरुको बारेमा अनुसन्धान केन्द्रित गरिएको छ । [1][2]

---

1. बान्तवा – उँधोखोले हतुवा, आम्चोक (सिक्तेल खोला दक्षिण) साकेन्वा, उँभोखोला दिल्पा, छिनामखुङ (सिक्तेल खोला उतर) साकेवा, चाम्लिङ – साकेला, थुलुङ – तोषी, कोइच (सुनुवार/ मुखिया) – ष्याँदर, कोयु/कोयी – साकेल, दुमी –साखेल, साकेल, खालिङ – तोष, पुमा – साकेन्वा, नेवाहाङ (वुङलावा) – साक्खेवा आदि भनिन्छ ।

2. किराँत बान्तवा राई भाषामा साकेन्वाको शाब्दीक अर्थ साप्टेन = प्राणी, जगत, दुनिया, संसार र केन्वा (पालक, र रक्षक) भन्ने हुन्छ । सा= साँयाताली (प्रतिष्ठाको प्रतीक हुन) केन= वाजा, ढोल, झ्याम्टा र वा = पानी अर्थात धनुष्काड ढोल झ्याम्टा लिई पारुहाङ र सुम्निमा, जीवनदाता हेन्खामा (धर्ती) र निनाम्मा (आकाश) लगायत संरक्षक मृत पृतात्माको प्रतीक मानिन्छ (हतुवाली, २०६४ ) ।

## १.२ समस्याको कथन

कुनै पनि जातिको अस्तित्व उसको धर्म, भाषा र संस्कृतिको आडमा हुन्छ (टर्नर, १९६८) । यस्तो विविध कुराले नै एक जातिलाई अर्को जातिबाट पृथक राख्दछ । यसरी विविध जाति मध्ये किराँत बान्तवा राई जातिको महत्वपूर्ण चाड साकेन्वा चाडले राई समाजको सामाजिक सम्बन्ध र मूल्यमान्यता जोगाई राख्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । तर बर्तमान समयको बदलिँदो परिवेशमा किराँत राईहरुको धर्म, चाडपर्व तथा संस्कारका कुराहरुमा एकरुपता पाइदैन । यही विविधताका कारणले गर्दा चाडपर्व तथा संस्कारहरुको मौलिकता र महत्व समाजमा कसरी प्रभाव परेको छ त्यसलाई सूक्ष्म रुपमा अध्ययन गर्न जरुरी छ ।

समाजशास्त्रीय तथा मानवशास्त्रीय आधारमा कुनै पनि समाजलाई बुझ्नको लागि त्यहि समाजको साँस्कृतिक चाडपर्व तथा संस्कारलाई बुझ्नु पर्छ र बुझ्न सकिन्छ पनि (अर्ट्नर, १९७८) । यसरी साङ्केतीक/प्रतीकवादी समाजशास्त्रीय तथा मानवशास्त्रीय अनुसार प्रत्येक समुदाय भित्र रहेका चाडपर्व, भेला, उत्सव, जन्मदेखि मृत्युसम्म गरिने क्रियाकलाप, संस्कारहरुमा प्रतीकात्मक अर्थ हुन्छ । जसलाई संस्कृतिबाट अलग गरेर ब्याख्या गर्न सकिदैन । संस्कृति पिच्छे मानिसले प्रयोग गर्ने वस्तुहरुको प्रतीकात्मक अर्थहरु हुन सक्छ अथवा एउटै प्रतीकले धेरै अर्थलाई समेट्न सक्छ । त्यसरी नै बान्तवा राई जातिमा पनि साकेन्वा किन मनाउँछ ? साकेन्वा चाड राई समुदायमा सामाजिक तथा साँस्कृतिक पक्षसँग कसरी जोडिएको छ ? यस चाडको सामाजिक सांस्कृतिक अर्थ के हो ? त्यस चाडमा प्रयोग गरिने विभिन्न बस्तुहरु जस्तै–ढोल, झ्याम्टा, तरवार, भाला, अदुवा, चिण्डोको प्रयोग गर्नुको अर्थ के हो ? किन प्रयोग गरिन्छ ? पुजारीले कस्तो पोशाक लगाउछ ? पोशाकले के अर्थ बोक्छ ? साकेन्वा नाच नाच्दा कुन कुन सिलीको प्रयोग गरिन्छ ? त्यसले कस्तो अर्थ बोकेको हुन्छ ? त्यसको अर्थ केलाउनु समाजशास्त्रीय दृष्टिकोणबाट अध्ययन गर्नु आफैमा महत्वपूर्ण छ ।

नेपालमा जनजाति सम्वन्धी अध्ययन धेरै भएको पाईन्छ (नेपाली, १९६५, दाहाल, १९८५, तामाङ, २०५९) । त्यसमा पनि राईको बारेका गरिएका अध्ययनहरु जस्तैः आठपहरिया राईहरुको बारेमा अध्ययन गरेका थिए (दाहाल, १९८५) । त्यसैगरी डोर बहादुर

विष्टको सबैजातको फूलबारी नामक पुस्तकमा राईहरुको बारेमा अध्ययन गरेको पाइन्छ तर राईहरुको संस्कारको बारेमा अध्ययन गरिएको पाइन्दैन ।

नेपालमा विभिन्न सैद्धान्तिक दृष्टिकोणहरुको अध्ययन भएको पाइन्छ । त्यस मध्ये सांकेतीक सैद्धान्तिक दृष्टिकोणबाट नेपालमा केही विद्वानहरु जस्तैः अर्टनर (१९७८) ले हिमाली सोलुखुम्बु जिल्लाको शेर्पा जातिको संस्कारको बारेमा अध्ययन गरेकी थिइन । त्यसैगरी होम्वर्ग (१९८९) ले नेपालको काठमाण्डौंबाट उत्तर पश्चिम भागमा अवस्थित तामाङ समुदायको चाडपर्व तथा संस्कारको बारेमा अध्ययन गरेको पाइन्छ । त्यसैगरी राई जातिमा पनि विभिन्न प्रकारका चाडपर्व तथा संस्कारहरु रहेको पाइन्छ । तर त्यसका बारेमा प्रतीकात्मक सैद्धान्तिक दृष्टिकोणबाट अध्ययन भएको पाइन्दैन । त्यसैले यस अध्ययनमा साकेन्वा चाडलाई केन्द्रविन्दु मान्दै सांकेतीक/ प्रतीकात्मक सैद्धान्तिक दृष्टिकोणबाट हेर्न खोजिएको छ । साथै निम्न प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरेकी छु ।

(१) साकेन्वाले कस्तो सामाजिक, सांस्कृतिक अर्थ बोक्छ ?

(२) साकेन्वा चाडसँग राईजातिको सामाजिक, साँस्कृतिक सम्बन्ध कसरी जोडिएको छ ?

(३) साकेन्वा पूजा गर्दा कुन विधि अपनाइन्छ ?

(४) साकेन्वा पर्वमा कुन कुन बस्तुहरुको प्रयोग गरिन्छ ?

(५) ती बस्तुहरुको प्रयोग गर्नुको प्रतीकात्मक अर्थ के हो ?

(६) साकेन्वा नाच नाच्दा कुन-कुन सिलीहरुको प्रयोग गरिन्छ ? त्यसले केलाई बुझाउँछ ?

### १.३. अध्ययनको उदेश्य

यो अध्ययनको मुख्य उदेश्य भोजपुर थिदिंखा गाउँ विकास समितिका बान्तवा राईहरुले मनाइरहेको साकेन्वा चाडको सामाजिक सांस्कृतिक अर्थहरु के छ त्यसलाई समाजशास्त्रीय तथा मानवशास्त्रीय दृष्टिकोणबाट अध्ययन गरिएको छ । यसका विशिष्ट उदेश्यहरु यस प्रकार रहेका छन्:–

- साकेन्वा चाडले बान्तवा राईको सामाजिक साँस्कृतिक महत्व बारे प्रकाश पार्ने र
- साकेन्वा चाडँमा प्रयोग गरिने बस्तुहरुको सामाजिक–साँस्कृतिक प्रतीकात्मक अर्थहरु केलाउने ।

### १.४. अध्ययनको महत्व

यो अनुसन्धान बान्तवा राई जातिले मनाउने साकेन्वा चाडमा केन्द्रित रहेको छ । यसै चाडको माध्यमद्वारा बान्तवा राई जातिलाई बुझ्ने प्रयास गरिएको हुदा यो अनुसन्धान सैद्धान्तिक तथा अनुसन्धान पद्धतिको दृष्टिकोणबाट आफैमा महत्वपूर्ण हुनेछ । यो अनुसन्धान सामान्य तया बान्तवा राईहरुको साकेन्वा चाडको बारेमा बिस्तृत जानकारी हासिल गर्ने उदेश्यले गरिएको छ । तर विशिष्ट रुपमा हेर्ने हो भने यस अनुसन्धानमा बान्तवा राईले साकेन्वा पर्वलाई केन्द्रविन्दु मान्दै तिनका विभिन्न सामाजिक तथा साँस्कृतिक पक्षहरु, त्यस भित्र अन्तर निहित बस्तुहरुको प्रतीकात्मक अर्थ र भूमिकाहरु जस्ता विषयबस्तुहरुको अध्ययन गरिएको छ । यसै किसिमको विषयवस्तुहरुमा अध्ययन गर्न खोज्ने व्यक्तिहरुका लागि यो अध्ययन महत्वपूर्ण हुन सक्छ । यसैगरी प्रतीकात्मक सिद्धान्तबाट समाजलाई बुझ्न खोज्नेहरुलाई यो अनुसन्धान एउटा कोसेढुङ्गा हुन सक्छ भन्ने आशा लिएको हुन्छ ।

## १.५ सैद्धान्तिक अवधारणा

नेपाली समाज र संस्कृतिको अध्ययन र विश्लेषण गर्ने सन्दर्भमा प्रतीकात्मक सिद्धान्त निकै महत्वपूर्ण मोडल हो । नेपाली समाजको विविधताले समाजशास्त्रीय तथा मानवशास्त्रीय अध्ययनलाई जसरी आकर्षित गरेको छ, त्यसरी नै यस विविधता भित्र रहेका विभिन्न जातजातिले अवलम्वन गर्ने चाडपर्व, उत्सव, मेला तथा संस्कारका आ-आफ्नै पद्धति, प्रक्रिया र अर्थ हुने भएकोले प्रतीकात्मक तथा संस्कारगत मानवशास्त्रीय अवधारणाको प्रयोग सान्दर्भिकता बढी देखिन्छ । प्रत्येक समुदायका ब्यावहार तथा क्रियाकलाप रहेका सांकेतीक तथा प्रतीकात्मक अर्थको विश्लेषणबाट मात्र सामाजिक यथार्थताको खोज हुन सक्छ । यसैगरी शुक्ष्म अध्ययनको माध्यमबाट सामाजिक यथार्थतालाई बुझ्ने सन्दर्भमा पनि यस को महत्वपूर्ण सिद्धान्त बढी देखिन्छ । प्रत्येक समाजमा सामाजिक, साँस्कृतिक बहुलता पाइन्छ । विभिन्न धर्म, संस्कृति, परम्परा, मान्यताबाट सामाजिक ब्यवहार र क्रियाकलाप हुने गर्दछन् ति सबै प्रवृतिहरुको अध्ययन गर्न स्वभाविक रुपमा शुक्ष्मतहको विश्लेषण अनिवार्य हुन्छ । यसैले सामाजिक विविधता भित्रका मानवीय ब्यवहारको अध्ययन यस अवधारणाले गर्दछ । यस सिद्धान्तको व्याख्या गर्ने विद्धानहरुमा टर्नर, गीर्ज, स्नाइडर र डगलस आदि रहेका छन् ।

यस अध्ययनमा बान्तवा राईहरुको महत्वपूर्ण चाड साकेन्वाको बारेमा व्याख्या र विश्लेषण गरिएको छ । साकेन्वा चाड राई समाजको सामाजिक, सांस्कृतिक, भाषा, संस्कार,

रहनसहन, धार्मिक र आर्थिक पक्षसंग जोडिएको छ । साकेन्वामा साकेन्वाको पूजा गर्दा विभिन्न प्रकारका वस्तुहरु जस्तैः- ढोल झ्याम्टा, हातहतियार, अदुवा, केराको पात, चिण्डो, चामल आदिको प्रयोग गरिएको पाइन्छ । यि वस्तुहरुले राई समाजको सँस्कृतिमा कस्तो किसिमको अर्थ र प्रतीकहरु दिने गर्दछन् ? त्यसको अर्थ र महत्वलाई केलाउने प्रयास गरिएको छ ।

### १.६ संगठनात्मक संरचना

यस शोधपत्रलाई ६ अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा अध्ययन परिचय जस्तैः अध्ययनको पृष्ठभूमि, अनुसन्धानको समस्या र प्रश्नहरु, उदेश्य, अध्ययनको औचित्य तथा सैद्धान्तिक अवधारणा समेटिएको छ । दोस्रो अध्यायमा पूर्व साहित्य समिक्षा जस्तैः सांकेतीक/प्रतीकात्मक सैद्धान्तिक विश्लेषण, नेपालमा चाडपर्व सम्बन्धी अध्ययन, किराँतहरुको उत्पति र साकेन्वा चाडसम्बधी अध्ययन राखिएको छ । तेस्रो अध्यायमा अनुसन्धान विधि जस्तैः अध्ययन क्षेत्रको छनौट, अनुसन्धानको ढाँचा, तथ्याङ्कको स्रोत र प्रकृति, तथ्याङ्क सङ्कलन विधि, अवलोकन विधि, अन्तरवार्ता विधि, सामूहिक छलफल, तथ्याङ्कको प्रस्तुतिकरण र अध्ययनको सिमा समेटिएको छ । त्यसै गरी अध्याय चारमा सामाजिक, सांस्कृतिक वस्तुस्थिति जस्तैः अध्ययन क्षेत्र र राई जातिको सामान्य परिचय, सामाजिक पक्ष, सांस्कृतिक पक्ष र आर्थिक पक्षलाई समेटिएको छ भने अध्याय पाचँमा साकेन्वा चाड र त्यसको सांकेतीक अर्थहरु जस्तैः साकेन्वा पर्व, साकेन्वाको उत्पति सम्बन्धी लोक उक्ति, साकेन्वा सिलीलाकको परिचय, सिलीको उत्पति, सिलीको प्रकार, साकेन्वाको सामाजिक साँस्कृतिक महत्व, साकेन्वामा पूजा गर्ने विधि र त्यसमा प्रयोग गरिने वस्तुहरुको प्रतीकात्मक अर्थहरु आदि समावेश गरिएको छ । अध्याय ६ मा अध्ययनको निष्कर्ष, सन्दर्भग्रन्थ सूची, शब्दावली र अनुसूची राखिएको छ ।

# अध्याय–दुई

## पूर्व साहित्य समिक्षा

### २.१ सांकेतीक/प्रतीकात्मक सैद्धान्तिक विश्लेषण

बीसौं शताब्दीको मध्यतिरबाट मानवशास्त्रीय अध्ययनको एउटा महत्वपूर्ण दृष्टान्तको रुपमा सांकेतीक/प्रतीकवाद सिद्धान्तको विकास भएको देखिन्छ । यो सिद्धान्तले अरु सिद्धान्त भन्दा भिन्न खालको उदेश्य, मान्यता, लक्ष्य र विधिहरु प्रस्तुत गरेको पाइन्छ । शुरुका मानवशास्त्रीय सिद्धान्तहरुको जोड संस्कृतिको उद्‌विकास र प्रसारमा हुदै त्यसलाई अन्तरसम्बन्धित भागहरु मिलेर बनेको समग्रताको रुपमा चित्रण गरे । साथै केही मानवशास्त्रीय सिद्धान्तले संस्कृतिलाई दिमागभित्रको यथार्थताको रुपमा आत्मसात् गर्दै संस्कृतिलाई वैचारीक प्रणालीको रुपमा व्याख्या गरे । केही मानवशास्त्रीय सिद्धान्तले संस्कृतिलाई व्यक्तित्वहरु मिलेर बनेको रुप भनेर चित्रण गर्दै संस्कृतिलाई व्यक्तित्वसँग अन्तरसम्बन्धित गरेर विश्लेषण गरे । तर, यसरी संस्कृतिलाई विभिन्न कोणबाट अध्ययन हुँदै आएको परिप्रेक्ष्यमा अर्को नयाँ सिद्धान्तको उदय हुन पुग्यो । जसले संस्कृतिलाई प्रतीकहरुको माध्यमबाट अध्ययन गरिनुपर्ने कुरामा जोड दिदै सांकेतीक/प्रतीकवाद सिद्धान्तको विकास भयो । प्रतीकबादी मानवशास्त्रीको विचारमा प्रत्येक मानव समुदायको संस्कृति, सिर्जना, संकेत, चिन्हहरुको मात्र एकल र विशेष अर्थ हुँदैन बरु तिनले समाज र संस्कृतिका ती साङ्केतीक अर्थ र तिनको व्याख्या र पुनर व्याख्याको माग गर्दछ (टर्नर, १९६८) ।

गीर्ज (१९७३) का अनुसार संस्कृति मानिसको दिमाग भित्र भएको वस्तु नभएको बरु सार्बजनिक प्रतीकहरुको रुपमा प्रकट हुने र यस्तो प्रतीकहरुबाट समाजका सदस्यहरुको विश्वदृष्टिकोण, मान्यता अभिमुखिकरण, नैतिकता र अन्य सबै क्षेत्रहरुको एक अर्कामा आदानप्रदान गर्ने र भविष्यका पुस्ताहरुमा हस्तान्तरण गर्दै जाने बताए । उनको महत्वपूर्ण योगदान "सघन विश्लेषण" सम्बन्धी अवधारणा रहेको छ । सामाजिक मानवशास्त्र प्रजातिवर्णनमा आधारित हुन्छ र यसले संस्कृतिको अध्ययन गर्दछ । संस्कृति आफैमा प्रतिकहरुमा आधारित हुन्छ, जसले सामूहिक व्यावहारहरुलाई निर्देशन गर्दछ । प्रतीकहरुले सामाजिक जीवनका ढाँचागत ब्यावहारका साथै व्यक्तिहरुले निर्वाह गर्ने भूमिकाबाट अर्थहरु

प्राप्त गर्दछन् । संस्कृति र ब्यवहार बीचको अन्योन्याश्रित प्रकृतिका कारण तिनीहरुलाई छुट्टाछुट्टै अध्ययन गर्न सकिन्दैन तसर्थ संस्कृतिलाई रैथानेहरुको दृष्टिकोणबाट अध्ययन गर्न सघन विश्लेषण आवश्यक हुने गीर्जको ठहर छ । उनले इन्डोनेसीयाको बाली टापुमा प्रचलित भालेजुधाइको वारेमा अनुसन्धान गरेका थिए । भाले जुधाइलाई प्रतीकात्मक अर्थ दिएर यसले समाजमा कसरी सामाजिक हैसियत निर्धारण गर्दछ भन्ने कुराको अध्ययन गरेका छन् । भाले जुधाइ झट्ट हेर्दा कुखुराका भालेलाई भिडन्त गराएर खेलिने खेल भएता पनि त्यस खेल भित्र अनेक अर्थहरु लुकेको र त्यसको महत्वको गहिरो अर्थ भएको तथ्य गीर्जले उल्लेख गरेका छन् । उनका अनुसार भाले जुधाई बाली टापुका मानिसहरुको एउटा महत्वपूर्ण सांस्कृतिक परम्परा र संस्कार भएको उल्लेख गर्दै यसले त्यहाँको सामाजिक परिपाटीको क्रम कायम राख्न महत्वपूर्ण योगदान रहेको बताए । सँस्कृतिलाई सार्वजनिक प्रतीकहरुको माध्यमबाट कार्य गर्ने उल्लेख गर्दै भाले जुधाईको उदाहरण पेश गरी कसरी बालीद्धिपका मानिसहरुले तिनीहरुको विश्वदृष्टिकोणलाई संचार गर्ने संयन्त्रको रुपमा त्यसलाई लिएका छन् भन्ने उल्लेख गरेका छन् ।

टर्नर (१९६८) का अनुसार संकेतहरु सामाजिक पद्धतिका संबाहक हुन् । संकेतहरु गतिशील हुने उल्लेख गर्दै एउटै प्रतीकमा विभिन्न अर्थहरु संकुचित भएर रहने बताएका छन् । उनका अनुसार प्रतिकहरु धनीकरण हुने गर्दछन् र अर्थहरुलाई सघन बनाउने गर्दछन् । प्रतीकहरुले विभिन्न फरकफरक तत्वहरुलाई एकीकरण गर्न सक्दछ । साथै एउटै प्रतीकले पनि विपरीत दुई तत्वहरुको प्रतिनिधित्व गर्न सक्छ । प्रतीकले दुईवटा ध्रुवलाई जनाउन सक्ने हुदा एउटा प्रतीकले असल र खराव दुवै अर्थहरु प्रदान गर्न सक्दछ । यसर्थ एउटा प्रतीकले विभिन्न वस्तुहरुलाई पनि जनाउले हुदा यो बहुभाषी, बहुअर्थी हुने गर्दछ । समग्रमा भन्दा प्रतीकहरुमा गतिशील, घनीकरण, एकीकरण र ध्रुविकरण, बहुभाषी, बहुअर्थी, भावनात्मक एवं संज्ञानात्मक, सन्दर्भगत आदि जस्ता विशेषताहरु हुन्छन् भन्ने टर्नरको धारणा छ । संस्कृति र प्रतीकहरुको अध्ययन गर्दा मुख्य गरी तीनवटा पक्षहरुमा ध्यान दिनुपर्ने उनको धारणा छ । ति पक्षहरु निम्न अनुसार छन्:- १. संघारको अवस्था २. बाहिरिने अवस्था ३. संरचनात्मक कनिष्ठता । संघारको अवस्थाले व्यक्ति अघिल्लो चरणबाट अलग्गिएको र नयाँ चररणमा प्रवेश गरिनसकेको बीचको चरणलाई जनाउछ । साथै पुनर्योग चरणले व्यक्ति एउटा सामाजिक चरणबाट अर्को सामाजिक चरणमा प्रवेशगरिसकेको अवस्थालाई जनाउछ । यस चरणमा व्यक्तिले नयाँ स्तर र हैसियत प्राप्त

गर्दछ । संघार अवस्थालाई पुरानो स्तर छोडी सकेको तर नयाँ स्तरलाई प्राप्त नगरी सकेको अवस्था भएको उल्लेख गर्दछ । टर्नरले यस अवस्थालाई “दोसाँधको बीचको अवस्था” नामाकरण गरेका छन् । संस्कृतिको दोस्रो पक्ष बाहिरिने अवस्था भन्नाले पहिलेको स्तरबाट व्यक्ति अलग्गिने अवस्थालाई जनाउँछ । साथै संरचनात्मक कनिष्ठता भन्नाले सामाजिक संरचनामा कुनै पनि व्यक्तिलाई उच्च र कुनै व्यक्तिलाई निम्न तहमा राख्ने चरणको रुपमा बुझिन्छ ।

टर्नरले (१९६८) मा जाम्वियाको डेम्बू जनजाति संस्कारहरुका वारेमा अध्ययन गरेका थिए । डेम्बु जनजातिहरुले विभिन्न प्रकारका रुखहरुलाई जवान महिला र पुरुषहरुको संस्कारमा प्रयोग गर्दथे । साथै तिनीहरुले ती रुखबाट विभिन्न प्रकारका अर्थहरु प्राप्त गर्ने गर्दथे । उदाहरणको लागि एक खालको रुखहरुबाट सेतो तरल पदार्थ निस्कने र अर्को खालको रुखबाट रातो तरल पदार्थ निस्कने गर्दथ्यो । ति रुखहरुबाट निस्कने तरल पदार्थलाई क्रमशः दूध र रगतसँग तुलना गर्ने परम्परा डेम्बू जनजातिमा थियो । यस्ता संस्कारले जवान महिलाहरुलाई तिनीहरुको बच्चा हुर्काउने भूमिका स्वीकार गर्न प्रतीकात्मक सिकाइको भूमिका खेल्दथे जसले पुरुषहरुको लैङ्गिक भूमिकाहरुलाई सुरक्षित पारी डेम्बु समाजमा स्थायित्व कायम गर्नु रहेको थियो । टर्नरले प्रतीकहरुलाई समाजहरुको पूर्णताका लागि आवश्यक संयन्त्रको रुपमा लिएका छन् । उनका अनुसार सामाजिक एकताका लागि लगातार पुनसवलीकरणको आवश्यकता हुन्छ र संस्कारगत प्रतीकहरुको सामाजिक सुव्यवस्था राखेर महत्वपूर्ण भूमिका खेल्दछ ।

स्नाइडर (१९६८) का अनुसार सांस्कृतिक प्रतीकहरुको छुट्टाछुट्टै अध्ययनको अभिवृद्धिलाई भन्दा अर्थहरुको समग्र व्यावस्थाका रुपमा संस्कृतिको अध्ययन गर्ने तथ्यमा जोड दिएका छन् । उनले समाज र संस्कृतिको अध्ययन गर्दा प्रतीकात्मक अवधारणालाई जोड दिनुपर्ने तर्क राख्दै समाजशास्त्रीय अवधारणाबाट प्रतीकात्मक अवधारणा तर्फ उन्मुखीकरण बन्नुपर्ने तर्क राख्दछन् । उनले अमेरिकी समुदायमा रहेको नातेदारी प्रथाका वारेमा अध्ययन गर्दै त्यस भित्रको प्रतीकात्मक अर्थ प्रष्ट्याउने कोसिस गरेका छन् । त्यस समाजमा रहेका नातेदारी प्रथालाई मौलिक तथा आधारभूत र आशातित गरी दुई भागमा विभाजन गरे । यिनले रक्त सम्बन्धबाट सिर्जीत नातालाई प्राकृतिक र विवाह प्रथा वा अन्य सामाजिक प्रक्रियाका माध्यमबाट उत्पन्न सम्बन्धलाई प्रथानुगत नाता मानेका छन् । नातेदारी व्यावस्थाको प्रतीकात्मक अर्थ समाज पिच्छे फरक हुने तर्क उनको छ ।

त्यसैगरी डगलस (१९६६) ले प्रतीकहरुलाई सामाजिक व्यावस्थाका महत्वपूर्ण चरित्र मान्दछिन । सामाजिक व्यावस्थाको निर्माणमा ज्ञानात्मक प्रभाव रहन्छ । जुन आन्तरीक रुपमा समाज सापेक्ष हुन्छ । मानिसमा भएको ज्ञान तथा तौरतरिकाबाट नै एउटा व्यावस्था चल्छ । जसमा विभिन्न प्रतीकहरु समाहित भएका हुन्छन् भन्ने उनको धारणा छ । सामाजिक व्यावस्थामा रहेको प्रतीकहरुबाटै सामाजिक व्यावस्था निर्देशित र नियन्त्रित पनि हुन्छ किन भने खास प्रतीकहरुले समुदायको खास अवस्था तथा मान्यतालाई संकेत गर्दछ । समुदायका लागि यस्ता प्रतीकहरु निकै अर्थपूर्ण हुन्छन् । उनले पवित्रता र अपवित्रताका पक्षमा प्रतीकहरुको अर्थ प्रष्ट्याउन खोजेकी छन् । यसैगरी हरेक इन्डीयन जनजातिहरुमा तल्लो जातिले छोएको खान नहुने विश्वास रहेको तथ्यलाई प्रतीकका रुपमा उठाएकी छिन् । यिनै सैद्धान्तिक अवधारणाहरु मध्ये भिक्टर टर्नर र क्लिफर्ड गीर्जको साङकेतीक/प्रतीकात्मक सिद्धान्तलाई आधार मानेर बान्तवा राई जातिको महत्वपूर्ण चाड साकेन्वाको सामाजिक तथा सास्कृतिक महत्व र साकेन्वा पूजा गर्दा प्रयोग गरिने विभिन्न वस्तुहरुको बहु अर्थ हुन सक्छ तिनलाई केलाउने प्रयास गरिएको छ ।

## २.२ नेपालमा चाडपर्व सम्बन्धी अध्ययन

नेपालमा केही समाजशास्त्री/मानवशास्त्रीहरुले चाडपर्वलाई केन्द्रविन्दु मान्दै विभिन्न जातजातिहरुको वारेमा प्रतीकात्मक सैद्धान्तिक दृष्टिकोणबाट अध्ययन गरेको पाईन्छ । यिनै अध्ययनहरु मध्ये अर्टनर र हम्वर्गका अध्ययनलाई महत्वपूर्ण मानिन्छ । जसमा शेरी वि.अर्टनर (१९७८) ले हिमाली सोलुखुम्वु जिल्लामा वसोवास गर्ने शेर्पा जातिहरुको संस्कार एवं सांस्कृतिक मूल्य मान्यतालाई आधार मानेर त्यस जातिको सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, नैतिक एवं दैविक पक्षलाई प्रतीकात्मक अध्ययन गरेका छन् । शेर्पाजातिहरुले वभिन्न चाडपर्व तथा संस्कारहरु मनाउने गर्दछ र ति संस्कारको भिन्ना भिन्नै प्रतीकात्मक अर्थहरु रहेको हुन्छ । जस्तैः न्युङने संस्कारलाई पुण्य कमाउने संस्कारको रुपमा र तान्त्रिक विद्या संस्कारले भूत प्रेतबाट निस्केको प्रदूषणलाई हटाई शुद्धीकरण गर्ने अर्थ बोकेको हुन्छ । डो. जोङपको अर्थ मृत आत्माले त्यस समुदायमा दुःख नदियोस भनेर बाघको प्रतिमा वा आकृति बनाई त्यसलाई पिशाच वा मृत आत्माको परिकल्पना गरी गाउँको बीचमा लगि फुटाइन्छ । त्यसैगरी जिप्सी संस्कारमा मानिसको आकृति बनाइ त्यसलाई गहना तथा बस्त्र पहीराइ मृत आत्मा प्रेतको रुपमा दुःख नदियोस भनेर पुजा गरिन्छ । टोर्मा भनेको गाउँमा पिठोद्वारा बनाइएको केक जस्तो वस्तु हो । तोर्मालाई

देवताको प्रतीक मानिन्छ भने भगवानको प्रसादको रुपमा पनि तोर्मालाई लिइएको पाइन्छ । जव विभिन्न संस्कारमा तोर्मा चढाइ भगवानको नाम लिइन्छ तव विभिन्न संस्कारमा तोर्मा बस्दछन् र राक्षसको अन्त्य हुन्छ भन्ने विश्वास शेर्पाहरुले गर्दछन् । यो संस्कार अतिथि सत्कारसँग सम्बन्धित छ । यसरी भगवान र शेर्पा वीच वा पाहुना र शेर्पाहरु वीचको सम्बन्ध झल्काउनु यसको पहिलो विशेषता हो भने ईश्वरको खानाको रुपमा तोर्मा अर्पण गरिनु तोर्माको दोस्रो विशेषता हो । त्यसैगरी मुड, पोल्युषण, प्युरीफिकेसन आदि अवधारणाहरुले शेर्पा समाज र संस्कृतिको विशेषताहरुलाई प्रतीकात्मक रुपमा अभिव्यक्त गरिराखेको छ ।

डेविड. होम्वर्ग (१९८९) ले नेपालको काठमाण्डौंबाट उत्तर पश्चिममा अवस्थित तामाङजातिको चाडपर्ब तथा संस्कारको बारेमा अध्ययन गरेका छन् । लेखकले तामाङ समुदायका प्रचलनमा रहेका लाम्बू, बोम्बो र लामा संस्कार र संस्कृतिमा देखिएका अन्तरविरोध वा केहि विरोधाभाष तथा त्यसले सामाजिक व्यवस्थामा पारेको सकारात्मक प्रभावलाई देखाउने प्रयास गरेका छन् । विभिन्न संस्कारमा लामा, लम्बु र बोम्बो आदि विशेषज्ञले आ–आफ्ना उत्तरदायित्वहरु पूरा गर्दछन् । यिनीहरुले तामाङहरुको सामाजिक, सांस्कृतिक, धार्मिक, सामुदायिक एकता कायम गर्न महत्वपूर्ण भूमिका खेल्दछन् । त्यसैगरी तामाङ समुदायका बिवाहमा दुलहीका साथ साथै दिइने हँसिया तथा कुटोले कृषि प्रतिको संलग्नतालाई संकेत गर्दछ भने काँसको भाँडाले मृतक  बाबुआमा वा नातेदारको मुख सफा गर्ने पानी राख्ने भाँडोलाई संकेत गरेको पाइन्छ । यस्तो संस्कारले घर माइतिका बीचको एकतालाई पनि झल्काएको पाइन्छ । त्यसरी नै तोर्माले बुद्ध तथा देवी देवतालाई र मिहिङ्गोले विनाशकारी तत्व अथवा भूत र प्रेत वस्तुको प्रतीकका रुपमा उल्लेख गरेका छन् । तामाङजातिको विवाहमा दुलाहाले रक्सी, पैसा, सुन केटी पक्षलाई दिनु, केटी पक्षले फेटा दिनुले दुवै पट्टिको सम्बन्ध कायम भइ एकता भएको झल्किन्छ । विवाहमा दुलाहाका बाबु र आमाले दुलाहा–दुलहीलाई दूध र मासु खान दिन्छन् । यस्तो संस्कारले दुलही दुलाहाको घरमा भित्रिएको एवं संलग्न भएको अर्थ दिन्छ । यसैगरी विवाहमा दिदी बहिनीले दुलाहालाई सेतो फेटा दिन्छन् जसले दिदी बहिनी र दाजुभाई बीचको सम्बन्ध बलियो गराउन मद्दत गर्छ भन्ने भनाइ रहेको छ । यसरी लेखकले तामाङ समुदायमा अवलम्बन गरिने जन्मदेखि मृत्युसम्मका संस्कार, उत्सव तथा पर्व र आर्थिक व्यवहारका बारेमा प्रतीकात्मक व्याख्या र विश्लेषण गरेका छन् ।

अन्य समाजशास्त्री/मानवशास्त्रीहरुले विभिन्न जातजातिहरुको चाडपर्व, संस्कारहरुको साँस्कृतिक अर्थहरु अप्रत्यक्ष रुपमा प्रस्तुत गरेको देखिन्छ । यद्यपि ती अध्ययनहरुमा पनि विभिन्न चाडपर्ब तथा संस्कारहरुको साँस्कृतिक अर्थहरु अप्रतक्ष्य रुपमा प्रस्तुत गरेको देखिन्छ । जसमा समाजशास्त्री गोपाल सिंह नेपालीले 'द नेवार' (१९६५) नामक पुस्तक मार्फत् नेवारी समाजमा मनाउने विभिन्न चाडपर्ब, उत्सव, जात्रा तथा परम्परागत संस्कारको व्याख्या प्रकार्यात्मक दृष्टिकोणबाट गरेका छन् । नेपालीले नेवारी परम्परा, धर्म, संस्कार, रीति, पर्व, उत्सवका पक्षहरुको व्याख्या गर्दै तिनको सामाजिक महत्वका वारेमा चर्चा गरिएको छ र यी सबै प्रक्रियाबाट के कसरी नेवारी समाज संचालित र एकिकृत छ भन्ने तथ्यलाई देखाउन खोजिएको छ । नेवारी परम्परामा अवम्बन गरिने प्रत्येक मान्यता, विश्वास तथा व्यावहारमा धार्मिक प्रभाव परेको तथ्य देखाउदै धर्म, ऐतिहासीक घटनाक्रम तथा मानव समाजमा रहन सक्ने सम्बन्धलाई यावत पक्षलाई लेखकले उठाएका छन् । नेपालीले नेवारी जीवनशैली र व्यावहारमा सामाजिक, सांस्कृतिक महत्व बोकेको प्रतीकहरु मठ, मन्दिर, जातिअनुसारको पेशा तथा अदृश्य शक्ति भूत, प्रेत जस्ता पक्षहरुबाट नेवारी समाज प्रभावित छ । सामाजिक सांस्कृतिक यस्ता वस्तु, विषय, प्रतीक आदिबाट समाज प्रभावित छ भन्ने तथ्यलाई देखाएका छन् । नेवारी समाजमा मच्छिन्द्रनाथलाई अन्नको प्रतीक र पानीको देवताका रुपमा लिने गरेको पाईन्छ । यसैगरी भिमसेनलाई अर्थ आर्जन र मन्जुश्रीलाई ज्ञानको प्रतीकको रुपमा नेवारहरुले लिने गरेको पाइन्छ । त्यसैगरी भाद्र महिनामा मनाइने गाई जात्रामा एक वर्ष भरी समुदायमा जो जसका घरमा मृत्यु भयो ती घरले गाईलाई प्रतीक बनाएर विभिन्न वाजागाजा सहित आफ्नो टोल परिक्रमा गर्ने परम्परा रहेको पाईन्छ । यसका साथसाथै बिस्केट जात्रा, भैरव जात्रा, गणेश जात्रा, कुमारी जात्रा, भद्रकाली पूजा मच्छिन्द्रनाथको जात्रा, जस्ता थुप्रै पर्व, मेला, पूजा तथा जात्रा मनाउने गर्दछन् । यिनै पर्व र मेलाहरुबाटै विभिन्न तहमा विभक्त नेवारी समाजमा जातिय एकता र सद्भाव बढेको पाइन्छ । वर्षमा ६ महिना जति विभिन्न चाडपर्वहरु मनाउने नेवारी जातिहरु त्यस समयमा अत्यधिक समय र खर्च गर्ने गर्दछन् । अर्का विद्वान डोर वहादुर विष्टले "सबै जातको फूलबारी" (२०५५) नामक पुस्तक लेखी नेपालमा रहेका विभिन्न जात-जाति जस्तै - बाहुन, क्षेत्री, किराँती-राई, किराँती-लिम्बु, नेवार, तामाङ, सुनुवार, जिरेल, मगर, खस, गुरुङ, चेपाङ, सतार आदिको जनजातिय अध्ययन (ethnographic study) गरेका छन् । यो किताबमा मानवशास्त्री डोर व. विष्टले साँस्कृतिक

प्रतीकात्मक दृष्टिकोणबाट नलेखेतापनि जात-जाति भित्रको चाडपर्व तथा संस्कारको वारेका अध्ययन गर्न खोजेका छन् । यसैगरी रेग्मी (१९९१) ले धिमालको परिचय, उनीहरुको सिंगो सामूदायिक प्रणालीलाई अगाडी बढाउन धर्म, अर्थ, राजनीति, जाति, पर्व, आदि एकाइले खेलेको भूमिकाको बारेमा प्रष्ट्याएका छन् ।

मगरजातिहरुको पनि आफ्नै प्रकारको चाडपर्व तथा पूजा गर्ने परम्परा रहेको छ । विशेष गरी तिहार पर्व मगर जातिको प्राचीन राजा वालिहाङ्गले प्रचलन गरेको हो । पछि राई, लिम्बू अन्य जातिहरुले पनि मनाउन थालेको हो । त्यसैगरी मगरहरुको अर्को महत्वपूर्ण पर्व कुलान पूजा हो । यो पूजा तिन वर्षमा गरिन्छ । यो पूजामा मगर युवा युवतीहरु नाच्ने गर्दछन् । पूजामा कुल देवतालाई प्रमुख मान्दछन् र कोही सुंगुरले र कोही भेडा काटी बली चढाउछँन् । नातागोता भेटी जाड रक्सी खाने भोज भतेर गर्ने गर्दछन् (बुढा मगर, २०४९) ।

तामाङहरुको सँस्कृतिमा वोम्वो भनिने प्राकृतिक र लामा भनिने बौद्ध धर्मको समिश्रण पाइन्छ । तसर्थ तामाङहरुको चाडपर्वहरु औंसी या पुर्णेसँग जोडिएका हुन्छन् । तामाङले मान्ने अनेक चाडपर्वहरु मध्ये ल्होछार सबैभन्दा ठूलो चाड हो र यो धार्मिक आस्थासँग गाँसेर आएको सांस्कृतिक चाड हो । नेपालका मंगोल मूलका जनजातिहरुमा सबैभन्दा ठुलो सांस्कृतिक चाड ल्होछार नै हो । यो पुरानो पुस्ताबाट नयाँ पुस्तामा आ-आफ्नो सामाजिक मूल्य मान्यतालाई हस्तारन्तरण गर्ने ठूलो र प्रभावकारी माध्यम बन्दै आएको छ अर्थात् तामाङहरुको सामाजिकीकरणमा ल्होछारको धेरै ठूलो भुमिका छ ( तामाङ, २०५९ ) ।

### २.३ किराँतहरुको उत्पति

किराँतहरुको उत्पतिको वारेमा भाषा, पुराण, पेशा, लोक आख्यानको आधारमा अध्ययन गरिएको छ जुन यसप्रकार छन्ः

#### २.३.१ भाषाको आधारमा

किराँतहरु नेपालको प्राचीन जातिहरु मध्ये एक हो । यिनीहरुको बसोबासको मूलथलोको रुपमा नेपालको पूर्वीय क्षेत्र भएतापनि वर्तमान समयमा नेपाल भरी फैलिएको छ । लिच्छवीबंश भन्दा पहिले नेपालमा सयौंबर्ष शासन चलाएर बसेका किराँतहरु कहाँबाट आएका हुन् ? उनीहरुको उद्भव स्थल कुन थियो भन्ने बारे अझै पनि एकिन हुन सकेको छैन । किराँत शब्दको ब्युत्पति “किर” शब्दबाट अपभ्रंश हुँदै किराँत भएको हो । ‘किर’

शब्दले सुँगुरलाई बुझाउँछ । सुँगुर पाल्ने, शिकार खेल्नेलाई किराँत भनिन्थ्यो । संस्कृत बाङ्मयमा किराँत भनिएको हो (खत्री, दाहाल, २०४९ पृ.९) ।

किराँत शब्दको उत्पत्ति र शाब्दिक अर्थको बारेमा विभिन्न विद्वान्हरुको वीचमा मतएक्येता भएको पाइँदैन । किराँत नेपालका प्राचीन जातिहरु मध्येका एक आदिवासी हुन् । किराँत जातिको अस्तित्व परापूर्वकालदेखि नै रहेको यथेष्ट प्रमाणहरु उपलब्ध भएको पाइन्छ । जस्तै पुराण, महाभारत साथै ग्रन्थहरुमा उल्लेख भएको पाइन्छ । उत्पत्तिको दृष्टिले हेर्दा 'किराँत' शब्द 'किरएत', 'किहेरयात' वा 'किरजाथ' को विकृत रुप हो जसको अर्थ भूमध्ये प्रदेशको मोएवाइट भाषामा 'गढ' वा शहर हुन्छ । जब यिनीहरुको संख्या बृद्धि भयो, तिनीहरुले धेरै गढहरु र शहरहरुको निर्माण गरे र तिनीहरुलाई 'किरियत हिम', 'किरियात यारिम्', 'किरजाथ-अर्वा', 'किर्यात बाअल', 'किरियात हुजरो', 'किरियत सान्ना' र 'किरियत साफेर' भन्ने जसले जंगलको शहर वा 'गढ' वा 'ईश्वर' वा 'आलको शहर' वा 'किताबको शहर' वा 'ताड वृक्षको शहर' को अर्थ जनाउँदछ (चेम्जोङ, २०६३ पृ. २) । यो भनाइ धेरै हदसम्म सही छ किनभने किराँत राई समुदायहरुले वनजंगल र वृक्षको पूजा/अर्चना गर्ने गर्दछन् ।

ग्रीकहरुले किराँत जातिलाई किरीयाडी (ceriadac) अर्थात किराँत भनेका छन् (शर्मा, २०३९, पृ.२०६) । किराँत शव्द फारसी भाषाबाट अपभ्रंश हुँदै आएको हो । यो भाषामा पर्वत वा पहाडलाई "कोह" र माला वा लहरालाई "लतिका" अर्थात एक पछि अर्को उभिएका असंख्य पर्वतहरुको मालालाई एकै शव्दमा भन्नुपर्दा "कोहलाते" कलात भनिन्थ्यो । त्यसैले आजको (नेपालको सुदूरपश्चिमपट्टी पाकिस्तानी भू भागमा बस्ने) सिन्धुनदी (किराँत भाषामा "हिडी") देखि लिएर (नेपालको पूर्वपट्टिको भारतिय क्षेत्रमा वग्ने) ब्रह्मपुत्र नदी (किराँत भाषामा "हाङपोडी") सम्मको पर्वतमालालाई "कलात" भनिन्थ्यो । यसैले सम्भवतः कलातवासीलाई "कलाती" "कैलाती" शब्द अपभ्रंश हुदै "किराँती" वा "किराँत" भनिएको हो (थुलुङ, २०४२) । किराँत परिवार भित्र यक्ष, गन्धर्व, किन्नर, राक्षस, रिक्ष आदि पर्दछन् (स्वर्ग राधव, १९६९, पृ. १६४) । सम्भवत आर्यहरुले महाभारत पर्वमा विजय गर्दै जादा यिनीहरुलाई हराएपछि यस शब्दको प्रयोग दाशको रुपमा गरेका होलान । यिनीहरुको बास विशाल जंगलको वीचमा थियो र हार खाएपछि पहाडतिर लागेका थिए । किराँत शब्दको उल्लेख सतपथ, ब्रम्हाण्ड, मैत्राणी, संहिता, काष्ठक संहिता, तैतरिय संहिता आदिमा आउँदछ (शर्मा, २०३९) । किराँत समूहमा नै एक थरी किरावाबाट किराँत शब्दको

उत्पति भएको धारणा देखिन्छ । किराँत भाषामा किरावाको अर्थ सिंह, बाघ हो । अर्थात सिंह, बाघको स्वभाव जस्तो देखिन्छ । किरावामा जातिको “ति” जोडेर किराँती वा सिंह स्वभावको जाति भन्ने बुझाउँछ । यहाँ “वा” लोप भएर “ति” जोड्नाले जाति बुझाउन गएको हो (थुलुङ, २०४२ ) ।

सम्बरको पहाडी अधिराज्यलाई किरभूमि किरप्रदेश मानिन्थ्यो । किराँतको उत्पति किर-किलाल भइ भाषाको भाटो फेराईमा किराँत बन्न पुगेको कुरा इतिहास एवं भाषाविदहरुको भनाइ छ (सिंह, १९९०, पृ, ७६) । यिनीहरुको जात र थर कसरी “किराँती” रहन गयो त ? भन्दा यिनीहरुको उत्पति नै उच्च हिमाली  कैलाशतिर भएको हुनसक्छ किनभने यिनीहरु कैलाशपति शिवजीकै सन्तान सम्झन्छन् र शिव पार्वतीलाई आफ्नो जन्मदाता मान्दछन् । किराँतीहरुले पारुहाङ र सुम्निमा भनेकै शिव-पार्वती हुन् । त्यसकारण किराँतीहरुको उत्पति नै उच्च पहाडी कैलाशतिर बसोबास गर्ने मानिसहरुलाई कैलाशेबाट पछि जाँदा कैरातेबाट किराँती भन्न थालियो (राई, २०६५, पृ.३९) ।

‘राई’ भन्ने शब्द खास गरी कुनै जातिको नाम पनि होइन । यो त गाउँको ठालु वा मुखिया भन्ने जनाउने पद्वी मात्र हो । माझ किराँतका धेरैजसो राईहरु आफूहरु जिमी वा जिम्दार भन्ने गर्छन् तर पनि राई शब्द बढी प्रचलनमा आउँदैछ । अब राई भन्नाले किराँतीहरुको एक ठूलो समूहलाई सम्झाउने चलन बसी सक्यो । राईहरु उहिले कताबाट आएका थिए भन्ने बारे थरी थरीका विचारहरु पोखिएका छन् तर यो विषयमा कसैलाई थाहा छैन । त्यसको मतलव यही भयो की राईहरु थाहा पाए सम्म हजारौं वर्षदेखि यही नेपालका बासिन्दा रहेका छन् (मुकारुङ, २०६५ पृ. २०) ।

### २.३.२ पुराणका आधारमा

महाभारतको (कुरु क्षेत्र) को लडाइँमा किराँतहरुले पाण्डवहरुलाई सघाए । किराँतहरुले सघाए वापत ‘पाटक पताञ्जलीराज्य’ राजा युधिष्ठिरले उपहार स्वरुप दिएका थिए । पाटक पताञ्जली युधिष्ठिरका सन्तान राजा पताञ्जली छाड्न निर्णय गरे । अर्काको अंकुशभित्र राज्य गर्नुभन्दा स्वतन्त्र राज्य गर्नु परोस् - “पीठो होस् बरु त्यही अमृत छ” भनी पाटक पताञ्जली किराँतहरुले छाडे । एकै ठाउँमा जाँदा नअट्ने भएकाले बाँडिने निधो गरे । एकै प्रान्तमा जाँदा धेरै संख्यामा छौं आपसमा भने । किराँत इङ्वाका १० सन्तान पाटक

पताञ्जलीको राज्य स्वेच्छाले छोडी नेपालमा विभिन्न भू-भागमा प्रवेश गरी राज्य गरेको पाइन्छ (बराल, २०६४ पृ. १०) ।

प्रथमतः पूर्वी नेपालमा पल्लो किराँत, माझ किराँत र वल्लो किराँत सम्बन्धी नामाकरणबाट नेपालमा किराँत जातिको बसोबासको क्षेत्रको पहिचान हुने गरेको छ । सोही क्षेत्रमा एक खास किसिमका सामाजिक समुदायहरुलाई किराँत, किराँती तथा राई किराँती भन्ने परम्परा नेपालमा प्रचलित रहिआएको छ । किराँत राजाहरुका बारेमा सूचना दिने नेपालको सबभन्दा पुरानो वंशावली गोपालवंशावली हो । त्यसमा नेपालको इतिहासको आरम्भ गोपाल वंशावलीहरुबाट भएको र त्यसपछि महिषपालवंशको शासन भएको र त्यसपछि किराँतवंशी राजाहरुको शासन भएको वर्णन गरिएको छ (राई, २०६२ पृ. ८) ।

यसरी विभिन्न आख्यानहरु किराँतको उत्पतिसँग गासिएको छ । किराँतको उत्पतिमात्र नभई यसको मूल थलो वारे पनि विद्धानहरुको मतमतान्तर रहेको देखिन्छ । केहि विद्धानहरुको भनाइमा हिन्दुकुश पर्वतबाट आक्रमण गरेर आफ्नो विजय अभियान चलाउदा उनिहरुको संघर्ष किराँतहरुसंग भएको थियो । कागंडाको बैजनाथलाई २२औं शताव्दी ईशापूर्वमा “किरग्राम” भनिन्थ्यो । जसको पुष्टी त्यहा रहेको शिलालेखबाट हुन्छ । आर्यहरुले कागंडा किल्ला ध्वँस्त पारेपछि उनीहरु उत्तर हिमालयतिर लागेका थिए (शर्मा, २०३९) ।

### २.३.३ पेशाको आधारमा

किराँतीहरु रेशमको खेती गर्दथे । रेशमको किरालाई ‘करेता’ भनिन्थ्यो । रेशमको कपडा बुन्ने मानिसलाई ‘किराँती’ भन्दथे पछि किराँतीहरुले कपास छर्न एवम् कपडा बुन्न र बेच्न सिके । सन् १७३० सम्म किराँतहरुमा कपास छर्ने र खाँडीकोकपडा बुनेर बेच्ने प्रमुख पेशा भएको मानिसहरुलाई नै किराँती भन्न थालियो (बराल, २०६४ पृ. १) । उनको भनाइ अनुसार किराँतीहरु परापूर्व कालदेखि नै कृषि पेशामा संलग्न थिए भन्ने पुष्टि हुन्छ । यिनीहरुको जात र थर कसरी ‘किराँती’ रहन गयो त ? भन्दा यिनीहरुको उत्पति नै उच्च हिमाली कैलाशतिर भएको हुनसक्छ किनभने यिनीहरु कैलशपति शिवजीकै सन्तान सम्झन्छन् र शिव पार्वतीलाई आफ्नो जन्मदाता मान्दन् । त्यसकारण किराँतीहरुको उत्पति नै उच्च पहाडी कैलाशतिर बसोबास गर्ने मानिसहरुलाई कैलाशे भन्न लागे । कैलाशेबाट पछि जाँदा कैराते, कैरातेबाट किराँत भन्न थालियो (राई, २०६५,पृ.३९) ।

### २.३.४ लोक आख्यानको आधारमा

किराँतहरुको उत्पति सम्बन्धमा लौकिक आख्यानहरुको साथसाथै वयोवृद्ध तथा नाक्छोङ ( पूजारी ) को मुन्धुमहरुमा पनि पाइन्छ । यिनै लौकिक आख्यानहरुका अनुसार कुनै बेला सृष्टि हुँदा पृथ्वी आमा र आकाश बाबु भै एउटा निमामरेमा नामको कन्याको जन्म भयो (शर्मा, २०३९ ) । ति कन्या जवान भएपछि वायुको गर्भ रहन गइ निनिमाया नामको कन्याको जन्म भयो । ती कन्या जवान भएपछि आमासंग आफ्नो जन्मवारे सोध्दा वायु पिता र शुक्र पति हुने कुरा थाहा पाइन् । अव शुक्रलाई कसरी वोलाउने भन्दा आमाले "गिजियो" भन्ने चरालाई दैदस्तुर दिइ शुक्रलाई बोलाउन पठाइन तर त्यसवेला शुक्र पश्चिममा अस्ताई सकेको हुनाले उनको ठाउँमा वृहस्पति वसेका थिए । यिनै वृहस्पतिसंग विवाह गर्न जानु पऱ्यो भन्दा वृहस्पति नराम्रो जँड्याहा देखि निनिमायाको विवाह गर्न मानिनन् तर पछि गएर वृहस्पतिसंग नै विवाह गरिन र यिनै निनिमायाको गर्भबाट छैठो बाघ र सातौ किराँतीको जन्म भयो ( श्रेष्ठ, २०४७) ।

किराँत राई जातिहरुले महान् पर्वको रुपमा मान्दै आएको साकेन्वाको आधारमा किराँतहरुको उत्पति स्वर्गबाट पारुहाङले एउटा कलात्मक सिखिप (काइयो) तान बुन्दै गरेकी सुम्निमाको अगाडि खसाली दियो । त्यो सिखिप देखेर सुम्निमा अत्यन्तै प्रभावित भइ सुम्निमाले सोचिन र भनिन् त्यो सिखिप बनाउने मान्छे को होला ? त्योसंग विवाह गर्न पाए हुन्थ्यो । उनको सोचाइ अनुसार पारुहाङ र सुम्निमाको विवाह भयो । उनिहरुबाट नुनिया नाम गरेकी छोरी जन्मिन । यिनै नुनिया र वृहस्पतिको संसर्गबाट किराँतीहरुको सृष्टि भयो (श्रेष्ठ, २०४७) । किराँतहरुको सृष्टिकर्ता पारुहाङ र सुम्निमा नै भएकाले किराँतहरु पारुहाङ र सुम्निमालाई ईश्वरको रुपमा महत्वपूर्ण ढंगले आरधणा गर्दछन् ( वालाखाम्छा, २०४९, पृ. १०) ।

## २.४ साकेन्वा चाडसम्बन्धी अध्ययन

किराँत राईहरुले साकेन्वा चाड एक महत्वपूर्ण पर्वको रुपमा मनाउने गर्दछन् । यस चाडका सम्बन्धमा पनि लेख, अनुसन्धान, खोजकर्ताहरुले आ-आफ्नै तरिकाबाट व्याख्या र विश्लेषण गरेको पाइन्छ ।

साकेन्वा चाड किराँत बान्तवा राई जातिको धर्म, संस्कृति, साहित्य, इतिहास र भाषासंग सम्बन्धित छ । यस भित्र किराँत बान्तवा राईजातिको सम्पूर्णता रहेको छ । साकेन्वाको शाब्दिक अर्थ बान्तवा राई भाषामा साप्टेन = समाज, केन्वा पालक (संरक्षक) वा समाजको पालकको रुपमा किराँत समाजमा साकेन्वाको पूजा गर्ने प्रचलन रहिआएको छ

(राई र राई, २०६५ पृ. ५) । डा. स्वामी प्रपन्नचार्यका अनुसार “सहकाल” शब्दको तद्भव रुप साकेन्वा हो । “सह”को अर्थ साथ अथवा संग र “काल” को अर्थ समय हो । “सहकाल” शब्द उच्चारण विग्रदै गयो र “साकेन्वा” भयो । सबै मिली “सहकाल” का साथै सुख र शान्तिको कामना गरी प्रकृतिको पूजा गर्नु र एकैसाथ नाच्नु साकेन्वा हो ( हतुवाली, २०५६) ।

किराँत राईहरुको मुख्य चाड साकेन्वा प्रत्येक वर्षको वैशाख महिनामा उभौली सेवा र मंसीरमा उधौली सेवा गरी वर्षमा दुईपटक मनाइन्छ । राईहरु बसोबास गरेको ठाउँ अनुसार (साकेन्वा, साकेला, साकेवा, तोषी, भूमिपूजा) परम्परागत भेषमा नाक्छोङ, माङ्पा, दोवारी वा नाक्छोङद्वारा पहिले चुला पुज्ने, त्यसपछि बाहिर सार्वजनिक स्थानमा स्थापना गरिएका साकेन्वा थानमा गई मुन्धुमअनुसार पूजाअर्चना गर्ने गरिन्छ । सोही उपलक्ष्यमा उभौली गर्दा वैशाखे पूर्णिमा (बुद्धजयन्ती) को दिन र उभौली गर्दा मंसीरे पूर्णिमा तिथिमा सबै राई परिवारका सदस्यहरु परम्परागत भेषभुषामा पूजाथानदेखि गाउँगाउँ, घरघरमा विभिन्न सिलीमा साकेन्वा नृत्य, ढोल, झ्याम्टा, तरवार, धनुषकाड आदि लिइ हर्सोल्लासकासाथ नाच्ने गर्दछ । उक्त साकेन्वा नृत्यको थालनी नाक्छोङद्वारा गरिन्छ भने विभिन्न नृत्यको भावहरु नाक्छोङ वा नाक्छोङ्माको निर्देशन अनुसार वृताआकारमा प्रस्तुत गरिन्छ । किरायाहरुको निर्णय अनुसार महान् चाड साकेन्वा राईहरुका वुद्ध पूर्णिमा पछिका अष्टमी तिथिलाई मानिएको छ (राई, २०५५) ।

साकेन्वा किराँत राई समुदायमा प्रकृतिसँग जोडिएर आएको धार्मिक तथा साँस्कृतिक महत्व बोकेको चाड हो । हरेक किराँत राईहरुमा साकेन्वाको उत्पतिले समाजमा (चासुम, खावाछेन्बी र ताया ) अन्न, धन र बुद्धिको विकास र वृद्धि हुने विश्वास गरिन्छ । साकेन्वाले मान्छेको कल्याण मात्रै नगरेर प्राकृतिक सम्पदा, पशुप्राणी र चराचर जगतको समेत रक्षा गर्ने विश्वासले पुजिन्छ । यस चाडमा किराँत राईहरुले वितेका आफ्ना पुर्खाहरुको सम्झनामा (सावा/साया ) शक्ति र प्रभावको लागि समेत पुज्ने गर्दछन् । यस पर्वमा टाढा टाढाका आफन्तजनहरुसँग भेटभाट गरी नाचगान गर्ने चलनले पनि यसको सामाजिक महत्व रहेको छ ( राई र राई, २०६५ पृ. ५) । संस्कृतिसम्पन्न राई जातिहरुको महान् चाड साकेन्वाको समयमा टाढाटाढा परदेश पुगेका घरका सदस्यहरु समेत साकेन्वा सम्झी घर फर्कने गर्दछन् भने बिहे गरेर पराइ गाउँ पुगेकी चेलीसमेत माइती घर आउने गर्दछिन् । यस अवसरमा सबै आफन्तजन भेला भई दुःख सुख साट्दै जातीय परम्पराअनुसारको विभिन्न

परिकार बनाइ खाने गर्दछन् भने स्वजातीय पहिरन लगाएर साकेन्वामा नाचिने नाच नाच्दै मनोरञ्जनसमेत गर्दछन् । (हतुवाली, २०६४ पृ. ५) ।

किराँत राईहरुका संस्कारहरु विविध र व्यापक छन् । किराँत राईहरुले नयाँ घर निर्माण गर्दाखेरी नै आफ्ना पूर्खालाई सम्झने, श्रद्धा गर्ने वा पूजा गर्ने, ढोका स्थापना गर्दाको पूजा, मूल खाँबो स्थापना गर्दाको पूजा वा घर निर्माण गरिसकेपछि गर्ने पूजा पनि महत्वपूर्ण संस्कारहरु हुन् (मुकारुङ, २०६१ पृ. २) ।

यसरी माथिका विभिन्न भनाइहरुलाई हेर्दा साकेन्वा चाडले राईहरुको जीवनयापनमा महत्वपूर्ण भूमिका रहेको उल्लेख गरेको छ र यस चाड मनाउँदा प्रयोग गरिने विभिन्न बस्तुहरुको बारेमा उल्लेख गरेको पाइन्छ तर ती वस्तुहरुको प्रतीकात्मक अर्थको बारेमा केलाउन सकेका छैनन् र यस चाडले राई समाजको सामाजिक र सांस्कृतिक सम्बन्ध कसरी जोडिएको छ भन्ने बारेमा अध्ययन गर्न सकेका छैनन् । यस अनुसन्धानमा यिनै बिषयवस्तुहरुलाई शुक्ष्म रुपमा हेर्ने प्रयास गरिएको छ ।

# अध्याय –तीन

## अनुसन्धान विधि

यस अध्यायमा अध्ययन क्षेत्रको छनौट, अनुसन्धानको ढाचाँ, तथ्याङ्कको स्रोत र प्रकृति, तथ्याङ्क संकलन विधि, अवलोकन विधि, अन्तरवार्ता विधि, सामुहिक छलफल, तथ्याङ्कको प्रस्तुतिकरण र अध्ययनको सिमालाई समावेश गरिएको छ ।

### ३.१ अध्ययन क्षेत्रको छनौट

यस अनुसन्धान नेपालको पूर्वाञ्चल विकास क्षेत्रमा पर्ने भोजपुर जिल्ला थिदिंखा गा.वि.स. वार्ड नं. ६ चुमाराङ्गलाई अध्ययन क्षेत्रका रुपमा लिएको थियो । बान्तवा राईहरुको वसोवास रहेकाले यसलाई अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको थियो । अध्ययन क्षेत्र छनौट गर्नुका कारणहरु निम्न छन्:

यस क्षेत्रमा परम्परागत रुपमा बान्तवा राईजातिको वसोवास भएकोले गर्दा उनिहरुले मनाउने महत्वपूर्ण चाड साकेन्वाको बारेमा बुझ्न यो क्षेत्र उपयुक्त देखियो । थिदिंखा गा.वि.स. अन्य क्षेत्रहरु भन्दा यस भागमा राईहरुको बस्ती बढी भएकोले यो क्षेत्रलाई विस्तृत अध्ययनको लागि छनौट गरिएको थियो । यस गा.वि.स.मा अधिकांश बान्तवा राईहरुको बस्ती रहेको पाईन्छ । यहाँका राईहरु आफ्नो समुदायमा राई भाषामा कुराकानी गर्दछन् । यसरी भाषा, संस्कृति र बाक्लो जनसंख्याको कारणले गर्दा उनिहरुले परम्परा देखि मनाउदै आईरहेको साकेन्वा चाडको महत्व र अर्थ खोज्न यो ठाउँ उपयुक्त थियो ।

साकेन्वाको उद्गम स्थल छोङ्खा (ठाउँ) लाई मानिन्छ । यो ठाउँ अध्ययन स्थल देखि करिब १५ किलो मिटर टाढा पर्दछ । साकेन्वालाई राईहरुले माङ (देवता) को प्रतीक र सृष्टिकर्ताको रुप मानी पूजा गर्ने गर्दछन् । यो चाड राईहरुको संस्कृतिसँग जोडिएको एक अभिन्न अङ्ग हो । त्यसैले यस अध्ययनमा साकेन्वा चाडले राई समुदायको सामाजिक, साँस्कृतिक महत्व के कस्तो रहेको छ ? यो कहिले मनाईन्छ र कसरी मनाइन्छ ? र यो चाडले समाजमा कस्तो सामाजिक साँस्कृतिक सम्बन्ध स्थापित गरेको छ सो कुरा पत्ता लगाउन यो क्षेत्र उपयुक्त थियो ।

### ३.२ अनुसन्धानको ढाँचा

यस अनुसन्धानमा बान्तवा राईहरुको महत्वपूर्ण चाड साकेन्वा पर्वलाई व्याख्यात्मक अनुसन्धान ढाचाँको प्रयोग गरी प्रतीकात्मक अर्थहरुको अध्ययन गरिएको थियो । कुनै पनि जातिको चाडपर्व तथा संस्कारहरुमा विभिन्न प्रकारका वस्तुहरुको प्रयोग गरिएको हुन्छ । र ती विभिन्न प्रकारका वस्तुहरुले ती जातिको सँस्कृतिमा बहु अर्थ दिने गर्दछ । जुन अर्थहरुको अध्ययन गर्नका लागी व्याख्यात्मक विधिको प्रयोग उपयुक्त हुन्छ । मानवशास्त्री अर्टनर (१९७८) ले नेपालका हिमाली शेर्पाहरुको संस्कारका बारेमा व्याख्यात्मक अध्ययन गरेका थिए । त्यसैगरी गीर्ज (१९७३) ले इण्डोनेसियाको वाली टापुमा प्रचलित भाले जुधाईका वारेमा र टर्नर (१९६८) ले जाम्वियाको डेम्वु जनजाति संस्कारहरुको बारेमा प्रतीकात्मक सैद्धान्तिक दृष्टिकोणबाट अध्ययन गरेका थिए । त्यसैले अनुसन्धान कर्ताले पनि अनुसन्धान गर्ने क्रममा प्रतीकात्मक सैद्धान्तिक दृष्टिकोणको आधारमा बान्तवा राई जातिको साकेन्वा पर्वलाई व्याख्यात्मक अध्ययन अनुसन्धान गरिएको थियो ।

## ३.३ तथ्याङ्कको स्रोत र प्रकृति

अध्ययन विषयसँग सम्बन्धित सूचनाहरु व सामाग्रीहरु गुणात्मक प्रकृतिका छन् । यो अनुसन्धानमा प्राथमिक तथा द्वितीय स्रोतहरुबाट तथ्याङ्कहरु संकलन गरिएको छ । प्राथमिक स्रोतहरुको रुपमा सामूहिक छलफल, अवलोकन विधि, अन्तरवार्ता विधिको प्रयोग गरि तथ्याङ्क संकलन गरिएको थियो । द्वितीय स्रोतहरुमा साकेन्वा चाडका बारेमा सम्बन्धित विभिन्न प्रकाशित अप्रकाशित लेख रचना, पुस्तक, पत्रपत्रिका, जिल्ला विकास समिति ( जि.वि.स), गाउँ विकास समिति (गा.वि.स) तथा शोधपत्रको प्रयोग गरी सूचना प्राप्त गरिएको थियो ।

## ३.४. तथ्याङ्क सङ्कलन विधि

यस अनुसन्धानमा निम्न तथ्याङ्क सङ्कलन विधिहरुको प्रयोग गरिएको थियो ।

### ३.४.१. अवलोकन विधि

प्रस्तुत शोधपत्रलाई आवश्यक सही तथ्याङ्क प्राप्त गर्नको लागि अनुसन्धानकर्ता स्वयम् सम्बन्धित क्षेत्रमा सहभागीमूलक अवलोकन विधिको प्रयोग गरिएको थियो । थिदिंखा गा.वि.स. मा परापूर्वकालदेखि पुज्दै आएको 'साकेन्वा चाड' मा साकेन्वा पुज्ने विधिहरुलाई अवलोकन गरियो । मुन्दुमी सामग्रीहरु, भेषभुषाहरु पनि  अवलोकन २०६८ सालको वैशाख पूर्णिमाको दिनमा गरिएको थियो । यसका अतिरीक्त फरक फरक सिलीमा नाचिने साकेन्वा

चाडको प्रत्यक्ष अवलोकन गरिएको थियो । यसका अतिरीक्त सम्वन्धित क्षेत्रको सामाजिक तथा भौगोलिक अवस्थितिहरुलाई पनि अवलोकन गरिएको थियो ।

### ३.४.२. अन्तरवार्ता विधि

यस अन्तरवार्ता विधिमा अनुसन्धानकर्ता स्वयंम राई समुदायका बस्तीमा गएर अन्तरवार्ता विधि सामूहिक छलफलबाट तथ्याङ्क संकलन गरेको थियो । राई समुदायका बुद्धिजीविहरु, साकेन्वा थान व्यवस्थापन समितिका सदस्यहरु, नाक्छोङ (पुजारी) तथा सम्बन्धित गा.वि.स. मा रहेका बृद्धाहरुसँग प्रत्यक्ष कुराकानी गरी अध्ययन कार्यमा आवश्यक तथ्याङ्क संकलन गरी प्रस्तुत शोधकार्यलाई भरपर्दो र विश्वसनीय बनाउन सकेसम्मका तथ्यहरु जुटाउने कार्य गरिएको छ ।

बुढा–बुढीहरुसंग बसी अन्तरवार्ताबाट उत्तरहरु प्राप्त गरी तथ्याङ्कहरु संकलन गरेको थियो । साकेन्वा वर्षमा कति चोटि र कति दिन मनाइन्छ ? मनाउनुको अर्थ के ? यसको विधिहरु के-के हुन् ? साकेन्वाको दिन नाक्छोङ (पुजारी ) ले के काम गर्दछ ? यस चाडले राई समाजमा कस्तो सम्बन्ध स्थापित गर्दछ ? यस चाडका दिन कस्ता परिकार बनाउने गरिन्छ ? भगवान् तथा पुर्खाप्रति कस्तो किसिमको श्रद्धा राखिन्छ ? साकेन्वा समापन कसरी गरिन्छ यी सम्पूर्ण कुराको जानकारी यस विधिबाट लिएको थियो । साकेन्वा चाडमा प्रयोग गरिने वस्तुहरुको सामाजिक तथा साँस्कृतिक महत्वहरु/अर्थहरु वारेको पनि कुराकानी गरिएको थियो । यो अध्ययन क्रममा ३ जना महिला र ४ जना पुरुषहरुसँग अन्तरवार्ता गरिएको थियो ।

### ३.४.३. समूहिक छलफल

अनुसन्धानका क्रममा अनुसन्धान कर्ताले दुई वटा समुहमा सामूहिक छलफल गरिएको थियो । जसमा एउटा सामूहिक छलफल महिलासँग गरिएको थियो जसमा ६ जना उपस्थित थिए भने अर्को दोस्रो सामूहिक छलफल ७ जना पुरुषहरु सँग छलफल गरिएको थियो । जसमा नाक्छोङको घरमा र स्थानिय बासीन्दा आदित्य राईको घरको आगनमा भेला भइ सामूहिक छलफलबाट तथ्याङ्क संकलन गरिएको थियो । जस्तै -साकेन्वा वर्षमा कति चोटि र कति दिन मनाइन्छ । मनाउनुको शाब्दिक अर्थ के हो ? यसको विधिहरु के-के हुन् ? साकेन्वाको दिन नाक्छोङ (पुजारी ) ले के काम गर्दछ ? यस चाडले राई समाजमा कस्तो सम्बन्ध स्थापित गर्दछ, यस चाडका दिन कस्ता परिकार बनाउने गरिन्छ ? भगवान् तथा पुर्खाप्रति कस्तो किसिमको श्रद्धा राखिन्छ ? साकेन्वा समापन कसरी गरिन्छ ? जस्ता

प्रश्नहरुको सामूहिक उत्तर/धारणा लिइएको थियो । यसबाट बान्तवा राई जातिको साकेन्वा पर्वको वारेमा सामूहिक धारणा बुझिएको थियो ।

### ३.५ तथ्याङ्को प्रस्तुतिकरण

अनुसन्धान गरी संकलन गरिएका सूचना, सामग्रीहरु, तथ्याङ्कहरु वा आँकडाहरुलाई सिद्धान्त अनुसार समानता, असमानता वा अन्य गुणको आधारमा व्यवस्थित गर्ने र विभाजित गरी संक्षिप्त, सरल र स्पष्ट तवरले प्रस्तुत गरिएको छ । सङ्कलन गरिएका तथ्याङ्कहरुको वर्गीकरण गरेपछि त्यसलाई आवश्यक अनुसार वोधगम्य बनाउन, महत्वपूर्ण विशेषताहरुको स्पष्ट गर्न, तुलना गर्न योग्य बनाउन उपयुक्त विश्लेषण गरिएको छ । विस्तृत तथ्यलाई संक्षिप्त रुपमा प्रस्तुत गरी निष्कर्ष निकालिएको छ ।

### ३.६ अध्ययनको सिमाः

१. नेपालमा विभिन्न थर, पाछा, भाषा र संस्कृतिमा विभाजित राई जातिको साकेन्वा चाड मनाउने गर्दछ र सबैको आ-आफ्नै अर्थ र महत्व हुने गर्दछ तर यहाँ बान्तवा राईहरुले मनाउने साकेन्वा चाडको बारेमा अध्ययन गरिएको छ । त्यसैले अन्य राई जातिले मनाउने साकेन्वा पर्वसंग यो मिल्न पनि सक्छ र नमिल्न पनि सक्छ ।

२. राईहरुमा पनि साकेन्वा चाड स्थान र परिवेश अनुसार फरकफरक र आ-आफ्नो रीतिरिवाज अनुसार मनाइन्छ । यसमा विशेषगरी भोजपुर जिल्लाको थिदिंखा गा.वि.स. को बान्तवा राईहरुले मनाउने साकेन्वाको वारेमा प्रकाश पारिएको छ ।

३. अन्य राईहरुले मनाउने सोही पर्वलाई पनि यस लेखले प्रतिनिधित्व गर्न सक्ने छैन

४. विद्यार्थीले आफ्नो अध्ययनको विषय भित्र परेको एउटा विषयको मात्र अध्ययन गरिने भएको कारण बृहत क्षेत्रलाई समेटेर तुलनात्मक अध्ययन गर्न सकिएको छैन ।

५. साकेन्वा चाडलाई साङकेतीक/प्रतीकात्मक दृष्टिकोणबाट हेरेको छु, अन्य दृष्टिकोणहरुबाट हेर्दा साकेन्वा छुट्टै देखिन सक्छ ।

# अध्याय–चार

## सामाजिक साँस्कृतिक वस्तुस्थिति

यस अध्यायमा अध्ययन क्षेत्रको भौगोलिक परिचय तथा बान्तवा राई जातिको सामाजिक, साँस्कृतिक तथा आर्थिक पक्षहरुको वारेमा व्याख्या गरिएको छ ।

### ४.१ अध्ययन क्षेत्र र राई जातिको सामान्य परिचय

नेपालको पूर्वाञ्चल विकास क्षेत्रमा अवस्थित कोसी अञ्चल अन्तर्गत पर्ने जिल्लाहरु मध्ये भोजपुर जिल्ला एक हो । जसको भौगोलिक स्थिती २६ं ५३' देखि २६ं ४६' उत्तरी अक्षांससम्म र ८६ं ५३' देखि ८८ं १७' पूर्वी देशान्तर वीचमा अवस्थित छ । यो जिल्ला पूर्वमा धनकुटा पूर्वउत्तरमा संखुवासभा, पश्चिम उत्तरमा सोलुखुम्वु, पश्चिममा खोटाङ र दक्षिणमा उदयपुर जिल्लाहरुको वीचमा रहेको छ । यस जिल्लाको क्षेत्रफल १५०७ वर्ग किलो मिटर पर्दछ ( जिल्ला विकास योजना, २०६७ ) । भोजपुर जिल्लालाई जम्मा ६३ वटा गाँउ विकास समितिमा विभाजन गरिएको छ । जस मध्ये थिदिंखा गाँउ विकास समिति पनि एक हो । यो गाँउ विकास समितिको सिमाना पूर्वमा पावला, देवन्टार, पश्चिममा खोटाङ, उत्तरमा यूँ र दक्षिणमा पांचा रहेको छ । जातिय विवरणको दृष्टिकोणबाट यस गाउँ विकास समितिलाई हेर्दा समग्रमा किराँत राईहरुको बाहुल्यता रहेको पाईन्छ । तथापी वार्ड नं. २, ४, ५, ७, ९ मा किराँत राईहरुको बसोबास सामान्य रहेको छ भने १, ३, ६ र ८ वडाहरुमा किराँत राईहरुको बसोबास बढी रहेको छ । जस मध्ये प्रस्तुत शोधपत्रको अध्ययन स्थल वडा नं. ६ मा बान्तवा राईहरुका साथै क्षेत्री र दलितहरुको पनि बसोबास रहेको छ । यस गाउँ विकास समितिमा प्राथमिक विद्यालय र निम्न माध्यमिक विद्यालय सरकारी स्तरबाट संचालित छन् । संचारको साधनहरुमा हुलाक, टेलिफोन संचालित छ साथै यहाँका मानिसहरु बिरामी हुदा स्वास्थ्य उपचारको लागि धामी, झाक्रीहरुमा विस्वास गरेतापनि हेल्थपोष्ट पनि एकवटा संचालित छ । खानेपानी निजीस्रोतबाट र गाउँ विकास समितिको स्रोतबाट संचालित छन् ।

जनगणना २०५८, अनुसार यस गाउँ विकास समितिको कुल जनसंख्या २६४६ मध्ये जनजाति १७६१, दलित २१८ र अन्यमा ६६७ रहेको पाईन्छ । यस गाउँ विकास समितिका मानिसहरु विभिन्न प्रकारका धर्महरु जस्तैः हिन्दु, बौद्ध, क्रिश्चियन र किराँत धर्म मान्ने गर्दछन् । विभिन्न जातजातिका मानिसहरुले आफ्नै किसीमका रीतिरिवाज, मौलिक परम्परा, सामाजिक तथा चाडपर्वहरु मनाउने गरेको पाइयो । शेर्पाहरुको महत्वपूर्ण चाड ल्होसार मनाउने गर्दछन् । उनीहरु बौद्ध धर्म मान्ने गरेको पाइयो । त्यसैगरी क्षेत्रीहरुको पनि आफ्नै धर्म, सस्कार रहेको पाइयो । हिन्दु धर्म मान्ने क्षेत्रीहरु विभिन्न प्रकारका चाडपर्वहरु दशैतिहार, माघेसंक्रान्ति, तिज आदि मनाउने गर्दछन् । उनीहरुको महत्वपूर्ण संस्कारको रुपमा देवाली पूजा गर्ने गर्दछन् । एक ठाउँमा सामूहिक रुपमा भेला भएर बोकाको बली चढाइ पितृहरुको पूजा आजा गर्ने गर्दछ । हिन्दु धर्मको प्रभावसंगै कामीहरुले पनि हिन्दु धर्म मान्ने र त्यही अनुसार विभिन्न चाडपर्व तथा संस्कारहरु मनाउने गरेको पाइयो । यसैगरी यहाँका राईहरुको आफ्नै धर्म रहेको पाइन्छ । किराँत धर्म मान्ने राईहरुको आफ्नै प्रकारका संस्कार तथा चाडपर्वहरु मनाउने गरेको पाइन्छ । उनीहरुको महत्वपूर्ण चाड साकेन्वाको साथसाथै दशैतिहार, माघेसंक्रान्ती, न्वागी, साउने संक्रान्ती आदि मनाउने गर्दछन् । ती विभिन्न चाडपर्व तथा संस्कारहरुको फरक फरक अर्थ र महत्व रहेको पाइन्छ ।

अध्ययन क्षेत्र वार्ड नं. ६ चुमाराङ्गमा बसोवास गर्ने बान्तवा राईजातिको परम्परागत देखि मनाउदै आएको साकेन्वा चाडको वारेमा केन्द्रित रहेको थियो । यस गाउँ विकास समितिमा विभिन्न जातजातिको वसोवास रहेता पनि ६ नं. एरियामा राई, क्षेत्री र कामी जाति मध्ये अधिकांश राईजातिको वसोवास वढी रहेको पाइयो । वार्ड नं. ६ एरियाको कुलजनसंख्या ८७० मध्ये बान्तवा राई ६५१, क्षेत्री १३३, र कामी जाति ८६ रहेको छ भने जम्मा १४२ घरसंख्या मध्ये राई जातिको १०६ घर धुरी रहेको थियो (गाउँ विकास समिति, २०५८) ।

नेपालको पूर्वी भू भागमा बढी वसोवास गर्ने भोट बर्मेली भाषा अन्तर्गतका मंगोलियन मूलका प्राचीन किराँती वंश मध्ये एक थर (जात) बान्तवा राईहरुलाई मानिन्छन् (प्रपन्नचार्य, २०५६) । यिनीहरुको आफ्नै भेषभूषा, लिपी, परम्परा र संस्कृति रहेको छ । किराँती वंश अन्तर्गतका यी बान्तवा राईहरु भाषाको आधारमा बान्तवा भाषा बोल्ने बान्तवा राई थर भित्र धेरै पाछा (गोत्र) हरु रहेको हुन्छन् । यहाँको बान्तवा राईहरुको प्रमुख व्यावसाय कृषि तथा पशुपालन रहेको छ । यस एरियामा उब्जाउसिल माटो भएको कारणले

गर्दा त्यहाँका मानिसहरु प्राय कृषि कार्यमा सम्लग्न रहेको पाइन्छ । कुखुरा, सुँगुर, गाईभैंसी र बाखा आदि पाल्ने गर्दछ । राईहरु प्रकृति पूजक भएका कारण वालीनाली लगाउने समय, अन्न पाकेर थन्काउने समयमा र विभिन्न संस्कार गर्दा कुखुरा, सुँगुर आदिको भोग दिई पूजाआजा गर्ने गर्दछन् । यस एरियाको मुख्य वालीहरुमा धान, मकै, कोदो, गहुँ, आलु र अलैची रहेको छ । कृषि बाहेक यहाँका मानिसहरुको आम्दानीको स्रोतहरुमा जागिर, व्यापार व्यावसाय, इन्डियन आर्मी, ब्रिटिस आर्मी साथै अन्य देश विदेश जाने गर्दछन् ।

राईहरुले विभिन्न धर्म मान्ने भएता पनि यिनीहरुको मुख्य धर्म किराँत धर्म हो । यो धर्म मुन्धुममा आधारित भएको पाइन्छ । किराँत मुन्धुम धर्म विशेष गरेर प्राकृतिक शक्तिहरुसंग सम्वद्ध रहेको छ । प्रकृतीपूजक भूमि पूत्रको सांस्कृतिक पहिचान प्रकृतीसंग जोडिएको छ । तसर्थ किराँत राईहरु प्रकृतीवादी हुन अर्थात किराँत मुन्धुम धर्म प्रकृती प्रद्धत हो । यसैले किराँत राईहरु प्रकृतीको पूजाआजा गर्दछन् । जस्तैः आगो, चुला, भूमि, खोला, नदीनाला, चट्याङ, हुरीवतास, सूर्यचन्द्रमा आदिलाई शक्तिको रुपमा किराँत राईहरुले पूजा गरेको पाइन्छ ।

बान्तवा राईहरुले आफ्नै प्रकारका रितीरिवाज, संस्कार र चाडपर्वहरु मनाउने गर्दछन् । राईहरुको विभिन्न संस्कारहरु जन्म, न्वारन, पाश्नि, छेवर, विवाह, मृत्यु संस्कार आदि गर्ने गर्दछन् भने विभिन्न चाडपर्वहरु मान्ने गर्दछन् । राईहरुले मुख्य गरेर साकेन्वा, साउने संक्रान्ती, माघेसंक्रान्ती, तिहार आदि महत्वपूर्ण चाडको रुपमा मान्ने गरेको पाइयो भने दशैलाई सामान्य रुपमा मान्दै आएको पाइयो । नेपालमा  हिन्दु धर्मको बाहुल्यता बढी रहेता पनि बान्तवा राईहरुको आफ्नै धर्म 'किराँत धर्म' मान्ने गर्दछन् । बान्तवा राईहरु किराँत धर्मावलम्बी भएका कारणले गर्दा उनीहरुको रहनसहन, रितीरिवाज, परम्परा तथा सँस्कृतिहरु सँस्कृतिकरण हुँदै गएको पाइयो । यद्यपि यहाँका  बान्तवा राईहरुले मनाउने विभिन्न चाडपर्व तथा संस्कारहरु अन्य जातिले मनाउने चाडपर्व भन्दा फरक तरिकाले मनाउने गरेको पाइयो ।

## ४.२ सामाजिक पक्ष

साकेन्वा चाड प्रकृती पूजक किराँत राई समुदायको  सत्य तथा पवित्रताको प्रतीकका रुपमा लिइन्छ । उभौली साकेन्वा पूजा भगवान् गौतमबुद्धको जन्मदिनका अवसर पारेर वैशाख शुक्ल पूर्णिमाका दिन मनाउने गरिन्छ । जुन दिन किराँत राई संस्कृति अनुसार धुमधामले मनाउने गरिन्छ । यसैगरी उधौली साकेन्वा पूजा मंसिरे पूर्णिमाकै  दिन मनाइने

गरिन्छ । यस चाडमा किराँत राई बृद्ध बृद्धा, केटाकेटी, युवायुवतीहरु सामूहिक रुपमा भेला भई बृत्तकार भएर ढोल, झ्याम्टाका साथमा तालमा ताल मिलाएर एकै साथ नाच्ने गर्दछन् । यसरी सामुहिक रुपमा नाचिने हुनाले यस समुदायमा यसले सामाजिक एकता तथा सामूहिक भावनाको विकास गर्ने गर्दछ । जसले यस समाजमा रहेको सदियौं लामो संस्कृतिलई जीवन्तता प्रदान गर्ने गर्दछ ।

यस चाडमा एक अर्को घरपरिवार, छर छिमेकी, वल्लो गाउँ पल्लो गाउँ बीचको घनिष्टता बढाउँदछ । इष्टमित्र, नातागोता, छोरी चेली बीचमा भेटघाट भई आपसी सम्बन्ध, माया ममता, सद्भाव र सदाचार बढाउने कार्य यस चाडले गर्ने गर्दछ । यस चाडमा यस समुदायले जाँड, रक्सीलाई अमृतको रुपमा ग्रहण गर्दै ढोल, झ्याम्टा बजाउनेहरु बजाई रहेका हुन्छन् भने नाचाङ्नेहरु गीत गाउँदै नाचिरहेका हुन्छन् । जसले यस समुदायमा सामाजिक एकता र सामाजिक सद्भावको विकास गर्दछ ।

यस चाडको माध्यमबाट कतिपय राई युवायुवतीहरु बैवाहिक जीवनमा बाँधिन पुग्दछन् । त्यस्तै देश प्रदेश लागेका युवायुवतीहरु यस चाडलाई शुभ साइतको रुपमा लिँदै यस चाडमा सबैसँग राम्ररी नाचेर, गाएर, खाएर, पिएर फेरी अर्को चाडमा भेट्ने वाचा गर्दे घर परिवार दरदाजुभाइ इष्टमित्र, छरछिमेकी तथा सबैसँग बिदा मागी प्रदेशतिर आफ्नो सोचेको काम पूरा होस् भनी हिंड्ने गर्दछन् । जसले गर्दा किराँत राई बान्तवाहरु बीचमा सामाजिक एकता, भातृत्व, सदभावको विकास गर्दै यी जातिलाई एकताको सूत्रमा बाँधी यस समुदायमा रहेको संस्कृतिलाई निरन्तरता दिइनुका साथै यसलाई बचाइ राख्ने हुनाले यस चाडको सामाजिक महत्व उच्च रहेको पाइन्छ । यस चाडमा बान्तवा राईहरु बिना भेदभाव आफ्नो संस्कार बचाइ रहने कार्यमा बढी उत्सुक हुन्छन् । जहाँ धनी, गरीब, महिला, पुरुष, उच्च निच, वीचमा कुनै प्रकारको वर्गीय, लैङ्गिक तथा सामाजिक विभेदको आभाष पाइँदैन । जुन उनीहरुमा सामूहिक प्रतिबद्धता पनि रहेको पाइन्छ ।

### ४.३ बान्तवा राई जातिले मनाउने चाडपर्वहरु

अध्ययन क्षेत्रका वान्तवा राई जातिहरुको आफ्नै भाषा, संस्कार, सँस्कृति, पूजाआजा तथा चाडपर्वहरु रहेको पाइयो । राई समाज भित्र ती चाडपर्वहरु उनिहरुको सामाजिक, साँस्कृतिक, आर्थिक पक्षहरुसंग जोडिएको पाइन्छ । तिनीहरुको मुख्य चाडपर्वहरुमा तिहार, माघेसंक्रान्ति, साउने संक्रान्ति, साकेन्वा, न्वागी छन् । ती विभिन्न चाडपर्वहरुको वारेमा निम्न अनुसार व्याख्या गरिएको छ ।

### ४.३.१ तिहार

तिहार पर्वको शुरुवात कसरी भयो भन्ने बारेमा बान्तवा राई जातिको आफ्नै लोकउक्ति रहेको पाइन्छ । जस अनुसार लोकप्रिय किराँत राजा वालिहाङ विरामी भए । राजा बाच्ने सम्भावना नभएकोले सबैतिरबाट आफन्तजन र राज्यका नागरीकहरु राजालाई हेर्न आए । यसरी राजा साहै विरामी भएको समय सबैतिर सन्नाहट र अन्धकारमय छायो । जसलाई हाल औंसीको रात भनेर उल्लेख गरिएको छ । तर आफन्तजन र नागरीकहरु हेर्न आएपछि राजा निको हुँदै गए । निको हुँदै गएपछि उपस्थित सबैलाई राजाले भने अब म मर्दिन निको हुन्छु र यहि सन्देश सबैतिर सुनाउदै जानु र खुशीयाली मनाउनु । यसरी राजाको आज्ञा बमोजिम उपस्थित सबै चेली, माईतीहरु यहि सन्देश सबैतिर सुनाउदै गए । यसलाई हाल देउसी, भैलोको भाषामा ‘हामी त्यसै आएका होइनौ वालिहाङको हुकुमले गर्दा आएका’ भनेर सुनाउने गरिएको पाइन्छ । राजा वालिहाङ निको हुँदै गएकोले चेलीहरुले हर्षोल्लासका साथ टिकालगाइ दिए भने आफन्तजनहरु र राज्यका नागरीकहरुले पनि सोहि अनुरुप चेली माइती भेला भइ टिका लगाए । अतः यही मुताविक तिहारलाई मनाउदै आएको पाइन्छ ।

बान्तवा राईहरुले पनि तिहारलाई चाडको रुपमा काग तिहार देखि भाइ टिकासम्म मनाउदै आएको पाइयो । कागलाई यमराजको सन्देश वाहक भएकोले पहिलो दिन कागलाई दाल, भात र तरकारी खानदिइ पूजा गरिन्छ । दास्रो दिन कुकुरलाई पूजा गरिन्छ । कुकुरलाई यमद्वारको पालेको रुपमा मान्दछन् । मरेपछि यमद्वारबाट प्रवेश गर्दा कुकुरले कुनै बाधा नगरोस र सजिलैसँग जीवात्माले चित्रगुप्ताका न्यायलयमा प्रवेश पाओस भन्ने हेतुले त्यसदिन कुकुरलाई फूलमाला लगाइदिइ मासु भात खुवाइ पूजा गर्ने चलन पाइन्छ । कुकुर पूजा पछि गाईलाई लक्ष्मीको प्रतीक मानि पूजा गरिन्छ । गाईपूजा गरेपछि बेलुकी प्रत्येक घरमा लक्ष्मीको पूजा आराधना गरिन्छ । त्यसको भोलीपल्ट गोरुको पनि पूजा गरिन्छ । यसरी सम्पूर्ण चौपाया पशु र पंक्षिहरुको पूजा गरिसकेपछि भाइटिका अर्थात चेलीले माइतीलाई पुज्ने क्रम शुरु हुन्छ ।

भाइ टिकाको दिन दिदी, बहिनी र दाजु भाइहरु विहान सवेरै स्नान गर्दछन् । साइतको टिका नलगाईन्जेलसम्म केहि पनि नखाइ बस्छन् । टिका लगाउने समय भएपछि माइतीलाई घर भित्र राडी माथि बसाइ ढोकामा ओखर फुटाइन्छ । यसो गरेमा आफ्नो

माइतीलाई लिन आउने यमराजको आँखा फुट्छ साथै शत्रुको नाश हुन्छ भन्ने अर्थ दिन्छ । यसपछि साइतमा माइतीलाई पूजागरी सप्तरङ्गी टिका तथा मखमली फूलको माला लगाइदिन्छन् । टिकालगाइ सकेपछि माइतीले चेलीलाई क्षमता अनुसारको दक्षिणा र उपहार दिन्छन् भने चेलीहरुले सगुन स्परुप माइतीलाई रक्सी, रोटी, मासु, अचार, आदि खान दिन्छन् ।

एकातिर किराँत राईहरुले तिहारलाई आफ्नै पौराणीक कथा र किंवदन्ती अनुसार मनाउने गर्दछन् भने अर्कोतिर हिन्दु धर्मको व्यापक प्रभाव परेको पनि देखिन्छ । सायद हिन्दूकरणको प्रभावले गर्दा राईजातिले पनि हिन्दू धर्म अनुरुप तिहार पर्वलाई मनाउने गरेको हुन सक्छ ।

### ४.३.२ साकेन्वा चाड

किराँत राईजातिको मुख्य र महत्वपूर्ण चाड हो साकेन्वा । साकेन्वा वर्षमा दुईचोटी मनाइन्छ । वैशाख पूर्णिमाको दिन उँभौली र मंसिर महिनाको दिन उँधौली गरिन्छ । उभौलीमा अव वर्षालाग्यो वालीनाली लगाउने समय आयो वाली राम्रो सप्रियोस भनि पूजाआजा गरी साकेन्वाको समयमा माङ (पितृ) संग बल वा शक्ति मागिन्छ । वाली नाली सप्रियोस भनि आफ्नो पितृलाई आज्ञा मागी बाली लगाउछन् भने उँधौलीमा चाहि अव तपाईहरुको आर्शिवादले बालीनाली सप्रियो भनि पितृलाई नयाँ पाकेको बाली चढाउछन् । किराँत जातिहरु प्राचीन कालदेखि नै प्रकृतीपूजक जाति भएको हुनाले उँभौली उँधौलीको समयमा साकेन्वा चाड मनाउँछन् । साकेन्वाको समयमा अन्नबालीको लागि, पानीको लागी विशेष पूजाआजा गर्दछन् । साकेन्वालाई राई जातिहरुले सहको रुपमा पनि पुज्दछन् । जति सह बस्यो उति वालीनाली राम्रो हुन्छ । र बर्ष भरि दैवी प्रकोप हुदैन, दुख विमार हुदैन भन्ने विश्वास राई जातिहरुमा पाइन्छ ।

साकेन्वा चाड किराँत राई जातिहरुले परम्परागत र प्राचीन समयदेखि नै मनाइ आएको यहाँका बुढापाकाले बताए । मानव सृष्टिको उत्पतिसगँसगै साकेन्वा मनाउनुको साथसाथै साकेन्वामा नाचिने विभिन्न शैलीका नृत्यको पनि उत्पति भएको स्थानिय राईजातिहरु बताउछन् । यस नृत्यले मानविय जीवनमा आवश्यक पर्ने कुराहरुको जानकारी दिने र त्यसको वारेमा सिकाउने प्रतीकात्मक अर्थ दिने गर्दछ । बान्तवा राईहरुले प्रकृतीलाई नै आफ्नो सृष्टिकर्ता ठान्ने, कृषिकार्य गर्न सिकाउने र आफ्नो मरेर गएको पिता पूर्खाहरुको आत्माको पनि यस नृत्य /अभिनयद्वारा अनुभूति गराउँदछ । खेतिपाती लगाउने समयमा

उँभौली र उधौलीको माध्यमद्वारा आफ्नो कुलपितृलाई खुशी बनाई अन्नवालीको लागी सह आफ्नो पूर्खाहरुको आत्मा र प्रकृतिसंग शक्ति वा वल माग्नु पर्छ भन्ने भनाई स्थानिय राई बुढाबुढीहरुको पाइन्छ । यसरी किराँत राईजातिहरुको साकेन्वा चाड प्राचीन समयदेखि आफ्नो पिता पूर्खाले मानिआएको हुनाले यसलाई बान्तवा राई जातिले महत्वपूर्ण चाडको रुपमा मान्ने गरेको पाइयो । (यस चाडको बारेमा बिस्तृत रुपमा पछाडिको भागमा व्याख्या गरिएको छ) ।

### ४.३.३ माघे संक्रान्ती

यस दिन अर्थात माघ एक गते सूर्य मकर रेखा तिर प्रवेश भएकाले सूर्यको सम्झना स्वरुप यो चाडलाई मनाइन्छ । यसलाई मकर संक्रान्ती पनि भनिन्छ । किराँत राईहरुले माघेसंक्रान्तीलाई ऐलेदोङ्ग (नयाँ बर्ष) को रुपमा मान्ने गर्दछ । राई जातिहरुमा माघे संक्रान्तीको अघिल्लो दिन उसिनेको तरुल, सेल खाने चलन छ । यस दिन दोमासे खानेकुरा खानुपर्छ भन्ने विश्वास राई जातिहरु गर्दछन् । माघेसंक्रान्तीलाई राईहरुले विशेष रुपमा तरुल खाएर संक्रान्ती मनाउदछन् । अनुसन्धानको क्रममा उत्तरदाताको भनाई अनुसार किराँत जातिहरु प्राचीन आदिवासी जाति हुन् । यी जातिहरु कृषि युगभन्दा अगाडि घुमन्ते युगमा जुन समयमा मानवजातिको सृष्टि भयो त्यहि समयदेखि बाच्नको लागि किराँत आदीवासीहरुले सबैभन्दा पहिला कन्दमूल खान सिकेको थियो रे अथवा जंगलमा भएको कन्दमूल खान शुरु गरे । त्यो त्यहि संक्रान्तीको दिन थियो रे । त्यो समय नै किराँत जातिहरुको पहिलो सभ्यताको खुड्किलो थियो । जुन समय उनीहरुले सर्वप्रथम खाना खान सिकेका थिए । त्यहि आदीवासीहरु हाम्रा पूर्खा हुन र उनीहरुले देखाएको, सिकाएको कुराको जगेर्ना गर्दै आफ्ना पूर्खाहरुको सम्झना, सम्मानमा आफ्ना पूर्खाहरुलाई सम्झेर यही दिनलाई नै माघेसंक्रान्ती पर्व मनाउदै आएको वताए ।

### ४.३.४ साउने संक्रान्ती

किराँत राईहरु प्रकृतीवादी भएको हुदा प्रकृतीप्रद्धत शक्तिहरुको पूजाआजा गर्नु उनीहरुको विशेषता नै हो । साउने संक्रान्ती देखि सूर्य कर्कट रेखातिर लाग्ने हुदा सूर्यको सम्झना स्वरुप यो चाड मनाइन्छ । यस दिन लुतो फ्याक्ने दिन पनि भनिन्छ । लुतो फ्याक्दा भलायोको पात, कुकुरदाइनो, कुरीलो, फलफूल, मकै आदिको प्रयोग गरिन्छ । लुतो फ्याक्ने कार्य गरेमा लुतो जान्छ भन्ने जनविश्वास गाउँका बुढाबुढीहरुको रहेको पाइयो । सल्ला अरु

रुख भन्दा राम्रो वल्ने हुनाले तीनवटा सल्लाको राको वनाइ घर वाहिर राखिन्छ र भित्रबाट अगेनामा बलिरहेको अगुल्ठोले नाङ्लो ठटाउदै 'सहकाल आइज, अनिकाल जाइजा, नुन लिन भोट जा, लत्ताकपडा लिन मधेश जा, मधेशको सहले यहाँको लुतो लैजा' भन्दै वाहिर निस्केर उक्त अगुल्ठो फ्याकिन्छ । यसरी अगुल्ठोले तीनपटक सम्म उत्तर र दक्षिण तर्फ फ्याकिन्छ । यसरी दुइतिर अगुल्ठो फ्याक्नुको अर्थ लुतो र अनिकाल जान्छ भन्ने संकेत गर्दछ भने अर्कोतिर नुन लिन जाने भोट र लत्ताकपडा लिन मधेश जाने दिशालाई संकेत गर्दछ । स्थानिय राई जनश्रुती अनुसार बालीनाली पाक्न थाल्यो अव बाँचिने भइयो भनेर बर्षभरीको थकाईलाई बिसाएर जाँड, रक्सी, माछा, मासु खाएर यस चाडमा भव्यताका साथ मनाउने गरेको पाइयो ।

माथिका विभिन्न कृयाकलापहरुलाई हेर्दा यस चाडलाई एउटा मनोरञ्जनको रुपमा मात्र लिएता पनि यस भित्र विभिन्न प्रकारका अर्थहरु रहेको पाइयो । यस्ता क्रियाकलाप गरेमा अन्नको सह आउने, अनिकाल जाने भन्ने अर्थ दिन्छ भने अर्को तर्फ यस दिन देखि विभिन्न रोगहरु हट्ने जनविश्वास रहेको पाइन्छ । यसैले बान्तवा राई जातिमा यस पर्वले विभिन्न प्रकारका सांकेतीक अर्थहरु दिएको देखिन्छ । बान्तवा जातिले मनाउने प्रमुख चाडहरुलाई तालिका १ मा प्रस्तुत गरिएको छ ।

**बान्तवा राई जातिको चाडपर्व पात्रो**

| वान्तवा राईले मनाउने मुख्य चाडपर्वहरु | कहिले मनाइने | मनाउने दिन | चाडपर्वका महत्व |
|---|---|---|---|
| साकेन्वा (उभौली) | वैशाख शुक्ल पूर्णिमा | एक दिन | प्रकृती, पितृसंग वान्तवा राईहरुको आदिवासीय सम्वन्ध भएको देखाउन र सम्झना गरी मनाइन्छ । |
| साउने संक्रान्ती | साउन एक गते | एक दिन | रोगब्याधी, अनिकालको विदाई र सुख शान्तीको कामना गरिन्छ । |
| देहवा (न्वागी) | भदौ महिना | एक दिन | प्रकृती, पितृ पूर्खाहरुलाई नयाँ अन्न वाली चढाउन । |
| तिहार | कार्तिक | पाचँ दिन | चेली माइती वीचको सम्वन्धलाई साँस्कृतिक रुपमा देखाउनु |
| माघेसंक्रान्ती | माघ एक गते | एक दिन | किराँतहरुका नयाँ वर्षको रुपमा मनाइन्छ । |
| साकेन्वा (उधौली) | मंसिर | एक दिन | प्रकृती, पूर्खाहरुको सम्झना गर्दै नयाँ |

| | | | |
|---|---|---|---|
| | पूर्णिमाको दिन | | अन्न वाली भित्र्याएको उमंगको रुपमा |

स्रोतः कार्य क्षेत्र अध्ययन, २०६८

## ४.४ आर्थिक पक्ष

अध्ययन क्षेत्रका राईहरुको जीविकोपार्जनको मुख्य स्रोत भनेकै कृषि कार्यमा सम्लग्न हुनु हो । दैनिक उपभोग्य वस्तुहरु जस्तैः धान, मकै, कोदो, गहुँ, भट्मास, आलु, सागसब्जी, तोरी, लसुन, प्याज लगाउने गर्दछन् । किराँत राईहरु प्रकृती पूजक भएको कारणले अन्न वाली लगाउने समयमा र पाकेको वाली थन्काउने समयमा पितृहरुको सम्भना स्वरुप साकेन्वा पूजा गर्ने गर्दछन् । साकेन्वा पूजा गरेमा अन्नवाली सपिन्छ, फल्छ भन्ने विश्वास गरिन्छ ।

आर्थिक उपार्जनमा कृषि वाहेक व्यापार व्यावसाय, ज्यालादारी, मजदुर पेशामा लागेको बताउँछन् । यहाँका प्राय राईहरुको पेशा पशुपालन र कृषि व्यावसाय हो । पशुपालनमा गाई, भैंसी, बाखा, सुँगुर, कुखुरा आदि मुख्य पाल्ने गर्दछ । जसको प्रयोग राईहरुले विभिन्न संस्कारहरु जन्म, पास्नी, छेवर, विवाह संस्कार आदिमा कुखुरा, सुंगुर, राँगाको प्रयोग गर्ने गर्दछ । साथै देवीदेवताको पूजाआजा गर्दा पनि कुखुरा, सुँगुरको प्रयोग गर्ने गर्दछ । केही बजारमा लगी बेची धन आर्जन गरेको पाइन्छ भने कसैले दैनिक उपभोग्य सामानहरु किन्ने बताए । त्यस्तै गरेर व्यावसायिक रुपमा हेर्ने हो भने घरेलु उद्योगको रुपमा मानिदै आएको कामहरुमा बाँसको चोयाबाट नाङ्लो, डोको, भकारी, मान्द्रो, चाल्नी, नाम्लो, ढाकर आदि बुन्ने गरेको पाइयो । कोहि व्यक्ति घर बनाउने मिस्त्री, ठेक्का पट्टा गर्ने काम पनि गर्दछन् । कोहि व्यक्ति इन्डियन आर्मी, ब्रिटिस आर्मीमा सम्लग्न रहेका छन् भने कोहि व्यक्ति विदेश गइ आर्थिक उपार्जन गर्ने गरेको बताएको थियो ।

# अध्याय–पाँच

## साकेन्वा र त्यस चाडको सांकेतीक अर्थहरु

यस अध्यायमा बान्तवा राई जातिको महत्वपूर्ण चाड साकेन्वाको परिचय, साकेन्वाको उत्पति, साकेन्वा सिली (नाच) को परिचय, साकेन्वा सिलीको उत्पति, सिलीको प्रकार र साकेन्वा सिली नाच्दा गाइने गीतहरुको वारेमा व्याख्या र विश्लेषण गरिएको छ ।

### ५.१ साकेन्वा पर्व

किराँत राईजातिहरुले साकेन्वा नाच परम्परागत रुपमा परापूर्वकालदेखि मनाउदै आएको पाइयो । विभिन्न थरमा विभाजित राईहरु स्थान र परिवेश अनुसार आ-आफ्नै मौलिक परम्परा अनुसार साकेन्वा चाडलाई मनाउने गरेको बताए । उनीहरुका अनुसार विभिन्न नामले बोलाइने साकेन्वाको अर्थ शिला हो । यो शिलालाई सृष्टिकर्ता, जीवनदाता र संरक्षकको प्रतीकको रुपमा पूजा गर्नु नै साकेन्वा हो (हतुवाली, २०६४) । साकेन्वाको शाब्दीक अर्थ बान्तवा राई भाषामा साप्टेन=समाज, केन्वा=पालक (संरक्षक) वा समाजको पालकको रुपमा किराँत राई समाजमा साकेन्वाको पूजा गर्ने प्रचलन रहिआएको हो । साकेन्वालाई अर्थ्याउने क्रममा बान्तवा भाषामा सा = मासु, केन = ढोल, र वा = कुखुरा । साकेन्वामा प्रयोग हुने ढोलमा गोरुको छालाले मोडिएको हुन्छ र साकेन्वाको पूजा गर्दा कुखुराको भाले काटेर पूज्ने गरिन्छ । साकेन्वा पूज्दा आफ्नो पूर्खाको प्रतीकको रुपमा शिला ( ढुंगा) मा पूज्ने गरिन्छ । सो शिलालाई नै साकेन्वाको रुपमा पुजिन्छ (राई र राई, २०६५) । साकेन्वा किराँत जातिको देवता हो जसको शिला हुन्छ । शिलाले सृष्टिकर्ता (पारुहाङ र सुम्निमा), जीवनदाता हेन्खामा (धर्ती) र निनाम्मा (आकाश) लगायत मृत पुतात्माहरुको प्रतीक मानिन्छ । यसको पूजा प्रत्येक वर्षको वैशाखमा उँभौली सेवा र मंसिरमा उँधौली सेवाको नाममा ढोल झ्याम्टा बजाउँदै अन्य विविध हतियारहरु समेत राखेर पूजा गर्ने गरेको अध्ययनका क्रममा पाइयो ।

किराँत सभ्यतामा दुईवटा ऋतुको अवधारणा पाइन्छ । मौसमको आधारमा विभाजन गरिएको यो ऋतु अन्तर्गत बालीनाली लगाउने वा गर्मीयामको सुरुवातको समयमा उँभौलीको रुपमा मान्ने गरिन्छ । यसलाई बान्तवा राईहरु दोङवाङा (बर्षशुरु) को रुपमा मान्दछन र चिन्दछन् । त्यसरी नै अन्नवाली भित्र्याउने समय वा जाडो मौसमको सुरुवातलाई उँधौलीको रुपमा पुज्ने गर्दछ । यस ऋतुलाई दोङदावा (वर्ष सकियो) भनेर मान्ने गरिएको छ । उँभौलीलाई दोङवाङा (वर्षशुरु) को रुपमा मान्नुको अर्थ अन्नवाली राम्रो होस, दुख बिमार नहोस, वाढीपहिरोले धनजनको क्षति नहोस भनेर पुज्ने गरिएको पाइयो । त्यसैगरी शक्ति र प्रभावको लागि पनि (सावा/साया दोत्मा) भनेर साकेन्वाको पूजागर्ने गरिन्छ । त्यसैगरी दोङदावा (वर्ष सकियो) भनेर उँधौलीलाई पितृ र प्रकृतीलाई धन्यवाद दिदै पुज्ने चलन रहेको छ । यस समयमा उँधौली र उँभौली दुवै ऋतुमा घरभित्र रहेका आफ्ना मृतक पूर्खाहरुको सम्झनामा पूजा गर्ने चलन रहेको छ । त्यसरी नै घर भित्रको पूजा सकेपछि मृतक पूर्खाहरुको सामूहिक रुपमा पूजासंगै प्रकृतीको पनि साकेन्वाको रुपमा पूजा गरिन्छ । यसैले उँभौली उँधौलीले बान्तवा राई जातिमा पर्यावरणमा आएको परिवर्तनलाई समेत संकेत गर्दछ । राई जातिहरु प्रकृतीपूजक भएका कारणले वातावरण/मौसम अनुसार खेतिपाती गर्ने, बालीनाली थन्काउने समयमा प्रकृतीलाई पूजा गरेको हुन सक्छ र सोही अनुरुप यो चाड मनाएको पनि हुन सक्छ ।

साकेन्वाको पूजा गर्दा विभिन्न प्रकृयाहरु अपनाई पूजागर्ने गर्दछ । साकेन्वा पूजा नाक्छोङ (पूजारी) ले पुज्ने गर्दछ । साकेन्वा पुज्दा सर्वप्रथम ढोल झिक्ने काम गरी ढोललाई सफा पारी, तन्काई राम्रो वज्ने पार्दछ । त्यसपछि सार्वजनिक स्थलमा गाउँ/टोलका सवै समूहका मानिसहरु भेला भई सामूहिक पूजा आजा गर्ने गर्दछन् । यस पूजामा गाउँका केटाकेटी देखि लिएर बुढाबुढीहरु समेत सहभागी भई सामूहिक रुपमा मिली ढोल झ्याम्टा बजाउदै गीत गाउँदै नाच्ने गर्दछन् । साकेन्वाले विविध भाषा तथा संस्कृतिमा राईहरुलाई एकताको साङ्लोमा बाधि आपसी सद्भाव र भाइचाराको सम्बन्ध स्थापित गरेको पाइन्छ । एक आपसमा वैमनष्य भएता पनि साकेन्वा र साकेन्वा लाकको समयमा भने सम्पूर्ण दुःख, पिडालाई बिर्सेर एकै ठाउँमा लहरै उभिएर गीत गाउँदै नाच्ने गर्दछन् । यसरी लाकले मनको दुःख, सुख, रीसराग आदिलाई बिर्सी सबै मिली मनोरञ्जन प्रदान गर्ने गर्दछन् ।

### ५.१.१ साकेन्वाको उत्पति सम्वन्धी किम्वदन्ती

किराँत राई जातिको ठूलो देवता वा चाडको रुपमा रहेको साकेन्वाको उत्पति कहिले र कहाँ भयो एकिन गर्न नसकिएता पनि अहिले सम्म भेटिएको अति प्राचीन साकेन्वा "छोङखा" (ठाउँको नाम) लाई मान्ने गरेको पाइयो । यो खोटाङ र भोजपुर जिल्लाको सिमानामा रहेको वुङ्वा खोला किनारको डमर्खु सिवालय गाउँ विकास समिति वडा नं. ९ साकेन्लुङस्थित रहेको छ । त्यसैले यो साकेन्वालाई "छोङ्खा" भनिएको हो । यो साकेन्वाको उत्पतिको सम्बन्धमा साकेन्वा थानमा स्थापित शिलालेखमा विक्रम सम्बत ६०६ उल्लेख गरिएको छ । सो घण्टीमा लेखिएको मिति भनेको साकेन्वामा घण्टी चढाएको मिति लेखिएको हुनुपर्छ । त्यसैले सो घण्टी साकेन्वाको स्थापना भएपछि चढाइएको कारणले सो छोङ्खा साकेन्वा अझ पुरानो हुनसक्ने अनुमान त्यहाँका बुढापाकाहरुले बताएका छन् ।

छोङ्खा साकेन्वाको उत्पति बारेमा विभिन्न मिथक (किम्वदन्ती) हरु रहेको पाइन्छ । त्यस मध्येको यहा उल्लेखित कथा एक हो जुन स्थानीय बृद्धहरुको भनाई अनुसार "छोङ्खा" बान्तवा भाषाको शब्द हो । बान्तवा भाषामा 'छोङ' -सिमल र 'खा' -घारी अर्थात सिमलघारी भन्ने बुझिन्छ । यसैको नामबाट भोजपुर सदरमुकामको दक्षिणी क्षेत्रमा एउटा गाउँ रहेको छ । पहिला यो गाउँमा बाक्लो सिमल घारी थियो यही सिमलघारीलाई फडानी गरी मान्छेले वसोवास गर्न थाले पछि यही सिमलघारीलाई छोङ्खा गाउँको नामबाट चिनिन थाल्यो । यही गाउँमा किराँत राईहरुले मान्ने गरेको सबैभन्दा ठूलो चाड साकेन्वाको सर्वप्रथम उत्पति भएको मानिन्छ । यही साकेन्वाको उत्पति पश्चात अन्यत्र ठाउँतिर फैलिएर गएको हो भन्ने विश्वास रहेको पाइन्छ ।

उहिले छोङ्खा गाउँमा बान्तवा राई मध्ये ससुरा नाम्नु माङफाङ (गोत्र) र जुवाई हाङखिम बस्दथे । उनीहरुले मिलेर छोङ्खामा भस्मे फडानी गरी मकै खेती गर्न थाले । राम्रो स्याहार सुसार गरेकाले मकै भरिलो फल्न थाल्यो । मकै पाक्न लागेको वेलामा जंगली जनावरले खान थालेपछि दुवै जना (ससुरा जुवाई) सल्लाह गरी मकै रुङ्न थाले । त्यही समयमा सेतो सुँगुर सरासर आएर मकै खान थाल्यो । घनुषकाडँ लिई बसेका दुवै जनाले वाणले सुँगुरलाई हाने । त्यसरी वाणले लाग्दा सुँगुर च्वाई गरी कराउनुको साटो थाल भुइमा खसेजस्तो आवाज आयो । त्यहाँ गएर हेर्दा रगतको छिटा र माटो खोस्रीएको मात्र पाइयो । सुगुर खोज्दै ससुरा जुवाई वालंखा पुगे । त्यहाँ पनि नभेटेपछि पछ्याउदै जादा भोजपुर ट्याम्के मुनी मालिङ्गो घारीमा बल्ल फेला पर्‍यो । सुँगुर मालिङ्गोको झिक्रा भेला पारी चाङ लगाएर सुतिरहेको रहेछ । बल्ल सिकार फेला पर्‍यो भनि पुनः वाणले हान्दा सेतो सुँगुर सेतो

ढुंगामा परिणत भयो । सेतो ढुंगाबाट भने एकतमासले रगत बगिरह्यो । दुवै जना चकित हुँदै यो पक्का पनि पारुहाङ र सुम्निमाको चाल हो भन्ने अनुमान काटे । दुवै जनाले सुरक्षित रुपमा बोकेर लाने सल्लाहगरी मालिङ्गोको बासकाटी डोको बुनि सेतो ढुंगालाई राखी पालैपालो बोकेर ल्याए । शुरुमा हल्का ढुंगा बोक्दै ल्याउदा डम्बर्खु गाउँमा आइपुग्दा एक्कासी गह्रौ भइ खसेर झर्‍यो । झरेको शिला त्यही राख्ने सल्लाह ससुराले गरेपनि जुवाइले नमानेपछि छोङ्खा लाने कुरा गरे । तर ढुंगा त्यही भासियो । ढुंगा भासिएकोमा छक्क पर्दै एक आपसमा दोषारोपन गर्दै झगडा गर्न थाले । अन्तमा दुवैजना मिली खनेर निकाल्ले सल्लाह अनुसार खन्न थाले । तर कतै पनि नपाएपछि आफै निस्कन्छ कि भनेर डोकोमा आड लिइ पर्खीबसे । दुवैजना दिनभरीको ढुङ्गा बोकाई खनाइले भुसुक्कै निदाए । दुवैजनाले सपनामा पारुहाङ र सुम्निमाले सेतो ढुंगा साकेन्वाको शिला भएको र शिलालाई यहि रहन दिनु र बजार चाहि छोङ्खामा लगाउनु भनेको देखे । सपनाले बोलेबमोजिम नै साकेन्वाको थान डम्बर्खुमा र बजार चाही छोङ्खामा राख्ने सहमती गरे ।

साकेन्वाको शिला हो भन्ने निश्चित भएपछि ससुरा जुवाइले कसलाई पुज्न लगाउने भन्ने भयो । त्यसपछि सबै साप्टेन (गाउँ) भेला भई वारिहुत (कचहरी) वसी ससुराकै घरमा गोठालोगरी बस्ने सोरोङ्गे (गोत्र) दाजुभाइलाई पुज्न लगाए । ति सारोङ्गे दाजुभाइले साकेन्वा पुज्न थालेपछि भने अन्न, बस्तुभाउ र पैसाले फाप्न थाल्यो । धनी बन्न पुगे त्यो देखेर ससुरा जुवाइलाई लोभ लाग्न थाल्यो । उनीहरुले सोरोङ्गेलाई साकेन्वा पुज्न नदिए पछि झगडा गर्न थाले । झगडा शुरु भएपछि वरपर गाउँको दश गाउँको मान्छे कचहरी बसी अवबाट साकेन्वा सोरोङ्गे राईलाई पूज्न नदिने, पुजे सुब्बेफाब्बे नहुने कसम खुवाई छुटाए । त्यसपछि छोङ्खा साकेन्वा दश गाउँ मिलेर पुज्ने सल्लाह गरे । यही समयबाट छोङ्खा साकेन्वा दश नाक्छोङ (पूजारी) मिलेर पूज्न थालेको हो । हालपनि यो कायमै छ । ति दश नाक्छोङहरु निम्न प्रकारका छन्ः-

१. नामन्ताली नाक्छोङ (प्रमुख पूजारी)
२. छोङ्खाली नाक्छोङ
३. दाङ्खाली नाक्छोङ
४. बोप्पुङगेली नाक्छोङ
५. खावाली नाक्छोङ
६. डम्वर्खुलेली नाक्छोङ

७. रोल्लाली नाक्छोङ

८. भीरगाउँले नाक्छोङ

९. चोन्वाली नाक्छोङ

१०. वासीङथर्पु नाक्छोङ ।

साकेन्वाको उत्पति सम्बन्धमा अर्को किम्वदन्ती अनुसार :- सृष्टिकालमा किराँत राईहरु सुन्तुम (सृष्टिकर्ता) पारुहाङ र सुम्निमा थिए । पारुहाङको अर्थ पारु = आकाश र हाङ = अधिकारी वा अधिपति हुन्छ भने सुम्निमाको अर्थ सुम्नि = धर्ती र मा = आमा भन्ने हुन्छ । यिनै जगत पिता र जगतमाताको संसर्गबाट यस धर्तीमा चिकिवा (बाघ), नारावा ( भालु), हेन्कुबुङ (मान्छे) को जन्म भएको थियो । नारावा जन्मेको केही समय पछि नै जंगलतिर पसेपछि फर्केनन् । अन्य दुवै सन्तानहरु चिकिवा र हेन्कुबुङ पारुहाङ र सुम्निमाको हेरचाहमा दिन प्रति दिन हुर्कदै गए ।

वाल्यकाल पार गरेपछि धनुविद्या हासिल गरेपछि दाजुभाइ (बाघ र मान्छे ) जंगलतिर शिकार खेल्न जान थाले । चिकिवा घमण्डी थिए भने हेन्कुबुङ वुद्धीमानी र चलाख थिए । चिकिवा र हेन्कुवुङ जहिल्यै झगडा गर्थे । छोराहरुको व्याबहार देखेर पारुहाङ्ग र सुम्निमा साह्रै दुखी हुन्थे । एकदिन चिकिवा र हेन्कुबुङ शिकार खेल्न जंगल निस्के । सुम्निमाले छोराहरुलाई खाजा पेम्पाक (रोटी) पकाएर भोक लागेको वेला दुवै मिलेर खानु भन्दै झोलामा राखिदियो र चिकिवा र हेन्कुबुङ दुवैजना जंगल पसे । जादाजादै बाटोमा चिकिवाले हेन्कुबुङलाई मार्नको लागी आक्रमण गरे । दाजुको क्रियाकलाप देखेर भाइ हेन्कुबुङ डरायो र चिकिवालाई मार्ने योजना वनाई खाजा खाने निहुपारी भाइ हेन्कुबुङले दाइ चिकिवालाई आखा चिम्लनु लगाइ धनुषकाडँले हानेर मारी स्याउँलाले छोपछाप पारेर घर फर्कियो ।

हेन्कुबुङ एक्लै घर फर्केको देखेर सुम्निमाले सोधखोज गरिन । शुरुमा हेन्कुबुङले ढाटेपनि अन्तिममा यथार्थ सबै आमालाई सुनाए । आमा सुम्निमाले सम्पूर्ण घटना सुनेपछि शिला, अदुवा, चामल, मर्चापानी राखेको चिण्डो, सेउलीको मुठ्ठा र खुर्पा लिएर हेन्कुबुङ र आमा सुम्निमा चिकिवा मारेको ठाउँतिर लागे । चिकिवा रगताम्मे, चिसो, कक्रक्क परेको मृत अवस्थामा स्याउलाले छोपेर राखेको देखेर आमाले रुदै सुम्सुमाउदै चिकिवाको शरीरको वाण निकाली घाउँ सफा गरी जडीबुटी लगाई दिइन र बाँसको काँगियोले चिकिवाको

कपालकोरी दिइन । त्यसपछि चिकिवाको शरीरमा शिला, खुर्पा, मर्चापानी, राखेको चिण्डो राखेर अक्षता र अदुवाको कछुर हान्दै केहीवेर मुन्धुम जपी सेउलीले हानेपछि ब्युतेर आयो ।

यस पछि सुम्निमाले दुइ भाइलाई बोलाइ आ-आफैले चलाएको धनु, वाण, शिला, मर्चापानीको चिण्डो, खुर्पा, अक्षता (चामल) अदुवाको कछुर, सेउलीको मुठ्ठा एक ठाउँमा राखी छुन लगाइन । दाजुभाइ एक आपसमा झगडा गर्ने र कहिल्यै नमिल्ने भएका कारण दाँ (बाघ) जंगलमा र भाइ (मान्छे) खुल्ला ठाउँमा बस्न थाले र दुवै जनाको सिमाना शिला साक्षी बन्यो । यो शिलालाई दुइ मध्ये कसैले यसको उल्लघंन गरेमा मातापिताको चित्त दुखी सुब्बेफाब्बे नहुँने बताउँदै आमाले शिलामाथि अदुवाको कछुर र अक्षताले हानी मर्चापानी छर्किन । आमाले जेठा छोरालाई आर्शिवाद दिदैं आमाले भनिन ‘आजदेखी हामीले परम्परागतबाट मान्दै आएको रीतिथिती पालना गर्नु भनि तिमीलाई सुम्पदैछु यसको राम्ररी पालना गर्नु । आफ्नो पवित्र आत्माले जगतमाता पिताको आत्मा खुशी पार्न ६-६ महिनाको अवधिमा यो शिला (साकेन्वा) पुज्ने गर्नु । तिम्रो कल्याण हुनेछ ’ भनि अधिकार सुम्पिदिइन ।

त्यही समयदेखि हाल सम्म साकेन्वामा प्रयोग गरिने विभिन्न प्रकारका वस्तुहरुको प्रयोग गर्दै आइरहेको पाइन्छ । त्यसै समयदेखि शिलालाई सृष्टिकर्ता पारुहाङ, सुम्निमा र मृत आत्माको प्रतीक मानि किराँत समुदायद्वारा बर्षको वैशाख पूर्णिमा र मंसिर पूर्णिमा गरी दुईपटक पूज्न थालेको हो भन्ने भनाइ रहदै आएको छ । यस समयमा सिमेभूमेको समेत पूजा गरिन्छ । यसैगरी स्वास्थ्य, शान्ती र मनोकांक्षा पूरा गर्नको लागि समेत साकेन्वाको पूजा गरिन्छ । यस्तो किम्वदन्ती हतुवाली (२०६४) ले आफ्नो लेखमा पनि समावेश गरेका छन् ।

करीब सातौं आठौं शताब्दितिर हालको दोलखा जिल्लामा धेरै अगाडि बुधाहाङ्ग नामक किराँती राजाले राज्य गरेको थियो । आफ्ना पिता पूर्खाहरुले गरी आएको राज्य गुमेकोमा उनी धेरै चिन्तित थिए । उनका दुई रानी थिए - सिल्टाङ्कुप्मा र वासाङ्कुप्मा । साथै एकजना सोइसोइला नाम गरेकी चेली थिइन् । ती किराँती राजाले सधैं शत्रुहरुको सामना गरी पराजयको शीकार भइरहनु पर्थ्यो । त्यसैले त्यही समयमा राजा बुधाहाङले सुम्निमा र पारुहाङको छोरा हेन्कुबुङको स्थापना गरी शक्ति प्राप्त गर्न र युद्ध जित्ने निर्णय गऱ्यो । यसको लागि राजाले चेली सोइसोइलालाई पूजा आराधना गरी दोलो (श्रीपेच) तयार गर्ने जिम्मा दिए । आफ्नो जिम्मेवारी अनुसार चेली सोइसोइलाले विभिन्न सामग्रीहरु जुटाएर कलात्मक तरिकाले आम्बाबुङ, भिङगुमाचराको प्वाँखबाट तयार भएको दोलो (श्रीपेच)

बनाइन् । साकेन्वा सिली चाहिँ सिल्टाङकुप्माले निकालेकी थिइन् । प्रत्येक ढोल, झ्याम्टाको ताल, धनुकाँड, पानी र मन्त्रको साथमा हेन्कुबुङको पुजा विधिवत् रुपमा गर्दै मुन्दुमीहरुको मन्त्रको साथमा सोइसोइलाले दोलो क्रमशः राजाको काँधमा, कम्मर र शिरमा लगाउनु पर्ने भयो । भुइदेखि क्रमशः राजाको काँधसम्म दोलो पुग्यो । दोलो राजाको शिरमा पुग्दा गाइ काटी भोग दिनुपर्ने भयो । दुर्भाग्यवश चेली सोइसोइला त्यही समयमा नै पर सरी र चेली लाजले त्यहाँबाट भागिन् । सबैतिर चेलीको खोजी भयो तर चेली भेटिएन । राजाको शिरबाट दोलो भुइँमा झऱ्यो, उडेर जाला भनेर समाए तर दोलो भुइँमा झरिसकेपछि त्यो दोलो ढुंगा भयो । राजा बुधाहाङले "दोलोकुम्मा दो सोइसोइला" भनेर चेलीलाई बोलाए तर चेली फर्केन । ढोले र झ्याम्टेहरुले झन् झन् ठूलो स्वरले "दोलोकुप्मा दो सोइसोइला" भन्दै ढोल झ्याम्टा बजाउँदै करायो तर चेली फर्किन । त्यसैले भनिन्छ साकेन्वाको उत्पत्ति यही दोलखाबाट भएको हो भन्ने भनाइ पनि अध्ययनका क्रममा पाइयो ।

यी आख्यानहरुले किराँत राईहरु यस देशका प्राचीन समयमा शासक वर्ग थिए भन्ने बुझाउँदछ । यसरी यस आख्यानलाई आधार मान्दा साकेन्वाको उत्पत्ति गुमेको आफ्नो शासन सत्ता र शक्ती पुन प्राप्त गर्ने क्रममा साकेन्वा चाडको उत्पत्ति सर्वप्रथममा दोलखा जिल्लाबाट भएको मान्न सकिन्छ । त्यस्तै यी समुदायको सम्बन्ध प्राचीन कालदेखि नै पशुप्राणी (बाघ, भालु) तथा वनजंगलसँग निकट रहेकाले यो जातिको प्राचीनता यी आख्यानहरुले झल्काउँदछ ।

### ५.१.२ साकेन्वा सिलीलाकको परिचय

साकेन्वा "सिलीलाक" भन्नाले विधिगत रुपमा निश्चित नियम भित्र रही नाक्छोङ वा नाक्छोङमाको सांकेतीक ईशारामा पूर्खा, प्रकृती वातावरण, जीवजन्तु, चराचुरुङ्गीहरु आदिको नक्कल गरी आदिम सृष्टिकालको अभिनय गरिने कार्य नै साकेन्वा "सिलीलाक्" हो । शाब्दिक रुपमा साकेन्वा सिलीलाक शब्दको अर्थ खोज्दा 'सिलीलाक' शब्द राई वान्तवा भाषाको दुइ शब्द "सिली" + "लाक" को सन्धि भई बनेको छ । राई वान्तवा भाषामा सिलीको अर्थ भाका टिप्नु, इशारा गर्नु वा नक्कल गर्नु भन्ने बुझाउँछ र लाक् को अर्थ हल्लिनु वा नाच्नु भन्ने बुझाउँदछ । यसर्थ नियमबद्ध रुपमा भाका टिपी हल्लि हल्लि प्रर्दशन गर्नु वा नाच्ने कार्यलाई नै सिलीलाक भनिन्छ ।

### ५.१.३ सिलीको उत्पत्ति

सिलीको उत्पत्तिको सन्दर्भ जोड्दा हिजो किराँत पूर्खाहरु भष्मे फाड्ने, खोरिया फाडि खेती गर्ने, शिकार खेल्ने, कन्दमूल बटुल्ने कार्य गर्दथे । मानव सभ्यताको ऐतिहासिक विकास क्रम सँगै जीवीकोपार्जन गर्ने कार्य शैलीमा पनि क्रमबद्ध रुपमा परिवर्तन हुँदै अगाडि बढ्दै जाँदा, हालको अवस्थामा आइपुगेका किराँत पूर्खाहरुले मानव इतिहासको प्राचीन युगमा आफुले कष्टकर जीवन यापनको क्रममा सिकेका, पत्ता लगाएका राम्रा पक्षहरु जो वास्तवमै जीवन उपयोगी थिए र छन् । ती पक्षहरुलाई आ-आफ्नो शाखा सन्ततीहरुलाई हस्तान्तरण गर्ने क्रमको सबै भन्दा सजिलो माध्यम अभिनय गरेर सार्ने कार्य गरे । र त्यो नै आज आएर सिलीको रुपमा रहेको पाइन्छ । यसै क्रममा सिलीको उत्पत्ति भएको कुरा राई वान्तवाका जानकारहरु बताउँदछन् ।

यसै सन्दर्भमा सिलीको उत्पत्ति सम्बन्धी एक पौराणिक लोक आख्यान रहेको पाइयो । उक्त लोक आख्यान अनुसार किराँतपूर्खा हेन्कुवुङको दुई छोरी र एक छोरा थिए । छोरीहरु तावाँमा र खियामा थिए भने छोरा हेच्छाकुप्पा थिए । दिदीहरु र भाइको बीचमा दुःखद बिछोड भएको थियो । दुःखद छुटमा दिदीहरुले भाइलाई मृत घोषणा गरी बनकेरा र कर्दा भाइको लास गाडेको ठाउँ माथिछाडि दिएका थिए । तर पछि भाइ बाँचेछ र दिन दिनै हुँर्कदै गएछ । हुर्कदै जाँदा जवान भएछ । तत्पश्चात विवाह गर्ने निधो गरि दिदीहरुलाई खोजी गर्न निस्केछ । मऱ्यो भनेको भाइको विवाहमा उपस्थित हुन पाउँदा दिदीहरु ज्यादै खुशी भइछ । विवाह सकिए पछि दिदी भाइ बीच छुटिने वेला भएछ । त्यो बेलामा दिदीहरुले भाइलाई खुशीको चिनो छाड्ने विचार गरेछन् तर दिदीहरुसँग केही पनि चिनो रहेनछ “हामी त चरा भयौ चिनो दिने वस्तु केही पनि छैन वरु नङनुमा लोक्तुमा (सुब्बेफाब्बे रमाइलो) गरेर फर्कनु पर्छ । यसको लागि ढोलहरु रोकिकेयान, वारुकेन र हितोकेन तयारी पारी दिनु हामी लाक नाच्छौ । यही समयबाट साकेन्वा सिलीलाकको शुरुवात भएको किराँत राई वान्तवाहरु बताउँदछन् (हतुवाली (२०६४ पृ १५) ।

सत्य पवित्र भावना बोकेका प्रकृती पुजक राई वान्तवाहरुको जीवित र एक ऐतिहासिक सांस्कृतिक चाड ‘साकेन्वा’ मा प्रयोग हुँदै आइ रहेको सिलीहरुको विभिन्न पक्षहरुसँग सम्बन्ध रहेको पाइन्छ । किराँत राईहरुले सृष्टि पिता र सृष्टिमाताको रुपमा पारुहाङ (आकाश) र सुम्निमा (हेन्खामा) धर्तीमाताको रुपमा मान्ने गरेको पाइन्छ । किराँतीहरुको मुख्य धर्म पिता पूर्खा र प्रकृतीलाई पुज्नु नै हो । त्यसैले साकेन्वा चाडमा यिनै मुख्य तीन पक्षको पुजा अर्चना गर्ने र पुजा अचर्नाको साथ साथै साकेन्वा सिलीको

सहयोगमा साकेन्वालाक नाच्ने गरिन्छ । साकेन्वालाक नाच्दा क्रमबद्ध रुपमा सिलीहरुको प्रयोग हुन्छ । सिली विनाको साकेन्वालाक हुँन सक्दैन । यी दुई बीचमा नङ् र मासुको झैं सम्बन्ध रहेको छ । काँधमा ढोल हातमा झ्याम्टा, धनुषकाँड, तरवार आदि लिएर नाक्छोङ, नाक्छोङमाको इशारालाई साथ दिइ नाच्नु नै सिली हो भन्दछन् । नाक्छोङ वा नाक्छोङमाले विभिन्न प्रकृतीका कार्यहरुको  नक्कल वा संकेत गर्दछन् । त्यो नक्कल वा संकेत गर्ने व्यक्तिलाई नाक्छोङ वा नाक्छोङमा भनिन्छ । नाक्छोङले गरेको नक्कल वा संकेतले किराँत इतिहासलाई झझल्काउने गर्दछ । सिलीमा किराँत पूर्खाहरुले वाटो बनाएको, भष्मे फाडेको, कपास छरेको, वीउ छरेको, अन्नवाली लगाएको, तान बुनेको, जंगली जनवारहरुको नक्कल गरेको, चराचुरुङ्गीहरुको नक्कल गरेको आदि आउँदछन् । यसरी सिलीमा आउने अनगिन्ति कार्यहरुले मानव इतिहास वा किराँत इतिहासलाई उजागर गर्ने गरेको पाइन्छ । बाहिरबाट झलक्क हेर्दा नाचिरहेको रमाइलो गरिरहेको देखिन्छ । वास्तवमै साकेन्वा लाकले किराँतीहरुलाई मनोञ्जन त दिएको नै हुन्छ तर पनि साकेन्वा लाकमा निश्चित सीमा वा परिधिभित्र रही हात, खुट्टा ढोल, झ्याम्टाको तालमा चलाइरहेको हुन्छ ती चाल वा नचाइमा किराँत पिता पूर्खाहरुको जीवन यापन कार्य, रहन सहन ऐतिहासिक विकास क्रम, विभिन्न काल खण्डको घट्नाक्रम आदिलाई झझल्काई रहेको हुन्छ । त्यसैले साकेन्वा सिलीलाकलाई किराँतीहरुको जीवीत इतिहासको रुपमा लिन सकिन्छ भनेर किराँत राई विज्ञहरु बताउँदछन् ।

### ५.१.४ सिलीको प्रकार

किराँत राई वान्तवाहरुको एक जिवित ऐतिहासिक सांस्कृतिक चाड साकेन्वामा प्रयोग हुँदै आइ रहेका विभिन्न सिलीहरु छन् । यी सिलीहरु यति नै छन् भनेर उत्तरदाताहरु बताएनन् । किराँत राई विज्ञ तथा ऐतिहासिक जानकार व्यक्तिहरुका अनुसार कसैले १८४ कसैले १५१ कसैले १०६ हुन्छन् भनी दावी गरेको पाइन्छ । सिलीहरु यति नै छन् भनी यकिन गर्न गाह्रो भएता पनि विशेषताको आधारमा मुख्य रुपमा सिलीलाई निम्न चार भागमा विभाजन गरिएको पाइन्छ ।

(क) कृषि चित्रणको अभिनय सिली

(ख) प्राकृतीक चित्रणको अभिनय सिली

(ग) प्राणीहरुको चित्रणको अभिनय सिली

(घ) आत्मिक अभिनय चित्रणको सिली

### (क) कृषि चित्रणको अभिनय सिली

यस समुदायले कृषि पेशासँग सम्बन्धित रहेर सांकेतीक रुपमा प्रस्तुत गरिने अथवा सिली/नृत्यको माध्यमबाट कृषि जनजीवन र यससँग सम्बन्धित यथार्थता झल्काउनु नै कृषि चित्रणको अभिनय सिली हो । मानवलाई जीवन यापनको लागि विभिन्न किसिमको उपभोग्य वस्तुहरुको आवश्यक पर्दछ । जुन उपभोग्य वस्तुहरु कृषि कार्यबाट आम मानव समुदायले प्राप्त गर्दै आइरहेका छन् । त्यस्तै किराँत राई बान्तवाहरुको पनि प्रमुख पेशा कृषि कार्य नै हो । त्यसैले गाँस, बास र कपासको लागि गरिने विभिन्न क्रियाकलापहरु कसरी गरिन्छ भन्ने कुराको प्रस्तुती यस सिलीबाट प्राप्त गर्न सकिन्छ । उदाहरणको रुपमा भष्मे फडानी गरी अन्नबालीको बीउ छरेको, बीउ गोडेको, बीउ उखेलेको, बीउ रोपेको, गोडमेल गरेको, टिपेको, काटेको, कुटेको, पिसेको, केलाएको, पकाएर खाएको, त्यस्तै भस्मे फाडेको, कपास खेती लगाएको, कपास गोडमेल गरेको, टिपेको, फड्काएको, धागो कातेको, तान थापेको, तान बुनेको, कपडा बुनेर लगाएको आदि अभिनयहरु यसमा गरिन्छ ।

### (ख) प्राकृतिक चित्रणको अभिनय सिली

परम्परागत रुपमा बान्तवा राईहरु प्रकृतीप्रति निर्भर रहेका थिए । प्रकृतीबाटै आफ्नो सम्पूर्ण आवश्यकताहरु पूर्ण गर्ने गर्दथे । फलस्वरुप प्रकृती जस्तै जल, वायु, तेज, सूर्य आदिलाई खुशी पार्नु अति आवश्यक मानिन्छ । त्यसकारण यस चाडमा सम्पूर्ण प्राकृतिक वस्तुहरुको पूजा अर्चना गर्नु, विभिन्न चराचुरुङ्गी, जंगली जनावरहरु आदिको नक्कल गर्दै नाच्ने गरिन्छ ।

### (ग) प्राणीहरुको अभिनय चित्रणको सिली

विभिन्न प्राणीहरुले गर्ने क्रियाकलाप तथा अभिनयलाई जस्ताको त्यस्तै सिलीको माध्यमबाट झल्काउनु नै प्राणीहरुको चित्रणको अभिनय सिली हो । जसमा चराचुरुङ्गी जनावरहरु आदिको नक्कल गरिन्छ ।

यस प्रकारको अभिनय सिली किराँत पूर्खाहरुले विगतमा विभिन्न किसिमका जंगली जनावर चराचुरुङ्गीहरु जस्तैः बाघ, भालु, मृग, डाँफे, कालिच, कऱ्याङकुरुङ, कल्चुडा आदिले गर्ने विभिन्न किसिमका क्रियाकलापहरुको अनुकरणात्मक अभिनय गरी मानव सभ्यताको विकास क्रमलाई झल्काउने गर्दछ । यसबाट के कुरा स्पष्ट हुन जान्छ भने मानिसहरुले हाल

गर्दै आइरहेका कतिपय कार्यहरु पशुपंक्षी, जंगली जनावर आदिबाट सिकेका रहेछन् भन्ने संकेत दिन्छ । ऋतु परिवर्तनसँगै किराँत राई बान्तवाहरुको जीवन पद्धतिमा पनि परिवर्तन हुने अभिनयको रुपमा प्रस्तुत गरिन्छ ।

**(घ) आत्मिक अभिनय चित्रणको सिली**

आत्मिक अभिनय चित्रणको सिली अन्तर्गत भावनात्मक पक्षको अभियनको चित्रण भएको पाइन्छ । जस्तैः मिलन, विछोड आदिमा रमाइलो र रोदनका साथै दुःख सुखका क्षणहरु झल्काउने  आत्माका यथार्थ कुराहरुलाई यस सिलीको माध्यमबाट झल्काइन्छ । आत्मिक अभिनय सिलीमा विशेषतः किराँती पूर्खाहरुले गरेका आत्म अनुभूतिका कुराहरुलाई अभिनयद्वारा प्रष्ट पार्ने कार्य गरिन्छ । यो सिलीमा मानिसहरु बिहान उठेदेखि दिनभरी गर्ने विभिन्न कार्यहरु र बेलुका सुत्ने बेलासम्मको सम्पूर्ण क्रियाकलापसँग सम्बन्धित रहेर अभिनय गर्दछन् ।

यसरी विशेषताको आधारमा साकेन्वा सिलीहरुलाई चार भागमा विभाजन गरेको भए तापनि अध्ययन क्षेत्रमा रहेका किराँत राई बान्तवाहरुले प्रयोगमा ल्याई रहेका यस मध्येका लोकप्रिय सिलीहरु निम्न छन् :-

**१. माङछालाक (कुलदेवता)**

नाक्छोङ (पूजारी) ले साकेन्वा लाक शुरु गर्दा नाच्ने लाक माङछालाक अथवा माङछा सिली हो । यो लाक (नाच) पूजारी बाहेक अरुले नाच्नु हुदैन । नाक्छोङले माङछालाक नाचेर शुरु नगरी झ्याम्टा बजाउनु हुँदैन बजाएमा अनिष्ट हुन्छ भन्ने मान्यता रहेको छ ।

**२. छोङवालाक (चरा नाच)**

यो सिली माङछामा (कुलदेवता) को खुशीयाली शुरु भयो भनेर भर्लाको पात वा केराको पात बिछ्याउने सम्बन्धी सिली हो । यो सिली चराचुरुङ्गी र प्रकृतीसंग सम्वन्ध छ भन्ने संकेत गर्दछ ।

**३. चानुक्मा (कोदो माड्नु)**

यो सिली कोदो पाकेपछि कोदोको बालाबाट दाना झार्दा माड्ने काम गरे जस्तो अभिनय गरेर नाचिने सिली हो ।

**४. चा-ठोमा (अन्न थन्काउनु)**

यो सिली अन्न थन्काउने तरिकाको अभिनय नै गरिन्छ । यस अभिनयले अन्न वाली पाकेर थन्काउने समय आयो भन्ने  संकेत दिन्छ ।

**५. खस्सा (मृग)**

यो सिली मृगको जस्तो नक्कल गरिने भएकोले यसलाई खस्सा सिली भनिएको हो ।

**६. वापा (भाले नाच)**

यो सिलीमा कुखुराको भालेले जस्तै बासेर नाचिने सिली हो ।

**७. किवा दामफाक (बाघ)**

यो सिलीमा बाघले भुईमा खोस्रीए जस्तो खुट्टाले खोस्रीएर नाचिने सिली हो  ।

**८. मुक्वा (बट्याइचरा)**

यो सिलीमा बट्याई चराको उफ्राइको नक्कल गरीन्छ । यो सिलीमा अगाडि पछाडि र दायाँवायाँ उफ्रिने गरिन्छ ।

**९. टाङटुप्पि (एक प्रकारको खोलामा बस्ने चरा)**

यो सिली खोलामा उड्ने एक प्रकारको बुट्टेदार चराको नक्कलगरी नाचिने सिली हो ।

**१०. चेन्चेवा (चिभिर्के चरा)**

यो सिली चिभिर्के चराजस्तो अभिनय गरी नाचिने सिली हो ।

**११. सुम्वाक रिपरिप (पात वेर्ने अभिनय)**

यो सिली भनेको अन्य सबै सिलीहरु सकिएको संकेत गर्ने सिलीको रुपमा पनि चिनिन्छ । माङछालाक पछि छोडवालाकमा फिजाइएको पात उठाउने समय भनेर अर्थ दिन्छ । यो सिली आएपछि सिली सकिएको भनेर बुझिन्छ ।

**१२. होत्द्योङपा (समापन सिली)**

यो सिली भनेको पूर्णरुपमा नाच्ने काम सकिएको भन्ने बुझाउछ । यो सिली विश्रामको सिलीको रुपमा चिनिन्छ । यो सिली सकिएपछि खाने पिउने काम शुरु हुन्छ ।

माथि उल्लेख गरिएका सिलीहरुको अतिरिक्त राई बान्तवाहरुले प्रयोग गर्दै आइरहेका सिलीहरु अरु धेरै छन् । त्यस्तै आम राई समुदायभित्र सिलीको कुरा गर्ने हो भने बसोबास स्थानको आधारमा, खोलाको आधारमा, पाछ्राको आधारमा फरक फरक किसिमका सिलीहरु हुने गरेको स्थानीय बान्तवा राईहरुले वताए । सिलीहरु आम राई समुदायमा फरक फरक भएता पनि यसको मूल मर्म भने एउटै रहेको पाइन्छ । जुन प्रकृती, पूर्वज पिता पूर्खा, प्राणी चराचुरुङ्गी, जनावर आदिसंग बान्तवा राईहरुको सम्बन्ध जोडिएको छ भन्ने संकेत गर्दछ ।

## ५.२ साकेन्वाको सामाजिक साँस्कृतिक महत्व

समाज एउटा सामाजिक सम्बन्धको जालो हो, त्यही जालो भित्र विभिन्न समुदायका सदस्यहरु जेलिएर रहेको हुन्छ । ति समुदायका प्रत्येक सदस्यहरु एक अर्कामा अन्तरनिहित, अन्तरसम्बन्धित र पारस्परीक भावना रहेको हुन्छ । ती प्रत्येक समुदायको आ-आफ्नै रितिरीवाज, परम्परा, मूल्यमान्यता, संस्कृति, संस्कार तथा चाडपर्वहरु सामाजिक, साँस्कृतिक व्यावस्थालाई टिकाउनका लागी महत्वपूर्ण प्रकार्यात्मक भूमिका खेल्दछ । त्यसैले संस्कृति एउटा व्यावस्थाको रुपमा अन्तरसम्बन्धित भागहरुको एउटा समूह हो । यही विविध समूहमध्ये बान्तवा राईजातिमा साकेन्वाको आफ्नै छुट्टै सामाजिक, साँस्कृतिक महत्व पाइन्छ । राई समाजमा साकेन्वाको महत्व वहुपक्षीय रहेको छ । सामाजिक साँस्कृतिक बाहेक धार्मिक र ऐतिहासीक महत्वलाई पनि विशेष रुपमा लिन सकिन्छ । यसलाई ऐतिहासीक रुपमा हेर्ने हो भने साकेन्वाको पूजा गर्ने विधि र नाच्ने शैलीहरुले नेपालमा किराँत राई जातिको प्राचीनता एवं ऐतिहासीक गरिमा बढाउँछ । साकेन्वामा विभिन्न सिलीले घुमन्ते युगपछि शिकारी, पशुपालन र कृषि युगहरु मान्छेले पार गर्दै आएको छ भन्ने कुराको अभिव्यक्त गर्दछ । सामाजिक दृष्टिकोणले हेर्दा विवाहित चेलीवेटीहरु, देश परदेश गएका दाजुभाइका साथै गाउँ छिमेकीका इष्टमित्रहरुको विचमा भेटघाट हुने गर्दछ । टाढा टाढा भएका नातागोताहरुलाई बोलाउने गर्दछन् । जति टाढा भएतापनि साकेन्वा चाडको वेलामा आफ्नो गाउँ घरमा फर्केर आउने गर्दछ । यसले गर्दा सबैजना दाजुभाइ, दिदीबहिनी र आफन्तहरुमा मिलीजुली गरी बस्ने कुराको विकास हुने गर्दछ । साकेन्वा नाच्दा सामूहिक रुपमा मानिसहरु एउटै गोलाकार रुपमा हर्ष र उल्लासका साथ नाच्ने परम्पराले गर्दा उनीहरुवीच पुराना द्वेष र इर्ष्या, मनमुटावहरुको अन्त्य भइ आपसी मैत्री र सद्भावनापूर्ण सम्बन्ध बढाइ सामाजिक एकतालाई वढावा दिन मद्दत पुऱ्याउँदछ । यति मात्रै नभएर

कतिपय युवायुवतीहरु वीच प्रेमको शुभारम्भ समेत गराइ दुई भिन्न परिवार वीच एक नयाँ सम्बन्धको अभिवृद्धि पनि गराउँदछ ।

साकेन्वा चाडले विविध भाषा तथा संस्कृतिमा विभाजित राईहरुलाई सामाजिक एकताको साङ्लोमा बाधि आपसी सद्भाव र भाइचाराको सम्बन्ध स्थापित गरिदिएको छ । यस चाडमा नाताकुटुम्ब, छिमेकीहरुसंग दुःख, सुख विनिमय गर्दछन् जसले गर्दा नातेदारसंग पारस्परीक बन्धन तथा कर्तव्य र प्रेम भावनाको सहसम्बन्धलाई जागृत गराइ सामाजिक एकता कायम गर्न महत्वपूर्ण भूमिका खेल्ने हुँदा यसलाई सामाजिक महत्व भनिन्छ । साकेन्वाले आपसी भेटघाट गराउनुको साथै नयाँ र पुराना पिंढीहरुलाई आफ्नो साँस्कृतिक मूल्यमान्यताहरु साथै आफ्नो रितिरीवाज पनि सिकाउँदछ । हरेक वर्ष साकेन्वा चाडमा किराँत राईहरु नाच्नु गाउनुको साथै पिता पूर्खादेखि मानि आएको आफ्नो कुलदेवताहरुको पूजा गरी आफन्तहरुलाई भोजभतेर खुवाएर आफ्ना आध्यात्मिक कर्तव्यहरुलाई पुरा गर्ने कार्य गर्दछन् । आफ्ना पूर्वजहरुका मृत आत्मालाई नै देवता ठान्ने भएकोले र त्यस आत्माको समेत अभिनय साकेन्वामा गरिने भएकोले यसको धार्मिक तथा साँस्कृतिक महत्व निकै देखिन्छ ।

## ५.३ साकेन्वामा पूजा गर्ने विधि र त्यसमा प्रयोग गरिने बस्तुहरुको सामाजिक, साँस्कृतिक प्रतीकात्मक अर्थहरु

संस्कृति सम्पन्न किराँत राईहरुले साकेन्वालाई महान चाडको रुपमा धुमधामका साथ मान्दछन् । यो समयमा टाढा परदेश पुगेका घरका सदस्यहरु समेत साकेन्वा सम्झेर घर फर्कने गर्दछ । यस अवसरमा सवै आफन्तजन भेला भइ दुःख सुख साट्दै जातिय परम्परा अनुसारको विभिन्न परिकार तुल्याई खाने गर्दछन् भने स्वः जातिय पहिरन लगाएर साकेन्वामा नाचिने नाच नाच्दै मनोरञ्जन पनि गर्दछन् ।

साकेन्वाको नेपाली अर्थ शिला भन्ने हुन्छ । विभिन्न मातृभाषी राईहरुले साकेन्वालाई साकेवा, साकेला तोषी आदि नामले बोलाउने गर्दछ । बान्तवा राई भाषामा भने यसको शाब्दीक अर्थ साप्टेन = दुनिया र केन्वा = पालक भन्ने हुन्छ अर्थात सृष्टिकर्ता, जीवनपालक, जीवन रक्षक निनाम्मा -आकाश), हेन्खामा (धर्ती) र मृत पूर्खाहरुको प्रतीकको रुपमा रहेको सिला नै साकेन्वा हो । यी जातिमा निनाम्मा र हेन्खामाको संयोजनबाट नै जीवजन्तु र रुख विरुवाहरुको सिर्जना भइ जीवनजगत संचालन भएको हो भन्ने विश्वास रहेको छ । पितृहरुबाट समेत दैवीघटना, महामारी, जंगली जनावर साथै अन्य शत्रुहरुबाट

सुरक्षा गरेको हुन्छ भन्ने विश्वास गर्दछन् । त्यसैले प्रत्येक वर्ष दुइपटक आफ्ना सृष्टिकर्ता र संरक्षककर्ताहरुलाई सम्झदै बलमाग्ने, अन्न पैसाको सह माग्ने र बस्तु भाउँ फैलियोस, दैवीघटना नपरोस, महामारी नलागोर भनि साकेन्वा पूजा गरिन्छ ।

साकेन्वा राई जातिको धर्म संस्कृति, साहित्य, ईतिहास र भाषा पनि हो । यस भित्र किराँत बान्तवा राई जातिको सम्पूर्णता रहेको छ । ठाउँ र थर अनुसार साकेन्वा पुज्ने विधि फरक फरक र आ-आफ्नै किसिमबाट पुज्ने गर्दछ । अध्ययन क्षेत्रका राई समुदायले साकेन्वा पूजा विविध निम्न प्रकारबाट गर्ने गर्दछन्:

### ५.३.१ साकेन्वा पूज्ने विधि

साकेन्वा पूज्दा निम्न विधिहरुद्वारा गरिन्छ :

#### ५.३.१.१ यमाङ तोन्मा (पानी माग्ने)

उभौली गर्नुभन्दा अगाडि पानी माग्ने कार्य गरिन्छ । पानी माग्ने दिनमा गाउँको बुढापाकाहरु नाक्छोङको घरमा जम्मा हुन्छन् । नाक्छोङको घरमा राखिएको साकेन्वामा प्रयोग गरिने सामाग्रीहरु ढोल, झ्याम्टा, चिण्डो, धनुषवाण, तरवार आदिलाई झिकेर एकै ठाउमा राखिन्छ । नाक्छोङले प्रयोग गर्ने ती बस्तुहरुमाथि तोत्ला ( केराको पात) फिजाइ त्यसमाथि चामल, मर्चापानीले भरिएको चिण्डो, अदुवा र कर्द अथवा खुर्पा राखी नाक्छोङले मुन्धुमद्वारा मन्त्रोच्चारण गरी विधिपूर्वक पूजा गर्ने गर्दछ । नाक्छोङले अदुवालाई मर्चापानी ( सोलोन्वा) ले छर्केर कछुर काटी साप्टेन ( गाउँको ) साया ( दशाग्रह) हेर्ने काम गर्दछ । यसरी काटीएको कछुर उल्टो भयो भने शुभ (राम्रो) कार्यको संकेत मानिन्छ भने घोप्टो भयो भने अशुभको संकेत मानिन्छ । पूजाआजा गर्ने कार्य सकिएपछि ढोल, झ्याम्टा बजाउँदै गीत गाउँदै नाक्छोङ अगाडि अगाडि र सालुम्सङ र केन्छरवा (बुढापाका र सहयोगी) हरु ढोलबोकी पछाडि लहरै गरी साकेन्वा थानतिर प्रस्थान गर्दछ । पानी माग्नु जादा खाजाको रुपमा रक्सीको प्रयोग गर्दछन् जसलाई लाङवा भनिन्छ । यो लाङवा बाटोमा ठाउँठाउँमा बिसाई पिउने गर्दछन् । साकेन्वा थानमा पुगिसके पछि दश पगरीका नाक्छोङहरु लगायत सहयोगीहरु भेला भइ सकेपछि अरु सवै नाक्छोङहरु मिली पानी माग्ने कार्य शुरु गर्दछ । पानी मागेको दिन पानी पर्छ भन्ने विश्वास गरिन्छ र पानी पनि पर्ने गर्दछ । थानमा चढाएको पानी त्यही पानी आ-आफ्नो घरमा ल्याई घरलाई अन्नवाली र फलफूलको बोटलाई छर्किने गरिन्छ । यसरी छर्कनुको अर्थ घरलाई अशुभ नहोस, अन्नवाली, फलफूल

राम्रो सप्रियोस, किराफट्याङराले नाश नगरोस भन्ने विश्वासका साथ छर्किने कार्य गर्दछ । यसै दिन सबै नाक्छोडहरु सल्लाहगरी कति गते साकेन्वा पूजा गर्ने भन्ने निर्णय गर्दछ । नाक्छोङहरुको निर्णय अनुसार साकेन्वा पूजा गर्ने मिति तोकी त्यही अनुसार साकेन्वाको पूजा गर्ने गरिन्छ ।

यसरी सबै कार्य सकेपछि सबै नाक्छाङहरु आ-आफ्नो घर फर्किन्छन् । घर फर्किसकेपछि नाक्छोङले माङ (पितृ) लाई जुनकुराको लागी हामी गएका थियौं त्यो पुरा भयो भनेर खुशीहुँदै धन्यवाद स्वरुप मुन्धुम भन्दै कछुर काटी समापन गरिन्छ ।

### ५.३.१.२ ढोल झिक्ने

उत्तरदाताहरुको भनाई अनुसार पानी माग्ने विधि सकेको लगभग एक महिना पछि जेठ महिनाको पूर्णिमा तिथि पारेर ढोल झिक्ने विधि गरिन्छ । त्यसपछि साकेन्वा चाडको शुरुवात हुन्छ । ढोल झिक्ने कार्य अरु ठाउँतिर शनिवार गरेपनि यस थिदिंखा गाउँ विकास समितिमा चाहि आइतवार मात्र गरिन्छ । यो दिन गाउँका सबै मानिसहरु नाक्छोङको घरमा जम्मा भइ नाक्छोङले ढोल झिक्ने काम गर्दछ । कछुर काटेर जोखाना हेर्दै मुन्धुम गाउँदै ढोल निकाल्दछ । उँभौली वा उधौली कुन समयको लागि ढोल निकाल्न लागेको हो सो कुरा मुन्धुममा वताएर निकालिन्छ । ढोल राम्रो वज्ने बनाउनको लागि निकालीसकेपछि तन्काउने, बनाउने, पानीमा भिजाउने गरिन्छ । ढोलहरु नभिजाई वजाउने चलन पनि पाइन्छ । ढोल भिजाउदा गह्रौं भएर वोक्न नसकिने समस्या भएको कारण पनि भिजाइदैन । ढोल झिकेकै दिन बेलुकी सबै भेला भएर सामूहिक पूजा गर्न सार्वजनिक स्थलमा भेलाभएर आफ्ना पितृ पूर्खाहरुलाई चाचोङवा (जाडँ, पानी, खाना) दिने गरिन्छ । यो उत्सवमा हरेक घरबाट भात, जाड लगायतका खानेकुराहरु लगिन्छ । त्यसरी पितृको नाममा चढाएको खानालाई दिवाकोक (पितृको खाना) भनेर प्रसादको रुपमा उपस्थित सबै मानिसहरु मिलेर खाने गरिएको पाइयो । त्यहाँ उपस्थित सबै मानिसहरु केटाकेटी देखि लिएर बुढाबुढीहरु समेत ढोल झ्याम्टा सहित सबै मिलेर गीत गाउँदै नाच्दै रमाइलो गर्ने गर्दछ । यसरी सार्वजनिक ठाउँमा पूजाआजा सकिएपछि नाक्छोङको घरमा पूजा गरेपछि मात्र अरु घरमा पूजागर्ने गरिन्छ । पूजारीको घरमा पूजा नगरी अरु घरमा गर्नु हुँदैन भन्ने मान्यता रहेको पाइन्छ । त्यसैले राई समाजमा नाक्छोङको सामाजिक प्रतिष्ठा अरुको भन्दा उच्च रहेको पाइन्छ ।

### ५.३.१.३ साकेन्वाको पूजा (साकेन्वा ठोक्मा)

साकेन्वा ठोक्मा भनेको साकेन्वा पुज्नु हो । मर्चा पानीले अर्च्याउने कामहुने भएकोले बान्तवा राई भाषामा ठोक्मा (पोखाइदिनु) भनेको हो । यसरी सोमवारको दिन वजार लगाई विधिवत रुपमा पूजागर्ने कार्यक्रम हुन्छ । यस दिन नाक्छोडले आफ्नो घरमा पितृसंग वलमागी सहगोगीहरु सहित र गाउँका युवायुवतीहरु समेत सहभागी भई नाक्छोडको पछि ढोल, झ्याम्टा बजाउँदै साकेन्वा लाक गाउँदै साकेन्वा थानमा पूजा गर्न जाने गर्दछ । साकेन्वा थानमा सबै दश पगरीका नाक्छोडहरु पूजा गर्न भेला हुन्छन् । ढोल, झ्याम्टा सहित होहल्लाका साथ साकेन्वा थानमा पुगेर थानमा झम्टनुपर्छ । साकेन्वा माङ (देवता) लाई विभिन्न प्रकारका भूतप्रेत, देवीदेवता र अगत आत्माहरुले खान पाउने आशमा घेरेर बसेका हुन्छन् रे । तिनीहरुलाई हटाउन हातहतियार, वाजागाजा सहित होहल्ला गरेर छोप्नु पर्ने भएको नाक्छोडहरु वताउँछन् । त्यसरी छोपीसकेपछि दश पगरीका नाक्छोडहरु मध्ये सबभन्दा जेठो नाक्छोडले पूजाको शुरुवात गर्दछ । तोत्ला (केराको पात) फिजाएर यारी ( कछुर) काटेर जोखाना खुट्याउछन् । त्यसपछि पहिला नाक्छोडको साया भाले काट्ने चलन छ । त्यसपछि अरु नाक्छोडहरुले पालैपालो गरी साकेन्वामा पूजा गर्दछन् ।

साकेन्वा पूजा जहिले पनि सोमवारको दिन गर्ने चलन पाइन्छ । अरु वार साकेन्वा पूज्न हुदैन किन कि परापूर्वकाल पारुहाङ र सुम्निमाको पालादेखि नै सोमवारको दिन पूजागर्ने भएको कारणले यो अहिले सम्म पनि कायम रही आएको मान्यता छ । साकेन्वा पूजा गर्दा गाउँका प्रत्येक घरबाट साकेन्वामा भाले चढाउन लाने गर्दछन् । यसरी प्रत्येक घरबाट साकेन्वामा भाले चढाउनु लानु भन्दा अगाडि घरको मूली मान्छेले आफ्नो माङ ( पितृ) मा पहिला देखाउनु पर्छ । पितृमा देखाउदा अक्षता, आम्खोरामा चोखो पानी र तितेपाती अथवा दुवोले भालेको टाउकोमा छर्किदै पितृसंग आज्ञा माग्नु पर्छ । यसरी भालेको टाउकोमा अक्षता राखी पानी र दुवोले छर्काउदा यदि भालेले टाउको हल्लायो भने पितृहरु खुशी भए भन्ने अर्थ लाग्दछ यदि टाउको हल्लाएन भने पितृहरु खुशी छैनन् भन्ने अर्थ लिने गर्दछ ।

साकेन्वा थानमा भाले चढाउनुका साथै विभिन्न बस्तुहरु घण्टी, त्रिशुल आदि पनि चढाउने गर्दछ । यसरी साकेन्वा पूजाको दिन विभिन्न बस्तुहरु चढाएमा चिताएका कुराहरु, इच्छा, मनोकांक्षा पूरा हुन्छ भन्ने विश्वास गरिन्छ । साकेन्वा थानमा पूजा सकेपछि सबै नाक्छोड लगायत सहयोगीहरु एकै ठाउँमा भेला भइ जेठो नाक्छोडको निर्देशन अनुसार ढोल

कुदाउने कार्य गर्दछ । जसले ढोल बोकेर साकेन्वा थानको ढोका वाहिर कुदेर छिटो निस्कन्छ त्यस गाउँमा राम्रो हुने, अन्नवाली राम्रो हुने, नाक्छोङको साया राम्रो छ भन्ने संकेत दिन्छ ।

साकेन्वा थानमा पूजा सकिएपछि बजार भने अर्को ठाउँमा लाग्ने गर्दछ । बजार लाग्ने ठाउँमा विभिन्न गाउँबाट विभिन्न जातजातिहरु बजार भर्नको लागि सहभागी भएका हुन्छन् । टाढाटाढाबाट पनि साकेन्वा वजार भर्नको लागी वजारको दिन बुढाबुढी देखि केटाकेटीहरु सम्म आउने गर्दछ । वजारको दिन सबै उमेरका राई जाति लगायत अरु जाति पनि गोलाकार भई नाच्ने गाउँने गर्दछन् । आफन्तहरु समेत यसैलाई अवसर पारेर भेटघाटको क्रममा आउने गर्दछन् । यसरी सबै भेला भई साकेन्वाको पूजा गर्दै आफ्नो जातिय परम्परा अनुसारको खानपिन तुल्याई खाने गर्दछ भने जातिय पहिरन, गरगहना लगायत नाच्ने गर्दछन् ।

साकेन्वा बजार सकिएपछि नाक्छोङले ढोल केन्छरवा ( सहयोगी) लगायत दलवल सहित घर फर्किन्छन् । घरमा पुगेर नाक्छोङको घरमा दुईचार वटा सिली नाचेर ढोल राख्ने कार्यक्रम हुन्छ । 'अन्नको सह लिन नगतको सह लिन, ज्ञानबुद्धी लिन गएका थियौ अव हामी फर्किएर आएका छौ अर्को सेवासम्म बिसाइदेउ है' भनेर नाक्छोङले कछुर काटेर जोखाना हेरेर ढोल राख्दछ । साकेन्वामा हरेक कुरा कछुर काटेर नै हेरिन्छ । अदुवालाई सोलोन्वाले (चिण्डो) पर्सिएर काटेपछि घोप्टो भएको लुकेको र उल्टो वा उत्तानो परेको देखिएको भनेर विश्वास गरिन्छ ।

### ५.३.२ साकेन्वा चाडमा प्रयोग गरिने वस्तुहरुको प्रतीकात्मक अर्थ

विभिन्न नामले बोलाइने साकेन्वाको अर्थ सिला वा ढुंगा हो । यो सिलालाई सृष्टिकर्ता, जीवनदाता र संरक्षकको प्रतीक मानि पूजा गर्नु नै साकेन्वा हो । किराँत बान्तवा भाषामा साकेन्वा भन्नाले सायाताली (धनुषकाँड) ढोलभ्याम्टा (केन) र पानी (वा) भन्ने बुझिन्छ । साकेन्वा पूजा भन्नाले यिनै धनुकाडँ, ढोलभ्याम्टा र पानीको साथमा किराँतहरुको ईश्वरसंग शक्तिको माग गर्नु भन्ने बुझिन्छ । ईश्वर भनेको किराँत राईको निम्ति पूर्खा हो । पूर्खासंग पूर्खाहरुले चलाएको हतियार सायाताली देखाई ढोल भ्याम्टाको तालमा नाची पानीको सट्टा सोलोन्वाले अर्चाई खुशी पारी शक्ति र अन्नको माग गर्नु हो ।

बर्षमा दुई पटक मनाइने साकेन्वालाई उँभौली र उँधौली सेवा भनिन्छ । उँभौली सेवालाई छोङवालाक सेवा वा छिमालिम सेवा पनि भनिन्छ । छोङवालाक भन्नाले चैत वैशाखमा पलाउने भर्लाको चिउला पात हो । भने छिमालिम भन्नाले अन्नवालीका टुसा भन्ने

बुझिन्छ । भर्लाको चिउला पातले समय फेरीएको अर्थात नयाँ बर्ष लागेको संकेत दिन्छ भने छिमालिमले नयाँ बर्षको आगमनसंगै अन्नवाली लगाउने समय भयो भन्ने संकेत दिन्छ । त्यसैले यो समयमा एक पटक सृष्टिकर्ताहरु र मृतात्मा पितृहरुलाई सम्झेर पूजा गर्नु सन्ततिहरुको कर्तव्य हो । यो सेवा वैशाख पूर्णिमाको आउने सोमवारबाट शुरु हुन्छ र जेठ महिना भित्र सकिन्छ । उँभौली सेवासंगै कृषकहरु अन्नवाली लगाउन खेतवारीमा व्यस्त हुन थाल्दछन् ।

उँभौली सेवासंगै लगाइएका अन्नवालीहरु क्रमशः फल लाग्दै पाक्न थाल्दछ र बर्ष अन्त्य हुन लागेको संकेत गर्दछ जसलाई उँधौली सेवा भनिन्छ । यसलाई चासुमसेवा वा तुप्लाबाक सेवा पनि भनिन्छ । चासुम भन्नाले अन्न हो भने तुप्ला वा तोत्ला भनेको केराको पात हो । अन्न प्राप्ति र केराको पातले बर्षको अन्त्य हुन लागेको संकेत गर्दछ । अर्थात अब अन्न फल्ने समय सक्यो र केराको पात पनि पलाउने नभई सुक्दै जान्छ भन्ने संकेत । उँधौलीसेवा मंसिरे पूर्णेको आउने सोमवारबाट थालिने भएपनि असोज महिनाबाटै प्राय बालीनाली पाक्न शुरु हुने हुदा सोहि समयमा पनि सृष्टिकर्ता र संरक्षककर्ताहरुलाई अन्न, पैसा दिनु भयो, दैवी घटना र विपति महामारीबाट पनि रक्षा गर्नुभयो, हामी बाँच्यौ भन्दै पूजा गर्ने कार्य गरिन्छ ।

राईजातिमा गरिने अन्य विविध पूजाहरु भन्दा साकेन्वामा फरक प्रकारका सामाग्रीहरुको प्रयोग गरिन्छ । अदुवा, मर्चापानी सहितको चिण्डो, ढोल, झ्याम्टा, धनुवाण, भाला, तरवार आदिको प्रयोग गर्नुको आ-आफ्नै अर्थ रहेको पाईन्छ ।

साकेन्वा जस्तो आस्थाको पूजा र मनोरञ्जनात्मक नाचमा ढोल, झ्याम्टा र हातहतियारको पूजा गर्नुका साथै पूजाको समयमा आफ्नो जीवन रक्षाको लागि पूज्ने र साथमा लिएर नाचिएको हुन्छ । धनुवाण, भाला, तरवार, आदि प्रयोग गर्नुको अर्थ सुरक्षाको लागि हो । साकेन्वा सृष्टिकर्ता पारुहाङ, सुम्निमा, निनाम्मा, हेन्खामाको पूजामात्र नभएर मृतात्मा पितृहरुको समेत पूजा हो । साकेन्वाको पूजा भए पनि साकेन्वालाई नाग, देवीदेवता, भूतप्रेत आदिले घेरिएको हुन्छ । भूत प्रेत भन्नाले राई जातिमा मृत आत्मा हो जसले मानिसहरुलाई सिधै निल्न खोज्छ भन्ने विश्वास रहेको हुन्छ । त्यसैले नाक्छोडले साकेन्वा पूजा गर्दा कुनै पनि नाग, देवीदेवता, भूतप्रेतले दुःख नदेओस, नखाओस भन्ने हेतुले बोक्ने गर्दछ । यसरी बोकिएको हातहतियारको डरले भूतप्रेतले मानिसहरुलाई छुन सक्दैत र खान पनि सक्दैन भन्ने विश्वासले गर्दा हातहतियारको प्रयोग गरिएको पाइन्छ । किराँत

राईहरुले आफुलाई सुरो शिकारी पनि मान्ने गर्दछन् । त्यसैले आदिम युगमा शिकार गर्दा प्रयोग गर्ने गरेको पुर्ख्यौली हतियारहरुलाई पनि पूज्ने गर्दछन् ।

वान्तवा राईहरुले साकेन्वा पूजामा विविध सामाग्रीहरु प्रयोग गर्दछन् । उनीहरुका अनुसार ती सामाग्रीहरुको आफ्नै खाले इतिहास र अर्थहरु रहेको पाइयो । साकेन्वा पूजामा बान्तवा राईहरुले निम्न सामाग्रीहरु प्रयोग गर्दछन्ः-

### ५.३.२.१ ढोल झ्याम्टा

बान्तावा राईहरुले साकेन्वा पूजा/नाचमा प्रयोग गर्ने महत्वपूर्ण सामाग्रीमा ढोल झ्याम्टा पनि हो । साकेन्वाको समयमा ढोल झ्याम्टा बजाउदै गीत गाउदै राईहरु नाच्ने गर्दछन् । उनीहरुको विश्वासमा ढोल र झ्याम्टालाई भूतप्रेत वा नराम्रो आत्माहरुबाट जीवन रक्षा गराउने साधन हुन । त्यस्तै ढोल झ्याम्टा बजाउदै यसको आवाजले किराँत राईहरुको सर्वश्रेष्ठ देवीदेवता वा सृष्टिकर्ता सुम्निमा, पारुहाङ र नागनागेनीलाई अन्न वाली लगाइएको (उँभौली) र अन्नवाली पाकेको (भित्र्याउने वेला) भएको (उधौली) मा सूचना दिनको लागि बजाइन्छ । यसरी ढोल र झ्याम्टालाई बान्तवा राई समुदायले सूचना दिने तथा रक्षा कवजको साधनको रुपमा लिने गरेका छन् अर्थात यिनीहरु अवरोध/आग्रह र सुरक्षाका कवजका संकेत गर्दछ ।

### ५.३.२.२ वेछुक (अदुवा)

राई जातिले नभइ नहुने वस्तुको रुपमा अदुवालाई लिइन्छ । उनीहरुको हरेक क्रियाकलाप पूजा वा धर्म, संस्कार सम्बन्धीका कार्यमा अदुवा (वेछुक) अनिवार्य जस्तै हुन्छ । त्यसैले पनि प्रत्येक घरमा करेसाबारीमा केही न केही अदुवाको बोटहरु हुन्छन् । उनीहरुको विश्वासमा अदुवाका वोटहरुलाई बाख्रा आदि जनावरहरुले छुन हुदैन । छोएमा त्यो अपवित्र हुन्छ अर्थात देवी देवताकोमा चढाउन योग्य हुदैन ।

राईहरु उनीहरुको साँस्कृतिक, धार्मिक पूजा आजामा अदुवा काट्दै चढाइन्छ । यो विधिमा अदुवालाई कर्दा अथवा खुर्पाले स-साना चोइटा निस्कने गरी काट्दै तोल्लामा ( केराको पात) पार्दछन् । यसलाई उनीहरु यारी वेङ्मा (कछुर हान्नु) भनिन्छ । राईहरु यारी वेङ्मालाई एक जोखाना हेर्न संकेतको माध्यमको रुपमा लिन्छन् । उनीहरु के विश्वास गर्दछन भने यारी वेङ्माले दुवै सकारात्मक र नकारात्मक अर्थ र संकेतहरु उनीहरुको जीवनमा दिने गर्दछ । जसमा अदुवाको काटीएको टुक्रा (चरित्र) उत्तानो वा घोप्टो पर्नुसंग

हुन्छ ।

नाक्छोडले काट्दै केराको पातमा हुत्याएको अदुवाको चोइटो उत्तानो परेमा त्यो समुदायमा सकारात्मक संकेतको रुपमा लिन्छन् । जसले उनीहरुको वाली नाली सप्रने, अन्नको सह रहने, सुख शान्ती जीवनमा छाउने, वस्तुभाउ पालनमा सम्वृद्धि हुने, परिवारको आम्दानी बढ्ने, इस्टमित्र, भाइ बन्धुमा राम्रो हुने संकेत दिन्छ । अर्थात कछुर कटाई उत्तानो भएमा सकारात्मक पक्षको चिन्ह हो जसले जीवनको व्यावहारको हरेक पक्षमा सकारात्मक, खुशी, शान्तीको उपस्थितिको संकेत गर्दछ ।

घोप्टो कछुर कटाइ (देङसुयारी) प्रतिको उनीहरुको विश्वास देवीदेवतालाई पूजा गर्दा पनि भावी र वर्तमान जीवन यापन कार्य व्यावहारको सफलता र सम्वृद्धिको आग्रह गर्दछ । त्यसमा देवीदेदताको साथ रहोस भन्ने विश्वास लिइन्छ । उनीहरुको यो प्रार्थना देवी देवताले सुने की सुनेन भनेर खुट्याउन कछुर काटिन्छ । यो एक जोखाना हेर्ने माध्यम हो । यसरी नाक्छोडले काटेर हुत्याएको अदुवाको कछुर घोप्टो परेमा यसलाई राई समुदायमा अशुभको संकेतको रुपमा लिइन्छ । घोप्टो कछुर (देङसु यारी) ले जीवन व्यावहार, खेतीपाती, व्यावसायमा नोक्सान हुने, अनिष्ठ हुने, दुःख पीरहरु थपिने, असफलता बढ्ने, अशान्ती छाउने जस्ता विविध नकारात्मक संकेत दिन्छ । यसले देवीदेवता खुशी नरहेको र त्यसले राई समुदायलाई संरक्षण नगरेको रुपमा लिइन्छ वा उनीहरु आफैले देउता चिढाउने कार्य गरेको संकेतको रुपमा पनि लिइन्छ ।

यसरी एकै अदुवाको टुक्रा वा चोइटा उत्तानो वा घोप्टो पर्नाले राई जीवन पद्धतीमा धेरै फरक र गहिरो विपरीत ध्रुवको अर्थ र संकेत दिन्छ । जुन चुम्बकमा दुई ध्रुव जतिकै मात्रामा फरक चिन्हको रुपमा लिइन्छ । उनीहरु उत्तानोलाई शुभ संकेत वा पवित्र र घोप्टो कछुरलाई अशुभ वा खतराको संकेतको रुपमा लिइन्छ ।

### ५.३.२.३ तोत्ला (केराको पात)

राई समुदायमा केराको पातको छुट्टै र महत्वपूर्ण स्थान रहेको छ । राईहरुको पूजाआजा धर्म संस्कारको अधिकांस कार्यमा केराको पात अनिवार्य जस्तै छ । यसलाई पूजा गर्ने वेदीमा केराको पात बिछ्याइन्छ । त्यस्तै साकेन्वा पूजामा पनि आवश्यक आकारको मात्रामा वेदीमा केराको पात ओछ्याइन्छ । जुन पातमा खाना/अक्षेता देवीदेवता तथा पिता पूर्खालाई चढाउनका लागि राखिन्छ । यसरी केराको पात पूजा वेदीको एक महत्वपूर्ण भाग हो । यसले आदिम मानव सभ्यताको शुरुवातमा मानवले प्रयोग गरेको उपयोगी साधनको

रुपमा संकेत गर्दछ । जुन समयमा मानव समुदायले पातलाई खानेकुरा राख्ने थालको रुपमा वा बिछ्याउना (बिछ्याएर बस्ने) आदिको रुपमा प्रयोग गर्दथे । साथै केराको पातलाई बारम्बार प्रयोग गरिन्दैन । तर पूजा आजा र उनीहरुको विभिन्न संस्कारहरु गर्दा अनिवार्य रुपमा चाहिन्छ । प्रत्येक पूजामा अनिवार्य रुपमा प्रयोग हुनाले यसले पवित्रता, चोखो वस्तु ( थाल) को रुपमा राईहरुले लिने गर्दछन् । यसरी केराको पातले मानवको शुरुवाती सभ्यता र पवित्रताको संकेतहरु बोक्छ भन्ने वारेमा उनीहरुको वीच एउटा किम्बदन्ती रहेको पाइन्छ ।

उक्त किम्वदन्ती अनुसार, मान्छेको उत्पतिको समयमा सुम्निमासँग पारुहाङ्ग रिसाएर उनले पृथ्वीमा भएका हरिया वस्तुहरुलाई मृत बनाए । यसपछि सुम्निमा खानाका लागि यताउता हिड्न थालिन । काही केही पनि पाउन सकिन । अन्त्यमा, उनले केहि केराको वोटहरु भेटाइन । तिनै केराको वोटहरु काटेर खान थालिन । परिणाम स्वरुप, उनले आफुलाई वचाउन सफल भइन । यसैले गर्दा आज पनि यहाँका बान्तवा राईहरुले केराको पातलाई जीवनदाताको रुपमा पूजा गर्ने गर्दछन र हरेक चाडपर्व तथा संस्कारहरुमा देवी देवता वा पितृ आत्मालाई खानेकुरा चढाउदा केराको पात प्रयोग गर्ने गरेको वताए । यसै प्रकारको किम्वदन्ती पौड्याल (२००९) को लेखमा पनि पाइन्छ ।

### ५.३.२.४ सोलोन्वा (मर्चा, पानीले भरिएको चिण्डो)

वान्तवा राईहरु आफ्नो धर्म संस्कारमा र विशेषगरि साकेन्वा पूजामा पानी राख्ने भाँडो बनाइएको चिण्डो पनि अनिवार्य जतिकै रुपमा नाक्छोडले प्रयोग गर्ने गर्दछन् । यो विशेषत पानी राखेर देवी देवतालाई अभिषेकका रुपमा चढाउनको लागि प्रयोग गरिन्छ । यो पानी चढाउने विधिले सम्मान र श्रद्धाको संकेत गर्छ । त्यस्तै पानीले शितलता र शान्तिको कामना र आशाको प्रतिबिम्ब बोकेको हुन्छ । अर्को तिर चिण्डोको प्रयोगले मानव समुदायको सभ्यता विकासमा ऐतिहासिक कालखण्डमा मानिसले प्रयोग गर्ने सरल किसिमका भाडा वर्तनको प्रयोगले यस्ता विधि र संस्कारको ऐतिहासिकतालाई पनि प्रतिविम्बित गर्दछ । मर्चा एक बनस्पतिहरुको र अन्नको मिश्रणबाट बनाइन्छ । यो जाँड बनाउन चाहिन्छ । तर साकेन्वामा प्रयोग गरिने मर्चा र पानीले त्यही राई समुदायमा बनाइने जाँडको संकेत हो । अथवा राईहरुको देवी देवताले पनि माद मदिरा खान्छन् । तर त्यो जाँडनै नभएर जाँडको प्रतीकको रुपमा मर्चा पानी चढाउने गर्छन् । यसरी चिण्डोलाई भाँडाको र मर्चा पानीलाई जाँडको संकेत वा प्रतीकको रुपमा प्रयोग गर्ने गर्छन् ।

**५.३.२.५ मुकुमसिरि (चामल, अक्षेता)**

राई वान्तवा जातिमा साकेन्वा पूजा गर्दा धानको चामल अनिवार्य चाहिन्छ । यसलाई नाक्छोङले मन्त्र उच्चारण गर्दै देवतालाई चढाउँछन् । चामल वा अक्षेतालाई देवी देवतालाई खाना वा भोजनको रुपमा चढाउँछन् । जुन समर्पणको प्रतीक हो भने अर्को तिर यो नाक्छोङहरुको हतियारको रुपमा प्रयोग गर्छन् । जसलाई मन्त्र जपेर जीउ बाँध्ने, प्रेत आत्मालाई भगाउने हतियारको रुपमा प्रयोग गर्छन् । यस अर्थमा चामललाई दुई अर्थ दिने रुपमा प्रयोग गरिन्छ । एक भोजन र अर्को हतियारको रुपमा । चामललाई राई जातिको साकेन्वामा यसरी विविध अर्थहरु बोकेको छ ।

**५.३.२.६ वापा (भाले वलि)**

साकेन्वा पूजामा राई जातिहरुले भालेको वलि दिन्छन् । साकेन्वा वाहेक अरु पूजा आजामा पनि भालेको वलि दिने गर्दछन् । उनीहरुको विश्वासमा देवतालाई खुशी पार्न र सुख शान्तीको प्रगतिको कामनाको लागि नाक्छोङले भालेको वलि दिन्छन् । राई जातिमा के विश्वास रहेको छ भने यदि राईहरुका देवी देवता रिसाए भने वा असन्तुष्ट भएमा मान्छेलाई दुःख विमारहरु हुने, घाउ, खटिरा आउने गर्दछ । यसबाट मुक्ति पाउन तथा देवी देवतालाई सन्तुष्ट पार्न पनि वलि दिने गर्छन् । जसमा ज्यानको साटो ज्यान, सासको साटो सास दिएको मान्छन् । यसरी भालेलाई मान्छेको ज्यान वा आत्मा वा सास को प्रतीकको रुपमा राईहरुले लिन्छन् ।  रगतलाई आँखि डाहीको प्रतीक रुपमा लिन्छन् । त्यसैले आँखी डाही नलागोस भनेर वलिदिएर रगत चढाउछन् । अर्कोतिर वलिलाई देवी देवताको मिष्ठानको रुपम पनि लिइन्छन् । त्यसैले देवी देवतालाई वलि दिएको भालेको पकुवा पनि चढाइन्छ । जुन देवताको भाग वा उसको भोजनको रुपमा र खुशी पार्न दिइएको विश्वास गर्छन् । अर्कोतिर यस वलि पूजाले अप्रत्यक्ष रुपमा भने पूजा आयोजना गर्नेहरुलाई पनि भोजन वा मासु उपलब्ध गर्छ । यसैले पूजा गर्नु भनेको खाली देवी देवतालाई रिजाउनुको अलावा आफुले पनि भोजन प्राप्त गर्नु हो भन्ने ठान्छन् राईहरु । यसरी भाले वलि दिने साकेन्वा पूजा र अन्य पूजाले राई समुदायमा अनेक अर्थहरु र त्यसको अनेक प्रतीकहरु रहेका हुन्छन् ।

**५.३.२.७ वाहिखाङ्ग (चिप्ले कटुसको सेउली)**

राई जातिको साकेन्वा पूजामा नाक्छोडले अनिवार्य रुपमा कटुसको सा-साना सेउलाको मुठा बानेको प्रयोग गर्छन् । सेउला जीवनको प्रतीक ताजगीको संकेतको रुपमा लिन्छन् । त्यसैले सेउला हरियो ताजा हुनु पर्छ । ओइलाएको वा सुकेको सेउला प्रयोग गर्दैनन् । किनकि तिनले जीवन र ताजगीको प्रतिविम्बित गर्दैन । त्यस्तै पूजाको समयमा नाक्छोङ वा राई समुदाय माथि आइ पर्ने दुष्ट वा प्रेत आत्माबाट सुरक्षित रहन र राख्न ती आत्मालाई भगाउन पनि सेउलीको प्रयोग गर्छन् । यसले दोहोरो अर्थहरु जस्तोः जीवन र जीवन बचाउने औजार वा हतियारको, रुपमा दिन्छ ।

माथिका विभिन्न बस्तुहरुको प्रयोग राई समाज भित्र गरिने संस्कारहरुमा महत्वपूर्ण वस्तुको रुपमा प्रयोग गरिन्छ । यस्ता वस्तुहरुको अर्थ एउटा मात्र नभएर विभिन्न सांकेतीक अर्थहरु रहेको पाइन्छ । जसरी भिक्टर टर्नर (१९६८) ले डेम्बु जनजाति संस्कारहरुमा रुखलाई प्रतीकको रुपमा मानी विभिन्न प्रतीकात्मक अर्थहरु रहेको बताए । त्यसरी नै राई जातिहरुमा पनि विभिन्न किसीमका संस्कृति तथा चाडपर्वहरु मनाउने गरेको पाइयो । ती सँस्कृति तथा चाडपर्वहरुमा प्रयोग गरिने प्रत्येक वस्तुहरुले एउटा मात्र अर्थ नभई वहुअर्थी हुने गर्दछ ।

# अध्याय छ

## अध्ययनको निष्कर्ष

### ६.१ निष्कर्ष

यो अनुसन्धान भोजपुर जिल्ला थिदिंखा गा. वि. स. वडा नं. ६ मा वसोवास गर्ने बान्तवा राई जातिको महत्वपूर्ण चाड साकेन्वा र यस चाडमा प्रयोग गरिने विभिन्न प्रकारका वस्तुहरुको अर्थ सांकेतीक/प्रतीकात्मक दृष्टिकोणवाट अध्ययन गरिएको छ । यो अनुसन्धान दुई वटा उदेश्यहरुमा केन्द्रित रहेको छ । पहिलो उदेश्य, साकेन्वा चाडले बान्तवा राईको सामाजिक साँस्कृतिक महत्व बारे प्रकाश पार्ने र दोस्रो उदेश्य, साकेन्वा चाडमा प्रयोग गरिने वस्तुहरुको सामाजिक-साँस्कृतिक प्रतीकात्मक अर्थहरु केलाउने ।

यो अध्ययन सांकेतीक सिद्धान्तबाट गरिएको छ र यस सिद्धान्तका अनुसार चाडपर्व, संस्कारहरुमा गरिने क्रियाकलाप र त्यसमा प्रयोग गरिने विभिन्न प्रकारका वस्तुहरुको अर्थ खोज्नु पर्दछ । ती वस्तुहरुले एउटा मात्र अर्थ नदिई विभिन्न प्रकारका अर्थहरु दिने गर्दछ । त्यसैले यो वहुअर्थी हुन्छ । यस अनुसन्धानमा पनि बान्तवा राई जातिले मनाउने साकेन्वा पर्व र त्यस पर्वमा प्रयोग गरिने वस्तुहरुको अर्थ खोज्ने प्रयास गरिएको थियो ।

विभिन्न नामले बोलाईने साकेन्वाको अर्थ शिला हो । शिलाको रुपमा ढुङ्गालाई राई जातिले साकेन्वामा पूजा गर्ने गर्दछन् । शिला भनेको राई जातिको देवता हो । शिलालाई सृष्टिकर्ता (पारुहाङ र सुम्निमा), जीवनदाता (हेन्खामा र निनाम्मा), लगायत मृत पृतात्माहरुको प्रतीक मानि राई जातिहरुले पूज्ने गर्दछन् । बाहय रुपबाट हेर्दा साकेन्वालाई एउटा चाड वा पर्वको रुपमा लिई मनोरञ्जन गरी मनाइन्छ भने आन्तरिक रुपबाट हेर्दा साकेन्वासँग बान्तवा राई जातिको आर्थिक, सामाजिक-साँस्कृतिक संस्कार र प्रकृतीसँग जोडिएको देखिन्छ ।

मेरो अध्ययनले के देखाउछ भने यो पर्व वर्षमा दुईपटक वैशाखे पूर्णिमा र मंसीरे पूर्णिमामा पूजिने साकेन्वा पूजामा चुल्हो पूजाको माध्यमबाट आफ्ना पितृदेवहरुको पूजा आराधना गर्ने गर्दछन् । वैशाखे पूर्णिमा ( उभौली) र मंसीरे पूर्णिमा (उधौली) गरी पूजिने यस पूजामा ऋृतु परिवर्तनसँगै नयाँ आर्थिक क्रियाकलापमा संलग्न हुनुपर्ने सोचको रुपमा लिन सकिन्छ । उभौली साकेन्वा पूजामा नयाँ अन्न बालीको राम्रो उत्पादनको कामना स्वरुप हेन्खामा (धर्तीमाता) लाई पूजाआजा, आराधना, राम्रो अन्नबाली उत्पादनको प्रार्थना गर्ने गरिन्छ । यसका अलावा गाउँ घरमा रोगब्याधी नलागोस्, समयमा वर्षात होस्, घर,

परिवार गाउँघर, देश पदेश सबैमा सुब्यफाब्य होस् भन्ने प्रार्थना गर्ने गर्दछन् । यसबाट समग्रमा राई समुदायको आर्थिक उन्नति प्रगति होस् भन्ने अर्थ दिन्छ । त्यस्तै उधौली साकेन्वा पूजामा पाकेको अन्नबालीहरु थन्काउने समय अर्थात् मंसिरे पूर्णिमामा गरिन्छ । यस बेलाको पूजामा अन्नबालीको सहकाल रहोस्, समयसम्म अन्नबालीले खान पुगोस् भन्दै प्रथम पिता पूर्खाहरुलाई अन्नबाली चढाई उपभोग गर्ने गरिन्छ ।

यस पूजामा विभिन्न प्रकारका वस्तुहरुको प्रयोग गरिन्छ । जस्तैः ढोल, झ्याम्टा, तरवार, सोलोन्वा ( मर्चा पानीले भरिएको चिण्डो), अदुवा, कर्दा अथवा खुर्पा, केराको पात, चिप्ले कटुसको सेउला आदिले वान्तवा राई सँस्कृतिमा भिन्ना भिन्दै अर्थहरु दिने गर्दछ । जस्तैः ढोल, झ्याम्टालाई साकेन्वा नाचँ नाच्दा मनोरञ्जनको साधनको रुपमा प्रयोग गरिन्छ । धनुषकाड, तरवार नाक्छोङको हतियारको रुपमा प्रयोग गर्दछन् । त्यसैगरी अदुवाले राई संस्कृतिमा जोखाना हेर्नको लागि प्रयोग गरिने वस्तुको रुपमा प्रयोग गरिन्छ । त्यसरी नै देवी देवतालाई अभिषेकका रुपमा चढाउनको लागि चिण्डो, मर्चा पानीको प्रयोग गरिन्छ । त्यस्तै साकेन्वा पूजामा गरिने प्रमुख पूजा नै हेन्खामा धर्तीको पूजा हो । यस समुदायले गर्ने हेन्खामा पूजाले प्रकृती नै मानव जीवनको जीउने आधार हो, आज मानव समुदायले जे क्रिया प्रतिक्रिया गर्दछन्, यसै धर्तीमाथि गर्दछन्, यदि धर्ती रहन त यहाँ केही चीज वस्तुहरु रहन्न त्यसैले धर्तीमाता हाम्रो जीवनदाता हुन् जसको हामीले संरक्षण र सदुपयोग सही तरिकाले गर्नु पर्छ भन्ने अर्थ दिन्छ ।

साकेन्वा पूजा एकातिर प्राकृतिक नियमका सिद्धान्तसँग सम्बन्धित देखिन्छ भने अर्कोतिर यसमा नाचिने साकेन्वा सिलीहरु र परम्परागत धार्मिक, साँस्कृतिक, सामाजिक कार्यहरुले यस जातिलाई उसको ऐतिहासिक कालखण्डसँग सम्वन्ध रहेको संकेत गर्दछ । यस चाडमा विभिन्न सिलीहरुमा विशेष व्यक्ति नाक्छोङ वा नाक्छोङमाको निर्देशनमा गोलो बृताकार घेरामा बृद्ध बृद्धा, बालबालिका, युवा युवतीसँगै साकेन्वा नाच नाचिने गर्दछन्, जसले यस समुदायमा सामुहिक एकताको संकेत गरिरहेको पुष्टि हुन्छ । नाक्छोङले गरेको नक्कल वा संकेतले किराँत इतिहासलाई झल्काउने गर्दछ । सिलीमा किराँत पूर्खाहरुले वाटो बनाएको, भष्मे फाडेको, कपास छरेको, वीउ छरेको, अन्नवाली लगाएको, तान बुनेको, जंगली जनवारहरुको नक्कल गरेको, चराचुरुङ्गीहरुको नक्कल गरेको आदि आउँदछन् । यसरी सिलीमा आउने अनगिन्ति कार्यहरुले मानव इतिहास वा किराँत इतिहासलाई उजागर गर्ने गरेको पाइन्छ । वाहिरबाट झलक्क हेर्दा नाचिरहेको, रमाइलो गरिरहेको देखिन्छ । तर ती

चाल वा नचाइमा किराँत पिता पूर्खाहरुको जीवन यापन कार्य, रहन सहन ऐतिहासिक विकास क्रम र विभिन्न काल खण्डको घट्नाक्रम आदिलाई संकेत गरेको पाइन्छ । त्यसैले साकेन्वा सिलीलाकलाई किराँतीहरुको जीवीत इतिहासको रुपमा लिन सकिन्छ

## सन्दर्भग्रन्थ सूची

### नेपाली


खत्री र दाहाल, (२०४४), *नेपाली सँस्कृति र सभ्यता,* एम के प्रकाशन र वितरण भोटाहिटी, काठमाण्डौं ।

चेम्जोङ, इमानसिंह (२०६३), *किराँत इतिहास र संस्कृति,* अनामनगर, काठमाडौं ।

थुलुङ्ग, नारदमणि (२०४२), *किराँतको नाली बेली,* श्रीमती अंगुर कन्दङ्वा प्रकाशक, विराटनगर ।

बराल, भवानी (२०६४), *लिम्बुवानको राजनीति, इतिहास, वर्तमान र दस्तावेज,* भिजन अफसेट प्रेस, काठमाडौं ।

विष्ट, डोरबहादुर (२०५५) *सबैजातको फुलबारी,* (सातौ संस्करण) साझा प्रकाशन, काठमाडौं ।

बुढामगर, हर्ष बहादुर (२०४९), *किराँत वंश र मगरहरु : एक ऐतिहासिक अध्ययन,* श्रीमती : उन्नति बोहरा प्रकाशक, काठमाडौं ।

मुकारुङ, शुभ (२०६५), *किराँत राई जाति र मुन्दुमी सामग्री,* श्रीमती अम्विका राई प्रकाशक, बागवजार, काठमाडौं ।

मुकारुङ्ग, राजन (२०६१), *किराँत संस्कार,* साथी प्रकाशन, बागबजार, काठमाडौं ।

तामाङ, दुपवाङगेल (२०५९) *तामाङ जातिको महान चाड ल्होछार,* तामाङ संस्कृति अध्ययन तथा अनुसन्धान केन्द्र, काठमाडौं ।

राई, टंकबहादुर (२०६०), *किराँतहरुको धर्म र संस्कृति,* काठमाडौं ।

राई, बम बहादुर (२०६५), *पौराणिक किराँत इतिहास,* हसि प्रकाशन सेतो दरवार, काठमाण्डौं ।

राई, राजेश (२०६२), *किराँती लोक कथा संग्रह,* काठमाडौं ।

राई सन्तकुमार (इशासा) (२०५५), *दोवाङदुम समकालीन,* किराँत राई यायोक्खा केन्द्रीय कार्यालय समिति कोटेश्वर, काठमाडौं ।

राई र राई, (प्रतिवेदन,२०६५), "लोपोन्मुख स्यामुना साकेन्वा सँस्कृतिको एक अध्ययन," बान्तवा अनुसन्धान प्रतिष्ठान, काठमाडौं ।

वालाखाम्छा, निर्दोष (२०४९), *भोजपुरः साकेला एक परिचय,* प्रतिबोध प्रिन्टिङ्ग प्रेस, काठमाडौं ।

शर्मा, जनकलाल (२०३९), *हाम्रो समाज एक अध्ययन,* साझा प्रकाशन, काठमाडौं ।

सिंह, जी. पी (१९९०), *प्राचिन भारतमा किराँतहरु,* अचला भगवती प्रकाशन, भारत ।

स्वामी, प्रपन्नाचार्य (२०६४), *वेदमा के छ ?,* साझा प्रकाशन, पुल्चोक, ललितपुर ।

श्रेष्ठ, शिव कुमार (२०४७), *किराँती लोक कथाहरु,* गुनिलो प्रकाशन, काठमाण्डौं ।

हतुवाली, चन्द्रकुमार (२०५६), *साकेन्वालाकको उत्पति,* पारु अफसेट प्रकाशन,दिल्ली वजार, काठमाण्डौं ।

हतुवाली, चन्द्रकुमार (२०६५), *किराँत राई जातिभित्रका केही विशेष संस्कृतिहरु,* शब्दघर अफसेट प्रकाशन, काठमाडौं ।

हतुवाली, चन्द्रकुमार (२०६४), *साकेन्वा,* बान्तवा अनुसन्धान प्रतिष्ठान प्रकाशक, काठमाडौं ।

**English**

Dahal, D. R. 1985. *An Ethnogrphic Study of Social Change among, Athpahariya Rai of Dhankuta.* Centre for Nepal and Asian Studies, tribhuwan University, Kathmandu.

Douglas, M. 1966. *Purity and Danger* : *An Analysis of the Concepts of Pollution and Taboo.* Routledge: London and New York.

Greertz, C. 1973. *The Interpretation of Culture.* New York : Basic Books.

Holmberg, D. 1989. *Order In Paradox: Myth, Ritual and Exchange among Nepal's Tamang,* Cornal University Press, USA.

Nepali, G. S. 1965. *The Newar: An Ethno- Sociological Study of a Himalayan Community.* United Asian Publication, Bombay.

Ortner S. B. 1978. *Sherpas Through Their Rituals:* Cambridge University Press, Cambridge.

Paudel, J. M. 2009. "Cultural Understanding of Non-Timber Forest Products: Among the Bahuban Community People of Eastern Nepal," *in Occasional Papers in Sociology/ Anthropology*. 11: 126-147.

Schneider, D. M. 1968. *American Kinship: A Cultural Account.* Prentice Hall, New Jersey.

Regmi, R. R. 1991. *The Dhimal Miraculous Migrats of Himal.* Niral Book Publication, New Delhi

Ritzer, G. 2000. *Sociological Theory*. Mc Grow-Hill International Edition, New York.

Turner, V. 1988. "Passagees, Margins, and Poverty: Religious Symbols of Communitas" in P. Bohannan and M. Glazer, (eds) *Highpoints in Anthropology* (2nd edition). Knopf. pp. 503 - 528.

Turner. V. 1968. *The Drums of Affliction: A Study of Riligious Processes among the Ndembu of Zambia.* Hutchinson University Library for Africa. International African Institute and Uni, London.

## अनुसूचि –१

### बान्तवा राई – नेपाली शब्दावलीहरु

| बान्तवा राई | | नेपाली |
|---|---|---|
| किवा | – | बाघ |
| केन्छरवा | – | पूजारीको सहयोगी |
| केन | – | ढोल |
| खस्सा | – | मृग |
| चाक्वा | – | पानी |
| चोङ्गे | – | बाँसको ढुङ्ग्रो |
| चालिम | – | अन्नबालीको बोटबिरुवा |
| चासुम | – | अन्नवालीको सह |
| चासुमलुङ्ग/दिवालुङ्ग | – | मुलुचुल्हो |
| छेक्खालुङ्ग | – | चुल्होको वार ढुंगा |
| छेन्वी | – | पैसा |
| भेक्वाआ | – | भालेचरा |
| तोत्ला | – | केराको पातको टुप्पो |
| तालेत | – | गुलेली |
| थेत्लुम | – | नाचगान गर्ने थलो वा ठाउँ |
| दक्छालुङ्ग | – | दाजुभाइ चुल्हो |
| दिमालुङ्ग/छेत्कुलुङ | – | पाहुना वा छोरी चेली चुल्हा |
| दोङदावा | – | उधौली |
| दोङवाङा | – | उभौली |
| दोलो | – | श्रीपेच |
| नाक्छोङ्ग | – | धामी/पूजारी |
| नारावा | – | भालु |

| | | |
|---|---|---|
| निनाम्मा | – | आकाश, सूर्य भगवान् |
| प | – | सर्प |
| पाछ्रा | – | उपथर |
| पारुहाङ्ग | – | शिवजी |
| भाक् | – | सुँगुर |
| भे | – | तीर |
| माक्वाआ | – | कलचुडा |
| माङछामा | – | कुलदेवता |
| मानाकेन | – | भ्याम्टा |
| मी | – | आगो |
| मुकुमसिरि | – | अछेता चामल |
| लाक | – | साकेन्वामा नाचिने नाच |
| वान्छोक | – | हतियार/तरवार |
| वापा | – | भाले कुखुरा |
| वाबुब | – | चिन्डो |
| वामा | – | पोथी कुखुरा |
| वारिहुत | – | कचहरी |
| वासाङ | – | पंक्षीको प्वाँख |
| वाहिखाङ्ब | – | चिप्लेकटुसको स्याउला |
| वुचुकुलुक | – | माटोको हाँडी |
| वेछुक | – | अदुवा |
| सिली | – | साकेन्वा नाच नाच्दा गरिने हातखुट्टाको चाल र हाउभाउ |
| सकयक्वा | – | घुङरिङ |
| सुन्तुम | – | सृष्टिकर्ता |
| साप्टेन | – | गाउँ |
| साया | – | शिर |
| सायाताली | – | धनुकाँड |

| | | |
|---|---|---|
| सुम्निमा | – | पार्वती |
| सोलोन्वा | – | चोखो जाँड भरेको चिन्डो |
| सोहोन | -- | समाज |
| हुत्लुङ्ग | – | अगेना/अगेनाको चुल्हो |
| हेन्खामा | – | धर्ती |

# अनुसूची २

**प्रश्नहरु: जानकार व्यक्ति र सामूहिक छलफलका लागि तयार पारिएको प्रश्नहरुको सूची**

१. साकेन्वा चाड भनेको के हो ?

.....................................................................................................

२. साकेन्वा चाडको उत्पत्ति कहिले र कसरी भएको हो ?

.....................................................................................................

३. साकेन्वा पूजा किन गरिन्छ ?

.....................................................................................................

४. तपाईको घर परिवारमा साकेन्वा चाडको बारेमा के धारणा रहेको छ ?

.....................................................................................................

५. तपाईले साकेन्वा चाडलाई कसरी मनाउनु हुन्छ ?

.....................................................................................................

६. साकेन्वा चाडले राई समुदायहरुमा कस्तो किसिमको सामाजिक, साँस्कृतिक सम्वन्ध स्थापना गरेको छ ?

.....................................................................................................

७. साकेन्वा पूजा गर्दा कुन विधि अपनाइन्छ ?

.....................................................................................................

८. साकेन्वामा कुन कुन वस्तुहरुको प्रयोग गर्नु हुन्छ ?

.....................................................................................................

९. ती वस्तुहरुको प्रयोग गर्नुको प्रतीकात्मक अर्थ के होला ?

..........................................................................................

१०. उधौली सेवा, प्रकृती र राई समुदायबीचको सम्बन्ध के छ ?

..........................................................................................

११. साकेन्वा चाडको साँस्कृतिक महत्व के छ ?

..........................................................................................

१२. पितृ तथा प्रकृतीलाई पुज्नुको अर्थ  के हो ?

..........................................................................................

१३. सिली भनेको के हो ?

..........................................................................................

१४. सिलीको उत्पत्ति कहिले र कसरी भएको हो ?

..........................................................................................

१५. सिली कति किसिमको हुन्छ ?

..........................................................................................

१६. सिलीले के लाई संकेत गर्दछ ?

..........................................................................................

१७. साकेन्वा नाच नाच्दा कुन-कुन सिलीहरुको प्रयोग गरिन्छ ? र तिनीहरुको अर्थ के के हुन सक्छ ?

..........................................................................................

# अनुसूची ३

## फोटोहरु



**चित्र १.** साकेन्वा थानमा रहेको सबभन्दा पुरानो घण्टी



**चित्र २.** साकेन्वा थान



**चित्र ३.** बान्तावा राईहरु साकेन्वा नाँच नाच्दै



**चित्र ४.** साकेन्वा थानमा पूजा गर्ने तयारी गर्दै



**चित्र ५.** सकेन्वा थानमा पुजारीले कुखुरा बली दिदै



**चित्र ६.** सोधकर्ता सामुहिक छलफल गर्दै



**चित्र ७.** नाक्छोङ (पुजारी) पूजाको भेषभूषामा